सुरक्षित भविष्यको लागि सञ्चय कोषको व्यवस्था गरौं ।

# वार्षिक प्रतिवेदन

## २०७१/७२

## कर्मचारी सञ्चय कोष

पुल्चोक, ललितपुर



सञ्चालक समितिको मिति २०७२।०९।२५ (बैठक नं. १४०१) को एक दृश्य ।

# अध्यक्षको मन्तव्य



राष्ट्रसेवक कर्मचारीहरुको अवकाशमय जीवनमा आर्थिक सुरक्षा प्रदान गर्ने मूल उद्देश्यका साथ स्थापना भएको कर्मचारी सञ्चय कोषले त्रिपन्न वर्ष पूरा गरिसकेको छ । विक्रम सम्वत् १९९१ मा सैनिकको मासिक तलबबाट केही रकम कट्टी "सैनिक द्रव्य कोष"मा जम्मा गर्ने ऐतिहासिक कार्यबाट सेवा प्रारम्भ गरेको यस संस्थाले हाल आएर करीब ५ लाख २५ हजार सञ्चयकर्ताको सञ्चय कोषको व्यवस्थापन गरी स्वःआर्जनबाट विविध सामाजिक सुरक्षा प्रदान गर्दै आइरहेको छ र यसलाई निरन्तरता दिन कोष सक्षम पनि छ ।

कानूनतः कर्मचारीहरुको मासिक तलबबाट कट्टी भई रोजगारदाताबाट थप गरिने संकलित रकम नै यसको मूल स्रोत हो । सुरक्षा र प्रतिफलको सन्तुलन गरी उक्त स्रोतको परिचालनबाट प्राप्त प्रतिफल सञ्चयकर्ताकै हितमा उपयोग गर्ने यस संस्थाको मूल उद्देश्य रही आएको छ । यही उद्देश्य अनुरुप यस कोषका कार्यहरु सञ्चालित छन् । यो संस्था सञ्चयकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने देशकै एक मात्र सामाजिक सुरक्षा संस्थाको रुपमा स्थापित गर्न सफल भएकोमा सञ्चालक समितिको अध्यक्षको हैसियतले र एक सञ्चयकर्ता भएको नाताले मलाई गौरव महशुस भएको छ । देशकै एक मात्र सामाजिक सुरक्षा प्रदायक संस्थाको रुपमा स्थापित यस संस्थाले संगठित क्षेत्रका कर्मचारीको सञ्चय कोष व्यवस्थापन गर्ने कार्यमा मात्र आफूलाई सीमित नराखी निजी तथा असंगठित क्षेत्रमा रहेका कामदार कर्मचारीहरु समेतलाई आफ्नो दायरामा ल्याउनु नितान्त आवश्यक भैसकेको छ । यही तथ्यलाई दृष्टिगत गरी मौजुदा कर्मचारी सञ्चय कोष ऐन, २०१९ संशोधनको क्रममा छ ।

सम्मानित संसदमा विचाराधीन रहेको यस सम्बन्धी विधेयक पास भएपछि देशमा योगदानमा आधारित निवृत्तिभरण योजनाको थालनी भई स्वरोजगारहरु, वैदेशिक रोजगारमा रहेका कामदारहरु एवम् असंगठित क्षेत्रमा कार्यरत कामदार/कर्मचारी समेत कोषको दायरामा समेटिन सक्ने हुँदा यस संस्थाको कार्यक्षेत्र र सञ्चयकर्ताको दायरा दुवै बढ्ने विश्वास लिएको छु ।

हाल कर्मचारी सञ्चय कोषले करीब दुई सय अर्ब भन्दा बढी स्रोत परिचालन गर्दै आइरहेको छ । दीर्घकालीन पूँजी निर्माणका माध्यमबाट देशको आर्थिक विकासमा योगदान गर्ने र सञ्चयकर्तालाई सामाजिक सुरक्षा सुविधा प्रदान गर्ने दुवै जिम्मेवारी कुशलतापूर्वक पूरा गर्नु यस संस्थाको दायित्व र चुनौती पनि हो ।

कुशल व्यवस्थापकीय मूल्य र मान्यता, संस्थागत सुशासन र आन्तरिक नियन्त्रण प्रणालीका माध्यमबाट मात्र यस्तो दायित्व निर्वाह गर्न र चुनौतीहरुको सामना गर्न सकिने तथ्यलाई दृष्टिगत गरी कोषका काम कारबाहीहरु यसतर्फ अगाडि बढिरहेका छन् । यस कार्यमा कोष व्यवस्थापन सबल र सक्षम छ भन्ने कुरामा विश्वास दिलाउन चाहन्छु ।

मुलुकको उर्जा संकट समाधान गर्न, इन्धन आपूर्तिमा देखिएको असहजता हटाउन, स्वदेशी लगानीमै जलविद्युत परियोजनाहरुको निर्माण गर्न र पर्यटन प्रर्बद्धन गर्नमा समेत कर्जाको माध्यमबाट यस संस्थाले विगतमा महत्वपूर्ण योगदान गरेकै हो । सोही भूमिकाको स्मरण गर्दै मुलुकको पूर्वाधार निर्माणमा यो संस्था सहयात्रीको रुपमा सँगै अगाडि बढ्न सक्दछ भन्ने विश्वास दिलाउन चाहन्छु ।

जग्गा प्राप्तिको असहजताका कारण सञ्चयकर्ता आवास योजना सञ्चालन गर्न सकिएको छैन । यद्यपि, कोषको स्वामीत्वमा रहेका जग्गाहरुलाई आयआर्जनको माध्यम बनाउने तर्फ ध्यान केन्द्रित गरिएको छ । कोषको भगिनी संस्थाको स्थापना गरी नेपाल सरकारको सहयोगमा देशका प्रमुख शहरहरुमा सञ्चयकर्ता आवास योजना कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउन कोष प्रयत्नशील छ ।

सञ्चयकर्ताहरुका लागि स्वास्थ्य सेवा अत्यन्त खर्चिलो भइरहेको सन्दर्भमा योगदानमा आधारित स्वास्थ्य बीमा योजना लागू गर्नु अपरिहार्य भैसकेको छ । कोषले विगतमा अध्ययन सम्पन्न गरी नेपाल सरकार समक्ष पेश गरेको यस सम्बन्धी अवधारणापत्रले मूर्तरुप लिने आशा गरेको छु ।

अन्त्यमा, सबैको सद्भाव र सहयोगमा यो संस्था अझ अगाडि बढ्न सक्छ भन्ने यथार्थलाई मनन गरी कोषको संस्थागत विकास एवं सुदृढीकरणमा सबैको सहयोग रहने अपेक्षा गर्दछु । नेपाल सरकार, सम्पूर्ण सञ्चयकर्ता, कोषका पूर्व एवं वर्तमान कर्मचारी, कर्मचारी संगठनहरु एवं सम्बद्ध शुभेच्छुकहरुबाट आगामी दिनमा अझ बढी सहयोग प्राप्त हुने विश्वासका साथ आभार व्यक्त गर्दछु ।

**श्री प्रेम कुमार राई**
**अध्यक्ष, सञ्चालक समिति**

# कर्मचारी सञ्चय कोष
# सञ्चालक समिति










१. **श्री प्रेम कुमार राई**
**सञ्चालक समिति अध्यक्ष**

सचिव, संस्कृति, पर्यटन तथा
नागरिक उड्डयन मन्त्रालय ।

२. **श्री प्रताप सिंह थापा**
**सञ्चालक**

प्रहरी अतिरिक्त महानिरीक्षक,
नेपाल प्रहरी ।

३. **श्री प्रकाश सिंह प्रधान**
**सञ्चालक**

प्राध्यापक/क्याम्पस प्रमुख,
शंकर देव क्याम्पस ।

Employees Provident Fund

# Board of Directors










**४. श्री लक्ष्मण अर्याल**
**सञ्चालक**

सहसचिव,
अर्थ मन्त्रालय ।

**५. श्री प्रकाश कुमार के.सी.**
**सञ्चालक**

सहायक रथी,
नेपाली सेना ।

**६. श्री कृष्ण प्रसाद आचार्य**
**सञ्चालक**

प्रशासक
कर्मचारी सञ्चय कोष ।

*पुनश्चः कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ ले कोषको सञ्चालन एवं नीति निर्माण तथा सुव्यवस्थापनको लागि ७ (सात) सदस्यीय सञ्चालक समितिको व्यवस्था गरेकोमा हाल १ जना सञ्चालकको पद रिक्त रहेको छ।*

### श्री प्रेम कुमार राई

श्री प्रेम कुमार राईले सन् १९९१ (वि.सं २०४८ साल) मा निजामती सेवामा उद्योग,वाणिज्य र आपूर्ति मन्त्रालयबाट प्रवेश गर्नु भई अर्थ,सामान्य प्रशासन, पर्यटन तथा संस्कृति, गृह, शिक्षा मन्त्रालयको साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत कार्यरत हुनुहुन्थ्यो । हाल वहाँ नेपाल सरकारको संस्कृति,पर्यटन तथा नागरिक उडयन मन्त्रालयमा सचिव (विशिष्ट श्रेणी) पदमा कार्यरत हुनुहुन्छ। वहाँले त्रिभुवन विश्व विद्यालयबाट Master in Business Adminstration (MBA), MPA र कानूनमा स्नातक तह शिक्षा हासिल गर्नु भएको छ।

उहाँले कोषको सञ्चालक समितिको अध्यक्षमा मिति २०७२/९/३ देखि प्रतिनिधित्व गरिरहनु भएको छ ।

# Brief profile of Board Directors
# सञ्चालकहरूको संक्षिप्त परिचय

### श्री प्रताप सिंह थापा

श्री प्रताप सिंह थापा नेपाल प्रहरीको Additional Inspector General मा कार्यरत हुनुहुन्छ। वहाँ नेपाल प्रहरीमा १९८६ मा प्रवेश गर्नु भएको थियो। विभिन्न जिल्लाहरुको सेवा अनुभवका साथै Municipal Police Directorate and CIAA मा समेत कार्यरत हुनुहुन्थ्यो। श्री थापाले यू.एन. मीशन, सुडान डाफर मा सेवा गर्नुका साथै मकाउ, चाईनाबाट समेत सेवा सम्वन्धि तालिम लिनु भएको छ। वहाँले Master in Business Adminstration (MBA), कानूनमा स्नातक तह शिक्षा हासिल गर्नु भएको छ। SAARC Memorial, गोरखा दक्षिण वाहु, वीरेन्द्र ऐश्वर्य पदकबाट समेत विभूषित हुनु भएको छ।

उहाँले कोषको सञ्चालक समिति सदस्यमा मिति २०६८/९/७ देखि प्रतिनिधित्व गरिरहनु भएको छ।

### प्रकाश सिंह प्रधान

श्री प्रकाश सिंह प्रधान त्रिभुवन विश्व विद्यालयका प्रोफेसर हुनुहुन्छ। हाल वहाँ शंकरदेव क्याम्पसको क्याम्पस प्रमुखको रुपमा कार्यरत हुनुहुन्छ। वहा त्रिभुवन विश्व विद्यालयमा ३३ वर्ष देखि अध्यापन अनुभवि व्यक्तित्व हुनुहुन्छ। उहाँले Master in Business Adminstration (MBA), तह सम्मको शिक्षा हासिल गर्नु भएको छ। हाल उहाँ नेपालको व्यवस्थापन क्षेत्रमा विशेषज्ञको रुपमा परिचित हुनुहुन्छ।

उहाँले कोषको सञ्चालक समिति सदस्यमा मिति २०७१/१०/८ देखि प्रतिनिधित्व गरिरहनु भएको छ।

### श्री लक्ष्मण अर्याल

श्री लक्ष्मण अर्यालले सन १९९५ फेब्रुअरी (वि.सं. २०५२ साल) मा निजामती सेवामा शाखा अधिकृतको रुपमा अर्थ मन्त्रालयवबाट शुरु सेवा प्रवेश गर्नु भएको थियो। राष्ट्रिय योजना आयोग, काठमाण्डौ महानगर पालिकाको Cheif and Executive Officer, प्रधानमन्त्रीको कार्यालय तथा मन्त्रीपरिषदको कार्यालयमा समेत वहाँ कार्यरत हुनुहुन्थ्यो। हाल वहाँ नेपाल सरकारको अर्थ मन्त्रालयमा सह-सचिव पदमा कार्यरत हुनुहुन्छ। वहाँले त्रिभुवन विश्व विद्यालयबाट Master in Public Adminstration (MPA) शिक्षा हासिल गर्नु भएको छ।

उहाँले कोषको सञ्चालक समिति सदस्यमा मिति २०७२/११/१३ देखि प्रतिनिधित्व गरिरहनु भएको छ।

### श्री प्रकाश कुमार के.सी

श्री प्रकाश कुमार के.सी. नेपाली सेनामा सहायक रथी पदमा कार्यरत हुनुहुन्छ।

उहाँले कोषको सञ्चालक समिति सदस्यमा मिति २०७२/०९/०९ देखि प्रतिनिधित्व गरिरहनु भएको छ।

### श्री कृष्ण प्रसाद आचार्य

श्री कृष्ण प्रसाद आचार्य पेशागत रुपमा चार्टर्ड एकाउण्टेण्ट हुनुहुन्छ। कोषको प्रशासको रुपमा उहाँलाई २०६९ देखि नेपाल सरकारले नियुक्ति गरेको थियो। वहाँ NIDC Development Bank र United Insurance Ltd. मा प्रमुख कार्यकारीको रुपमा सेवा प्रदान गरिसक्नु भएको छ।

२०६०/१२/०९ मा चार्टर्ड एकाउण्टेण्ट (तह ९) मा कोषको सेवामा प्रवेश गर्नु भएका श्री आचार्य २०६५/०२/२५ मा नायब मुख्य अधिकृत (तह १०)मा पदोन्नति हुनुभएको थियो। कोषको केन्द्रीय लेखा तथा खर्च विभाग, योजना, अनुगमन तथा मूल्यांकन विभाग लगायतका विभिन्न विभागमा विभागीय प्रमुखको रुपमा जिम्मेवारी अनुभव हासिल गरिसक्नुभएको छ। उहाँले Institute of Chartered Accountants of India बाट Chartered Accountant र त्रिभुवन विश्व विद्यालयबाट M. Phil. उत्तीर्ण गर्नु भएको छ।

# प्रशासकको मन्तव्य



नेपाल सरकार, संगठित संस्थाका कर्मचारीका साथै अन्य कर्मचारीहरुको निमित्त सञ्चय कोषको व्यवस्था गर्न विक्रम सम्वत् २०१९ भदौ ३१ गते कर्मचारी सञ्चय कोष ऐन, २०१९ जारी भई एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्थाको रुपमा वर्तमान कर्मचारी सञ्चय कोषको स्थापना भएको हो । आफ्नो स्थापनाकालको त्रिपन्न बर्ष पूरा गर्दा आजसम्म कोषले करीब ५ लाख २५ हजार सञ्चयकर्ताहरुको करीब दुई खर्बभन्दा बढी सञ्चित बचतलाई संरक्षण गरी प्रभावकारी रुपमा परिचालन गर्दै आएको छ । लगानी परिचालनबाट आर्जित उक्त प्रतिफलबाट सञ्चयकर्तालाई उचित ब्याजदर प्रदान गर्नुका साथै सञ्चयकर्ताको हितमा विभिन्न सामाजिक सुरक्षा सेवा प्रदान गर्दै आइरहेको छ । साथै, सञ्चयकर्ताको सेवाकालीन सामाजिक आवश्यकताका परिपूर्तिका लागि विविध सापटी सुविधाहरु समेत प्रदान गर्दै आइरहेको छ । राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भूमिकाद्वारा एक अन्तरराष्ट्रियस्तरको सामाजिक सुरक्षा संस्थाको रुपमा स्थापित गर्ने दूरदृष्टि आत्मसात गरेको कोषले आफ्ना सञ्चयकर्ताको सुरक्षित भविष्यतर्फ आफ्ना क्रियाकलापहरुलाई केन्द्रित गरेको छ ।

एकातर्फ संचयकर्ताको हितमा सामाजिक सुरक्षा प्रदान गर्दै आईरहेको छ भने अर्कोतर्फ संस्थागत सुदृढीकरण विना कोषको भविष्य उज्ज्वल नहुने भएकोले संचयकर्ताको सेवालाई गुणस्तरीय बनाउन र कार्य प्रणालीमा सुधार गरी लैजान संस्थागत सुशासन कायम गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित र मजबुत बनाउँदै लगेको छ। कोषका कारोवारहरुमा रहेको जोखिम न्यूनीकरणका विविध उपायहरुको अवलम्बन गर्दै सुरक्षा र प्रतिफल बीच सामान्जस्यता कायम गरी स्वीकृत लगानी नीतिको परिधिभित्र रही लगानी विविधीकरण गर्न सफलता नै हासिल भएको छ ।

कोषमा कार्यरत जनशक्तिलाई सम्पत्तिको रुपमा ग्रहण गरी त्यस्ता जनशक्तिको प्राप्ति र विकासका निमित्त निश्चित कार्य योजना सहित कोष अगाडि बढिरहेको छ। जनशक्ति

विकासका लागि मुनाफाको निश्चित अंश छुट्याई खर्च गरिने पद्धति प्रारम्भ भैसकेको छ ।

कोषको स्रोत परिचालनबाट प्राप्त प्रतिफल सामाजिक सुरक्षा सुविधाहरु सञ्चालन गर्न र सञ्चयकर्ताको हित एवं सुबिधा प्रबन्ध गर्न कोषलाई सफलता मिलेको छ । सेवाकालीन आवश्यकता पूरा गर्न प्रदान गरिने सापटी सुविधामा क्रमिक रुपमा सुधार गर्दै सञ्चयकर्ता सेवालाई सूचना प्रविधिमा आबद्ध गरी सकिएको छ। स्थानीय स्तरमा सेवा सुविधा प्रदान गर्न देशका विभिन्न भागहरुमा शाखा कार्यालयको स्थापना र सञ्चालन गर्नुका साथै वाणिज्य बैंकहरुबाट समेत त्यस्तो सेवा प्रदान गर्ने कार्य प्रक्रिया प्रारम्भ गरी सकिएको छ ।

नेपालको संविधानले प्रत्याभूत गरेको रोजगारी तथा सामाजिक सुरक्षाको हकलाई मूर्तरुप दिन निजी क्षेत्रका कामदार कर्मचारी, स्वरोजगारमा रहेका व्यक्तिहरु र बैदेशिक रोजगारहरुलाई सामाजिक सुरक्षा प्रदान गर्न कर्मचारी सञ्चय कोष ऐनमा संशोधन प्रस्ताव गरिएको छ । सम्मानित संसद समक्ष विचाराधीन रहेको सो विधेयक पास भई आएपश्चात् देशमा निवृत्तिभरण योजना र स्वास्थ्य बीमा योजना सञ्चालन गर्ने कोषको प्रमुख लक्ष्य रहेको छ । गत वर्षको विनाशकारी भूकम्पको असर समेतलाई दृष्टिगत गरी सञ्चयकर्ताको घर मर्मत गर्न सापटी प्रदान गर्ने व्यवस्था मिलाई सकिएको छ ।

सम्झौतीत वचतका रुपमा सञ्चयकर्ताहरुबाट संकलित करीब दुई सय अर्ब स्रोत मध्ये अधिकांश स्रोतलाई मुलुकको सुरक्षित र प्रतिफलयुक्त क्षेत्र जस्तै पर्यटन, जलविद्युत, ईन्धन आपूर्ति र पूर्वाधार विकासका क्षेत्रमा प्रभावकारी परिचालन गरी सोबाट प्राप्त प्रतिफल सञ्चयकर्ताको हितमा उपयोग गरिएको छ ।

दुर्घटना क्षतिपूर्ति, काजकिरिया अनुदान र औषधोपचार सहयोग जस्ता योगदान रहित सामाजिक सुरक्षाका कार्यक्रम मार्फत् सञ्चयकर्तालाई सहयोग गर्दै आएको छ। कोषले सेवा अवधिमा आइपर्ने आर्थिक आवश्यकता परिपूर्तिका लागि विभिन्न सापटीको सुविधा प्रदान गर्ने कार्यलाई प्राथमिकता दिँदै आउनुले कोषको सञ्चयकर्ता प्रतिको समर्पणमा कमी नरहेको व्यहोरा जाहेरै छ ।

मुलुकको संगठित क्षेत्रमा कार्यरत कर्मचारी मात्र कोषको दायरामा रहेको विद्यमान अवस्थालाई वृहत् बनाई निजी क्षेत्रका अलावा असंगठित, स्वरोजगार र वैदेशिक रोजगार क्षेत्रमा कार्यरत कामदारलाई समेत कोषको दायरामा समेट्नेतर्फ कोष निरन्तर प्रयत्नशील छ । यसरी कोषमा आबद्ध हुने सबै क्षेत्रका कामदार कर्मचारीहरुलाई निवृत्तिभरण, स्वास्थ्य सुविधा तथा सुत्केरी तथा शिशु स्याहार सुविधा योजना जस्ता कोषका सामाजिक सुरक्षा योजनाहरुबाट लाभान्वित तुल्याउने कार्यलाई निरन्तरता दिइनुले कोषको सञ्चयकर्ता प्रतिको सामाजिक उत्तरदायित्वलाई अझ प्रष्ट पार्दछ ।

यस अवधिमा, सूचना प्रविधिको नवीनतम प्रयोगबाट सञ्चयकर्तारुलाई सरल, छिटो र गुणस्तरीय सेवा प्रदान गर्ने, प्रभावकारी रुपमा शाखा कार्यालय तथा सेवा केन्द्रको स्थापना गर्ने, सञ्चयकर्ताका गुनासाहरुको व्यवस्थापन गर्ने र कोष सम्बन्धी सूचना प्रभावकारी रुपमा प्रवाह गर्ने व्यवस्थालाई निरन्तरता दिन कोष व्यवस्थापन निरन्तर प्रयत्नशील छ ।

वार्षिक प्रतिवेदन प्रकाशनको यस अवसरमा कोषको स्रोतको प्रभावकारी परिचालन, संस्थागत सुशासन, व्यवस्थापकीय मूल्य मान्यताको कार्यान्वयन र समग्रमा कोषको प्रगतिमा सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, सञ्चयकर्ता कार्यालय,सम्पूर्ण अग्रजहरु, आम सञ्चयकर्ता एवं कोषमा क्रियाशील कर्मचारी संगठनहरु लगायत सम्बद्ध पक्ष प्रति कोष परिवारको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**कृष्णप्रसाद आचार्य**
**प्रशासक, कर्मचारी सञ्चय कोष ।**

## कर्मचारी सञ्चय कोष

# कोष व्यवस्थापन समूह
















**१. कृष्ण प्रसाद आचार्य**
प्रशासक

**२. हसना शर्मा**
मुख्य अधिकृत
(कार्य सञ्चालन )

**३. राजेन्द्र काफ्ले**
का.मु. मुख्य अधिकृत
(संस्थागत व्यवस्थापन)

**७. जितेन्द्र घिताल**
विभागीय प्रमुख
परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग

**८. लक्ष्मी प्रसाद श्रेष्ठ**
विभागीय प्रमुख
योजना, अनुगमन तथा मूल्याङ्कन विभाग

**९. शिव कुमार अर्याल**
विभागीय प्रमुख
मानव संशाधन तथा आन्तरिक व्यवस्थापन विभाग

Employees Provident Fund

# Management Team






















**४. केदार नाथ गौतम**
विभागीय प्रमुख
सञ्चयकर्ता कर्जा तथा असुली विभाग

**५. दुर्गा प्रसाद सुवेदी**
विभागीय प्रमुख
लगानी तथा ट्रेजरी व्यवस्थापन विभाग

**६. वीरेन्द्र मोहन भट्टराई**
विभागीय प्रमुख
सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग

**१०. हिमालय प्रसाद शिवाकोटी**
विभागीय प्रमुख
आन्तरिक लेखापरीक्षण विभाग

**११. माधव प्रसाद कोईराला**
विभागीय प्रमुख
भवन निर्माण तथा आवास व्यवस्थापन विभाग

**१२. रोचन श्रेष्ठ**
विभागीय प्रमुख
सूचना तथा सञ्चार प्रविधि विभाग

# कोषबाट लगानी भएको
# चिलिमे हाईड्रोपावर









# कोषको लगानीमा निर्माणाधीन
# माथिल्लो तामाकोशी आयोजना



## कोषको लगानीमा नेपाल भित्र्याइएको

# नेपाल वायुसेवा निगमको एयरबस A320



# सञ्चयकर्ताको सेवामा समर्पित



सामाजिक सुरक्षा | वित्तीय व्यवस्थापन | जोखिम व्यवस्थापन | पूर्वाधार विकास

## विषय सूची


| | | |
|---|---|---|
| **परिच्छेद १** | कर्मचारी सञ्चय कोषको परिचय | |
| १.१ | परिचय | १ |
| १.२ | ऐतिहासिक पृष्ठभूमि | १ |
| १.३ | उद्देश्य तथा कार्यहरु | ४ |
| १.४ | दुरदृष्टि | ४ |
| १.५ | दीर्घकालीन लक्ष्य | ४ |
| १.६ | व्यवस्थापकीय मान्यता | ४ |
| १.७ | रणनीति तथा कार्यनीतिहरु | ४ |
| १.८ | अन्तरराष्ट्रिय सदस्यता | ७ |
| १.९ | संगठनात्मक संरचना | ८ |
| १.१० | मानव संशाधन व्यवस्थापन | १० |
| १.११ | संस्थागत सुशासन | १३ |
| १.१२ | व्यावसायिक मूल्य मान्यता तथा नैतिकता | १५ |
| १.१३ | सूचना प्रवाह प्रणाली | १५ |
| १.१४ | संस्थागत संरचना | १६ |
| १.१५ | आन्तरिक नियन्त्रण प्रणाली | २४ |
| १.१६ | जोखिम व्यवस्थापन | २५ |
| १.१७ | संस्थागत सामाजिक उत्तरदायित्व | २६ |
| १.१८ | वातावरणसँग सम्वन्धित प्रयासहरु | २८ |
| **परिच्छेद २** | मुख्य आर्थिक गतिविधि | २९ |
| २.१ | आर्थिक गतिविधि | २९ |
| २.२ | अवसर र चुनौतीहरुको विश्लेषण | ३१ |
| **परिच्छेद ३** | कोषको मुख्य कारोबार | ३३ |
| ३.१ | सञ्चयकर्ताको आवद्धता | ३३ |
| ३.२ | सञ्चयकर्ताको क्षेत्रगत विवरण | ३३ |
| ३.३ | सञ्चयकर्ताको संख्यामा वृद्धिको अवस्था | ३४ |
| ३.४ | सञ्चयकर्ताको कुल रकम वृद्धिको अवस्था | ३४ |
| ३.५ | सञ्चयकर्ताको रकम फिर्ताको अवस्था | ३५ |
| ३.६ | सञ्चयकर्ताको कोष संकलनको अवस्था | ३५ |
| **परिच्छेद ४** | सञ्चयकर्तालाई प्रदान गरिएका सेवा तथा सुविधाहरू | ३६ |
| ४.१ | व्याज तथा मुनाफा | ३६ |
| ४.२ | सापटी सुविधा | ३७ |
| ४.३ | सामाजिक सुरक्षा सुविधा | ४१ |
| ४.४ | कोषका अन्य सेवाहरू | ४४ |
| **परिच्छेद ५** | वित्तीय विश्लेषण | ४६ |
| ५.१ | आर्थिक वर्ष २०७१/७२ को वित्तीय अवस्थाको विश्लेषण | ४६ |
| ५.२ | विगत ५ वर्षको वित्तीय अवस्थाको तुलनात्मक विवरण | ४८ |
| ५.३ | कोषको लेखा तथा लेखा परीक्षण | ५१ |
| **परिच्छेद ६** | आर्थिक वर्ष २०७१/७२ का प्रमुख उपलब्धीहरु | ५२ |
| **परिच्छेद ७** | कोषका भावी योजना | ५५ |
| | परिशिष्टहरु | ५७ |




सुन्धारास्थित कोषको ऐतिहासिक भवन



# परिच्छेद – १

# कर्मचारी सञ्चय कोषको परिचय

## १.१ परिचय

नेपाल सरकार र संगठित संस्थाका कर्मचारीहरु र अन्य कर्मचारीहरुको लागि सञ्चय कोषको व्यवस्था गर्न बि.सं. २०१९ सालमा कर्मचारी सञ्चय कोष ऐन, २०१९ जारी गरी कर्मचारी संचय कोषको स्थापना भएको हो। कर्मचारी संचय कोष एक अविच्छिन्न उत्तराधिकारवाला संगठित संस्थाको रुपमा संचालन हुँदै आएको छ। शुरुमा नेपाली सेना, नेपाल प्रहरी र निजामती कर्मचारीको मात्र संचय कोषको व्यवस्था गर्ने कार्य यस संस्थाले गरी आएकोमा पछि २०३६ साल देखि शिक्षकहरुको समेत संचय कोषको व्यवस्था गरेको छ। त्यसपछि विभिन्न समयमा कोषले दायरा विस्तार गरी संगठित संघ संस्थामा कार्यरत कर्मचारी तथा मजदूरहरुलाई समेत आफ्नो दायरामा समाहित गरेको छ।

## १.२ ऐतिहासिक पृष्ठभूमि

सामाजिक सुरक्षाको अवधारणा अनुरुप सैनिकहरूको सेवा निवृत्त जीवनमा आर्थिक राहत पुऱ्याउने उद्देश्यले वि.सं. १९९१ मा सैनिक द्रव्य कोष स्थापना भएको थियो। सञ्चय कोष सम्बन्धी सोही व्यवस्थालाई विस्तार गरी निजामती कर्मचारीका निमित्त वि.सं. २००१ मा निजामती प्रोभिडेन्ट फण्डको व्यवस्था गरियो।

सञ्चय कोष सम्वन्धी भएका यी दुवै व्यवस्थालाई एकीकृत गरी वि.सं. २०१७ सालमा अर्थ मन्त्रालयको एक विभागको रुपमा कर्मचारी सञ्चय कोष विभागको स्थापना गरियो। देशमा सञ्चय कोष व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने उद्देश्यले वि.सं. २०१९ भदौ ३१ गते निजामती कर्मचारी, नेपाली सेना र नेपाल प्रहरी समेतका लागि कर्मचारी सञ्चय कोष ऐन, २०१९ जारी गरी एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्थाको रूपमा वर्तमान कर्मचारी सञ्चय कोषको स्थापना भएको हो।

कोष हाल करीव ५ लाख सञ्चयकर्ताहरुको करीव १९० अर्ब स्रोत परिचालन गर्ने एक वृहत संस्थाका रुपमा स्थापित भएको छ भने कोषले ११ स्थानमा शाखा कार्यालय तथा सेवा केन्द्रहरु मार्फत सवै क्षेत्रका सञ्चयकर्ताहरुलाई सेवा पुऱ्याउँदै आएको छ।

# सञ्चयकर्ता सेवामा कर्मचारी सञ्चय कोषका निरन्तर ८ दशक...

१९९० ▸ २००० ▸ २०१० ▸ २०२० ▸ २०३० ▸

**वि.सं. २०१९**

कर्मचारी सञ्चय कोष ऐन, २०१९ बाट भाद्र ३१ मा कर्मचारी सञ्चय कोषको स्थापना



**वि.सं. १९९१**

१९९१ भाद्र ३१ सैनिक द्रव्य कोषको स्थापना



**वि.सं. २००१**

निजामती प्रभिडेण्ट फण्डको स्थापना



**वि.सं. २०१७**

सैनिक द्रव्य कोष र निजामती प्रभिडेण्ट फण्ड एकिकृत गरी नेपाल सरकार अर्थमन्त्रालय अन्तर्गत सञ्चय कोष विभागको रुपमा स्थापना ।




**वि.सं. २०३६**

विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीहरुको कोषकट्टी शुरु

२०४० ▸ २०५० ▸ २०६० ▸ २०७० ▸ निकट भविष्य ▸

**वि.सं. २०६५**
शाखा कार्यालय भैरहवा
बुटवलमा स्थानान्तरण



**वि.सं. २०४९**
शाखा कार्यालय
धनकुटा स्थापना



**वि.सं. २०५६**
शाखा कार्यालय
भैरहवा स्थापना



**वि.सं. २०६२**
शाखा कार्यालय नेपालगञ्ज
सुर्खेतमा स्थानान्तरण



**वि.सं. २०७२**
सञ्चयकर्ता सेवा केन्द्र
पुल्चोक स्थापना



**वि.सं. २०४८**
प्रथम शाखा कार्यालय
बिराटनगर स्थापना



**वि.सं. २०५३**
शाखा कार्यालय
पोखरा स्थापना



**वि.सं. २०६२**
शाखा कार्यालय
हेटौडा स्थापना



**वि.सं. २०७१**
शाखा कार्यालय
कोहलपुर स्थापना

देशका विभिन्न
स्थानमा सञ्चयकर्ता
सेवाकेन्द्रमार्फत
सेवा प्रवाह



**वि.सं. २०४७**
निजी क्षेत्रमा कार्यरत
कर्मचारीहरुको कोषकट्टी
शुरु



**वि.सं. २०५१**
शाखा कार्यालय
नेपालगञ्ज स्थापना



**वि.सं. २०६१**
शाखा कार्यालय
धनगढी स्थापना



**वि.सं. २०७०**
सिंहदरबारमा सञ्चयकर्ता
सेवा केन्द्र स्थापना

कोषको शाखा कार्यालय
पुग्न नसकेका विभिन्न
स्थानमा राष्ट्रिय
वाणिज्य बैंकसंगको
सहकार्यमा शाखारहित
सञ्चयकर्ता सेवा

## १.३ उद्देश्य तथा कार्यहरू

कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुसार निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी, शिक्षक एवं संगठित संस्था तथा निजी क्षेत्रका कर्मचारीहरूको निमित्त सञ्चय कोष व्यवस्थापन गर्नु कोषको प्रमुख उद्देश्य हो । सोही उद्देश्य अनुरुप कोषवाट निम्न कार्यहरू सम्पादन भइरहेका छन् :

- सञ्चयकर्ताको नाममा कट्टी भएको संचय कोष रकमको संकलन,
- संकलित कोषकट्टी रकमको व्यवस्थापन, उपलब्ध स्रोतलाई सुरक्षित तथा प्रतिफलयुक्त क्षेत्रमा परिचालन,
- स्रोतको परिचालनबाट प्राप्त प्रतिफलको समानुपातिक वितरण,
- सामाजिक सुरक्षा सुविधाहरूको सञ्चालन तथा व्यवस्थापन,
- सेवाकालीन सामाजिक आवश्यकताका लागि विविध सापटी सुविधा सञ्चालन तथा व्यवस्थापन,
- सामाजिक सुरक्षाका नयाँ सुविधाहरूको अध्ययन तथा अनुसन्धान,
- प्रत्येक आर्थिक वर्षको कारोवारहरुको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष प्रस्तुतीकरण ।

## १.४ दूरदृष्टि *(Vision)*

राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भूमिकाद्वारा कोषलाई अन्तरराष्ट्रियस्तरको सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।

## १.५ दीर्घकालीन लक्ष *(Mission)*

- प्रभावकारी स्रोत परिचालन, दिगो एवं आकर्षक सुविधा, गुणस्तरीय सेवा तथा सम्भाव्य सामाजिक सुरक्षण कार्यक्रमको विस्तारको माध्यमद्वारा संगठित क्षेत्रका सबै रोजगारसम्म कोषको दायरा विस्तार गरी कोषलाई नेपालको सुप्रतिष्ठित सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने,
- नवीन व्यवस्थापन पद्दति, गुणात्मक सञ्जालको विकास र विस्तार, उद्यमशील र प्रतिस्पर्धी कार्यपद्दति, व्यापक सहकार्य र साझेदारीका आधारमा कोषलाई एक सक्षम अन्तरराष्ट्रिय सामाजिक सुरक्षण संस्थाका रुपमा परिचित तुल्याउने,
- सञ्चय कोष र सामाजिक सुरक्षण सुविधाहरूको सुव्यवस्थापनद्वारा सञ्चयकर्तालाई समाजिक सुरक्षणको प्रत्याभूति दिई कोषलाई सन्तुष्ट सञ्चयकर्ताको ठूलो परिवार (A happy big family of satisfied members) बनाउने,
- कोषमा उपलब्ध दीर्घकालीन बचतलाई देशको पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी आर्थिक विकासमा योगदान गर्ने ।

## १.६ व्यवस्थापकीय मान्यता *(Core Values)*

कोषले आफ्नो दूरदृष्टि तथा दीर्घकालीन लक्ष्य र सो अनुरुपका रणनीतिहरु कार्यन्वयन गर्न देहायका व्यवस्थापकीय मान्यताहरु आत्मसात गरेको छ :




## १.७ रणनीति तथा कार्यनीतिहरू

कोषले आफ्नो दूरदृष्टि एवं दीर्घकालीन लक्ष्य प्राप्त गर्न राष्ट्रिय अर्थतन्त्रको सामान्य परिदृश्य समेतका आधारमा आफ्नो अवसर र चुनौतीलाई विश्लेषण गरी कोषको पाँच वर्षे रणनीतिक योजनाका रुपमा देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरेको छ :

### (क) सामाजिक सुरक्षा योजनामा सुधार :

- कोषको वार्षिक मुनाफाबाट सामाजिक सुरक्षा कोषको सिजना गर्ने गरी सो कोषलाई निरन्तर रुपमा मजबुद् बनाउदै लैजाने ।
- सञ्चयकर्ताका लागि दीगोपना सुनिश्चित सहितको उपयुक्त सामाजिक सुरक्षा योजनाको विकास र कार्यान्वयन गर्ने ।
- योगदान सहितको सामाजिक सुरक्षा योजनाको पहिचान र कार्यान्वयन गर्ने ।
- सामाजिक सुरक्षाको क्षेत्रमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय

स्तरमा भएका विकास र अभ्यासहरुको नियमित अध्ययन अनुसन्धान गर्ने ।

- सञ्चयकर्ताको आवासको आवश्यकतालाई सम्बोधन गर्न नेपाल सरकारको सहयोग तथा निजी क्षेत्रसँगको सहकार्यमा आवास परियोजनाहरुको विकास गर्ने ।

### (ख) कानूनी सुधार तथा नियामकको व्यवस्था :

- कोष एवं कोषकै प्रकृतिका अन्य संस्थाहरुको नियमन गर्न उपयुक्त नियामकको व्यवस्थाका लागि सोको खाका सहित नेपाल सरकारलाई अनुरोध गर्ने ।
- कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा समसामयिक सुधारका लागि संशोधनको मस्यौदा सहित नेपाल सरकारलाई अनुरोध गर्ने ।

### (ग) कोष व्यवस्थापन (Fund Management) मा सुधार :

- कोष व्यवस्थापन सम्बन्धी विस्तृत निर्देशिका तयार गरी लागू गर्ने ।
- सञ्चय कोष कट्टीको फाँटवारी संकलनलाई प्रविधिमा आधारित तुल्याउने ।
- दोहोरो खाताको अवस्थालाई नियन्त्रण गर्न विद्यमान सञ्चयकर्ता खाता व्यवस्थापन प्रणालीमा सुधार गर्ने ।
- शाखा कार्यालयहरुबाट कोषकट्टी फाँटवारीको Data Entry को कार्य प्रारम्भ गर्ने ।

### (घ) सञ्चयकर्ता सेवा प्रवाहको प्रभावकारिता अभिबृद्धि :

- सूचना तथा सञ्चार पद्दति एवं बैंकिङ्ग सञ्जालको प्रयोगका माध्यमबाट शाखारहित सेवा प्रवाह प्रणालीको विकास गर्ने ।
- अत्यावश्यक प्रकृतिका सञ्चयकर्ता सेवालाई कार्यालय समय अघि, पछि र विदाको दिनमा समेत प्रदान गर्ने प्रणालीको विकास गर्ने ।
- संघीय संरचना पश्चातको शाखा कार्यालयको संख्या र स्थान निरुपण गरी शाखा कार्यालय सुधार तथा सशक्तीकरण योजना कार्यान्वयन गर्ने ।
- सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षणका आधारमा सञ्चयकर्ता गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाई सेवा प्रवाह प्रक्रियामा सुधार गर्ने ।
- सञ्चयकर्ता गुनासो व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने ।

### (ङ) सञ्चयकर्ताको दायरा विस्तार :

- निजी क्षेत्रका कामदार तथा कर्मचारीलाई कोषमा आकर्षित गर्न प्रभावकारी बजारीकरणका उपायहरु अवलम्बन गर्ने ।
- कोषको दायरा विस्तार गर्न कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा संशोधन गर्ने ।

### (च) जोखिम व्यवस्थापनमा सुधार :

- उच्चस्तरीय जोखिम व्यवस्थापन कमिटि गठन गर्ने ।
- एकीकृत जोखिम व्यवस्थापन कार्यविधि (Integrated Risk Management Guideline) तर्जुमा गरी कार्यान्वयन गर्ने ।

### (छ) संस्थागत सुशासनको प्रभावकारिता अभिवृद्धि :

- कोषको संस्थागत सुशासनको ढाँचा (Framework) र कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- अन्य मुलुकका सञ्चय कोष संस्थाहरुले अवलम्बन गरेका असल अभ्यास (Best Practices) को अनुशरण गर्ने ।
- सञ्चालक समिति, प्रशासक एवं उच्च व्यवस्थापनमा सम्लग्न पदाधिकारीहरुले पालना गर्नु पर्ने आचारसंहिता (Code of Conduct) तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- वित्तीय उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गर्न वित्तीय विवरणमा गरिने उद्घोषण (Disclosure) लाई थप प्रभावकारी बनाउने ।
- आन्तरिक लेखापरीक्षण तथा लेखापरीक्षण समितिलाई बढी क्रियाशील बनाउने ।
- महालेखा परीक्षकको कार्यालयले तोकेको अवधिभित्र लेखा परीक्षण सम्पन्न गर्ने ।

### (ज) सूचना तथा सञ्चार प्रणालीको प्रभावकारितामा अभिवृद्धि :

- Business Continuity Plan र Disaster Recovery Plan कार्यान्वयन गर्ने ।
- कोषमा सूचना तथा सञ्चार प्रविधि नीति लागू गर्ने ।
- वित्तीय सूचना प्रणाली र व्यवस्थापन सूचना प्रणालीको आवश्यकता अनुसार वर्तमान सूचना व्यवस्थापन प्रणालीमा सुधार गर्ने ।
- सूचना तथा सञ्चार प्रणालीको प्रभावकारितामा अभिवृद्धि गरी कोषको कारोबारलाई क्रमशः कागजरहित बनाउँदै लैजाने ।

- कार्यालयहरुले विद्युतीय साधन प्रयोग गरी कार्यलयबाटै फाँटवारी पठाउन सक्ने प्रणालीको विकास गर्ने ।
- समान प्रकृतिका संस्थाहरुसँग रणनीतिक संयन्त्र र गुणकारी सञ्जाल विकास गर्ने ।
- सञ्चयकर्तालाई वितरण गरिएको परिचयपत्रलाई कोषको सूचना तथा सञ्चार प्रणालीमा आबद्ध गर्ने ।

### (झ) स्रोत व्यवस्थापन तथा असुलीको प्रभावकारिता अभिवृद्धि :

- Any Branch Banking System को उपयोगका माध्यमबाट कोष संकलनलाई प्रभावकारी र मितव्ययी बनाउने ।
- अन्तर्राष्ट्रिय सामाजिक सुरक्षा संस्था (International Social Security Association) ले जारी गरेको सामाजिक सुरक्षा कोषको लगानी व्यवस्थापन मार्गदर्शन (Investment Management Guideline) लाई अवलम्बन गर्ने ।
- लगानी नीतिले निर्धारण गरेको लगानीको क्षेत्रगत सीमा (Portfolio Mix) लाई वित्तीय बजारको अनुकुलता तथा प्रतिफल र जोखिमको विश्लेषणको आधारमा प्रत्येक वर्ष पुनरावलोकन गर्ने ।
- नेपाल सरकारले जारी गर्ने ऋणपत्र तथा बचतपत्रको लगानीलाई उच्च प्राथमिकतामा राखी सोको उपयुक्त अवसरका लागि नेपाल सरकारलाई अनुरोध गर्ने ।
- वाणिज्य बैंकहरुको मुद्दती निक्षेपमा गरिने लगानीलाई प्रतिस्पर्धी र पारदर्शी बनाउन प्रकृयागत सुधार गर्ने ।
- सञ्चय कोष रकम संकलन गर्ने बैंकहरुसँग सहमतिका आधारमा आय आर्जन नगर्ने चालु खाताहरुलाई क्रमशः आय आर्जन गर्ने चलखाता (Call Account) मा रुपान्तरण गर्ने ।
- सञ्चयकर्तालाई प्रदान गरिने सापटीहरुलाई उद्देश्यमूलक एवं परिणाममुखी बनाई सामाजिक सुरक्षासँग आबद्ध गर्ने ।
- मौजुदा परियोजना कर्जा प्रवाह गर्ने कार्यविधिमा सुधार गर्ने ।
- नेपाल सरकारको समेत संम्लग्नता रहेका राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्ने सार्वजनिक नीजि साझेदारी अनुरुपका परियोजनाहरु तथा नेपाल सरकारको जमानतमा सार्वजनिक संस्थानको सुधार सम्बन्धी परियोजनाहरुको लगानीलाई प्राथमिकता दिने ।
- अन्य संस्थागत लगानीकर्ताहरुसँग समन्वय र सहकार्य गर्ने ।
- परियोजना कर्जा तथा सञ्चयकर्ता सापटीको असुलीलाई प्रभावकारी बनाई निष्क्रिय कर्जाको अनुपातलाई निश्चित सीमामा कायम गर्ने ।

### (ञ) सम्पत्ति व्यवस्थापन प्रणालीमा सुधार :

- कोषका सम्पत्तिको उपयोग सम्बन्धी मापदण्ड निर्धारण गर्ने ।
- कोषका सम्पत्ति तथा दायित्वको प्रभावकारी व्यवस्थापनका लागि उच्चस्तरीय सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति (ALCo) गठन गर्ने ।
- कोषका जग्गा तथा भवनहरुको व्यावसायिक उपयोग गर्ने ।
- सम्पत्तिको नियमित भौतिक परीक्षण गर्ने तथा उपयोगविहिन अवस्थाका सम्पत्तिहरुको नियमित लिलाम बिक्री तथा अपलेखन गर्ने ।

### (ट) मानव संसाधन नीति तथा व्यवस्थापनमा सुधार :

- कर्मचारीको उत्प्रेरणा स्तरको सर्वेक्षण गर्ने ।
- मानव संसाधन नीति तथा मानव संसाधन विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- सूचना तथा सञ्चार प्रणालीमा आधारित मानव संसाधन व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने ।
- ज्ञान व्यवस्थापन (Knowledge (Management) लाई प्रभावकारी बनाउन वरिष्ठ कार्यकारी मञ्च (Senior Executive Forum) गठन गरी नियमित अन्तरक्रिया गर्ने ।
- मुख्य अधिकृत, विभागीय प्रमुख, शाखा/महाशाखा प्रमुखहरुको अधिकार र जफावदेहिता स्पष्ट गर्न अधिकार प्रत्यायोजन सम्बन्धी कार्यविधि तयार गरी लागू गर्ने
- कर्मचारीको वृत्ति विकास र आकर्षक सेवाको सुनिश्चितताद्वारा कोषमा रहेका योग्य र दक्ष कर्मचारी कोषमै रहने (Retain हुने) अवस्था सिर्जना गर्ने ।
- सरुवा, बढुवा, कार्य सम्पादन मूल्यांकन, प्रोत्साहन तथा पुरस्कारलाई कार्यसम्पादनसँग आबद्ध गरी पारदर्शी बनाउने ।
- पदपूर्ति तालिका (Recruitment Calender) तयार गरी कोषमा नयाँ कर्मचारीको भर्ना सुनिश्चित गर्ने ।
- कर्मचारीको मौजुदा कार्य विवरणको पुनरावलोकन गर्ने ।

**(ठ) वित्तीय व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीमा सुधार :**

- नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाको कार्यसूची अनुरुप कोषमा International Financial Reporting Standard (IFRS) क्रमशः लागू गर्ने ।
- शून्यमा आधारित बजेट प्रणाली (Zero Based Budget System) र कार्यमूलक बजेट प्रणाली (Performance Based Budget System) को कार्यान्वयनको माध्यमबाट बजेट नियन्त्रण प्रणाली (Budgetary Control System) लाई मजबुत बनाउने ।
- बैंक रिकन्सिलिएशन तथा अन्तरशाखा कारोबारको रिकन्सिलिएशनलाई आवधिक रुपमा सम्पन्न गर्ने ।
- आन्तरिक नियन्त्रण प्रभावकारी बनाउन विभागीय कार्य विवरणमा पुनरावलोकन गर्ने ।
- कोषका आन्तरिक नीति नियम तथा प्रचलित कानूनहरु पूर्ण पालना गर्ने ।
- ट्रेजरी व्यवस्थापन प्रणालीमा सुधार गर्ने ।
- लेखापरीक्षकले दिएका सुझावहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

**(ड) सुमधुर श्रम सम्बन्धको विकास**

- व्यवस्थापन र कर्मचारी संगठनहरू बीच नियमित अन्तर्क्रिया गरी सोको निर्णयलाई अभिलेखीकरण गर्ने ।
- कर्मचारीहरूको हित र सरोकारका विषयको निर्णय प्रक्रियामा कर्मचारी संगठनहरूलाई सहभागी गराउने परिपाटीको विकास गर्ने ।
- व्यवस्थापकीय निर्णय प्रक्रियामा प्रचलित नीति नियमको अधीनमा रही सहभागिता र पारदर्शिता सुनिश्चित गर्ने ।

**ढ) चुहावट नियन्त्रण एवं खर्च कटौती :**

- Any Branch Banking System को कार्यान्वयनको माध्यमबाट कोषको रकम संकलन अवधि (Collection Period) र तरलता (Liquidity) कम गर्ने ।
- विद्युतीय कारोबार (Electronic Transaction) को माध्यमबाट कागजको उपयोग कम गर्ने,
- दोहोरो खाता एकीकरणको माध्यमबाट एक व्यक्ति एक खाता कायम गर्ने ।
- कोषमा सम्पत्तिको उपयोगसम्बन्धी मापदण्डसहितको कार्यविधि तयार गरी लागू गर्ने ।
- कोषबाट सञ्चालन गरिने अध्ययन, अनुसन्धान तथा विशेष कार्यक्रमहरूको कार्यान्वयनमा आन्तरिक विज्ञताको उपयोग गर्ने ।
- नेपाल सरकारले जारी गरेको खर्च नियन्त्रण निर्देशिका अनुशरण गर्ने ।
- बैंक रिकन्सिलिएसनलाई अद्यावधिक बनाउने ।

## १.८ अन्तरराष्ट्रिय सदस्यता *(International Membership)*

### क) ISSA Membership :

कर्मचारी सञ्चय कोष, अन्तरराष्ट्रिय सामाजिक सुरक्षण संस्था (International Social Security Association-ISSA) को सम्वन्धन सदस्य (Associate Member) रहेको छ ।

सञ्चय कोष व्यवस्थापनका अतिरिक्त सामाजिक सुरक्षाको क्षेत्रमा कार्य गर्ने देशको अग्रणी संस्था भएकोले कोषले सन् १९८० मा ISSA को सम्वन्धन सदस्यता (Associate Membership) प्राप्त गरेको हो ।

### ख) ADFIAP Membership :

कर्मचारी सञ्चय कोष, एशिया तथा प्रशान्त क्षेत्रका विकास वित्त कम्पनीहरुको संस्था (Association of Development Financing Instititutions in Asia and the Pacific-ADFIAP) को सदस्य रहेको छ ।

देशमा वित्तीय स्रोत परिचालन गर्ने अग्रणी संस्था भएकोले कोषले सन् २०१४ मा ADFIAP सदस्यता प्राप्त गरेको हो ।

## १.९ संगठनात्मक संरचना

कोषको मूल संगठनात्मक संरचना अन्तर्गत सात सदस्यीय एक सञ्चालक समिति, सञ्चालक समिति अन्तर्गत कार्यकारी प्रमुखका रुपमा प्रशासक, दुई मुख्य अधिकृतहरु, दश विभागहरु, आठवटा शाखा कार्यालय र दुईवटा सेवा केन्द्रहरु रहेका छन् ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ६क ले कोषको दैनिक कार्य सञ्चालनका लागि कोषको प्रशासकीय प्रमुखका रुपमा प्रशासकको व्यवस्था गरेको छ । नेपाल सरकार (मन्त्री परिषद) ले मिति २०६९ भाद्र २१ देखि श्री कृष्णप्रसाद आचार्यलाई पाँच बर्षका लागि सो पदमा नियुक्त गरेको छ । साथै, नेपाल सरकार, अर्थ मन्त्रालय र कोषका प्रशासक बीच भएको कार्यसम्पादन सम्झौताले प्रशासकको जिम्मेवारी सुनिश्चित गरिदिएको छ ।



सञ्चालक समितिद्वारा स्वीकृत संगठनात्मक संरचनाअनुसार कोषमा प्रशासकको मातहतमा कार्य सञ्चालन र संस्थागत व्यवस्थापन तर्फ गरी दुई जना मुख्य अधिकृत रहने व्यवस्था गरी दश बिभागहरुको स्थापना गरिएको छ। दश विभाग मध्ये आन्तरिक लेखापरीक्षण विभाग लेखापरीक्षण समिति अन्तर्गत र योजना अनुगमन तथा मूल्याकन विभाग प्रशासक अन्तर्गत रहेका छन् भने प्रशासकको मातहतमा रहेका दुई मुख्य अधिकृत अन्तरगत निम्न बिभागहरु रहेका छन् :

### क) कार्य सञ्चालन तर्फ :

- लगानी तथा ट्रेजरी व्यवस्थापन विभाग
- सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग
- भवन निर्माण तथा आवास व्यवस्थापन विभाग
- सञ्चयकर्ता कर्जा तथा असुली विभाग
- शाखा कार्यालय तथा सेवा केन्द्रहरु

### ख) संस्थागत व्यवस्थापन तर्फ :

- मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभाग
- परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग
- केन्द्रीय लेखा तथा खर्च विभाग
- सूचना तथा सञ्चार प्रविधि विभाग



# कर्मचारी सञ्चय कोष

## संगठनात्मक संरचना



## १.१० मानव संशाधन व्यवस्थापन

कोषमा २५८ जना अधिकृतस्तर र २६७ जना सहायकस्तर गरी जम्मा ५२५ कर्मचारीहरुको दरबन्दी रहेको छ । सो दरबन्दीमा तह १ देखि तह ४ सम्मका कर्मचारीहरुको दरबन्दी समावेश गरिएको छैन। यस्तो दरबन्दीमा कार्यरत कर्मचारीहरुको संख्या ६३ रहेको छ । यसरी दरबन्दी वाहिरका तह १ देखि तह ४ सम्म कार्यरत कर्मचारीहरुको संख्या समेत कोषमा कुल कर्मचारी दरबन्दी ५८८ हुन आउँछ । कोषको रिक्त दरबन्दीहरुमा पदपूर्ति गर्ने ब्यवस्था खुल्ला, प्रतिस्पर्धात्मक र समावेशी सिद्धान्तमा आधारित छ।

आर्थिक वर्ष २०७१/७२ मा २८७ जना अधिकृतस्तर र २१६ जना सहायकस्तर गरी जम्मा ५०३ जना कर्मचारीहरु कार्यरत रहेका छन् । सो मध्ये ४०५ जना पुरुष र ९८ जना महिला कर्मचारी कार्यरत छन। दरबन्दीमा समाबेश नभएका सुपरिक्षक,चालक, सुरक्षाकर्मी जस्ता पदहरुमा सेवा करारबाट पूर्ति गर्ने ब्यवस्था रहेको छ। हाल १०६ जना कर्मचारीहरु सेवा करारमा कार्यरत रहेका छन्।

कर्मचारीहरुको वृत्ति विकास, सरुवा, वढुवा लगायत समग्र व्यवस्थापनका लागि कोषमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित),२०४८ कार्यान्वयनमा रहेको छ भने यसै आर्थिक वर्षमा मानव संसाधन नीति तथा मानब संसाधन बिकास योजना, २०७२ कार्यान्वयनमा ल्याईएको छ। साथै, कर्मचारीहरुको लागि अवकाश कोष, औषधोपचार सम्वन्धी व्यवस्था, जीवन सुरक्षण कोष र सन्तति छात्रवृत्ति सम्बन्धी ब्यवस्था छ।

यसैगरी कोषका कर्मचारीलाई सेवामुखी तथा प्रभावकारी वनाउन प्रोत्साही पुरस्कार तथा दण्डसम्बन्धी ब्यवस्था गरिएको छ। यी सबै ब्यवस्थाहरु निश्चित कार्यबिधिबाट सञ्चालित छन्।

कोषभित्रको ज्ञान व्यवस्थापनलाई प्रभावकारी बनाउन, व्यवस्थापकीय तहमा रहेका कर्मचारीहरुको नेतृत्वकला र निर्णय क्षमता विकास गरी उत्तराधिकारी योजना (Succession Planning) सुनिश्चित गर्न र कर्मचारीहरु बीच समूहगत कार्यप्रणाली (Team Work) को विकास गर्न वरिष्ठ कार्यकारी मञ्च (Senior Executive Forum) को ब्यवस्था गरी यसलाई थप प्रभावकारी वनाउँदै लगिएको छ। यस अर्न्तगत Knowledge Sharing जस्ता कार्यक्रम सञ्चालन गरी कर्मचारीले हासिल गरेको ज्ञानलाई सम्वन्धित विभाग तथा शाखामा कार्यरत कर्मचारीहरुमा आदान प्रदान गर्ने प्रणालीको विकास गरिएको छ।

### १.१०.१ कर्मचारीको वर्गीकरण

#### क) उमेरको आधारमा

कोषमा २१ वर्ष पूरा गरी पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको ब्यक्तिले सेवा प्रबेश गर्न सक्ने र उमेर ५८ वर्ष वा तोकिएको पदावधि पूरा भएपछि अवकाश पाउने व्यवस्था छ। हाल कोषको सेवामा कार्यरत कर्मचारीहरुको उमेरको आधारमा देहायबमोजिम स्थिति रहेको छ :

| उमेर समूह | अधिकृत स्तर | | सहायक स्तर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २१ वर्ष देखि ३० वर्ष सम्म | १७ | | ५४ | | ७१ | १४.१२ |
| ३१ वर्ष देखि ४० वर्ष सम्म | ३७ | | ३८ | | ७५ | १४.९१ |
| ४१ वर्ष देखि ५० वर्ष सम्म | १०१ | | ६५ | | १६६ | ३३.०० |
| ५० वर्ष देखि ५८ वर्ष सम्म | १३२ | | ५९ | | १९१ | ३७.९७ |
| कुल जम्मा | २८७ | | २१६ | | ५०३ | १००.०० |

### ख) शैक्षिक योग्यताको आधारमा

| क्र.स. | उपाधि | अधिकृत स्तर | सहायक स्तर | जम्मा | |
|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत |
| १ | स्नातकोत्तर वा सो भन्दा माथि | १३७ | ३९ | १७६ | ३४.९९ |
| २ | स्नातक तह | १२७ | ५६ | १८३ | ३६.३८ |
| ३ | प्रवीणता प्रमाणपत्र तह | २२ | ३२ | ५४ | १०.७४ |
| ४ | एस. एल. सी.वा सो भन्दा कम | १ | ८९ | ९० | १७.८९ |
| कुल जम्मा | | २८७ | २१६ | ५०३ | १००.०० |

### ग) शैक्षिक योग्यता तथा लिङ्गको आधारमा कर्मचारी विवरण (अधिकृत स्तर):

| क्र.सं | शैक्षिक योग्यता | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | स्नातकोत्तर वा सो भन्दा माथि | ११८ | १९ | १३७ |
| २ | स्नातक तह | १०५ | २१ | १२७ |
| ३ | प्रवीणता प्रमाणपत्र तह | १८ | ५ | २२ |
| ४ | एस. एल. सी.वा सो भन्दा कम | १ | ० | १ |
| | जम्मा | २३२ | ५५ | २८७ |

## १.१०.२ तालिम तथा विकास

कोषका कर्मचारीहरुलाई प्रतिस्पर्धी वनाउन तथा समयानुकुल ज्ञान सीपमा दक्ष वनाई कोषको उत्पादकत्व वृद्धि गर्न आर्थिक वर्ष २०७१/७२ मा ३६२ कर्मचारीलाई स्वदेश र ४३ कर्मचारीलाई विदेशमा गरी जम्मा ४०५ कर्मचारीहरुलाई समसामयिक व्यावसायिक तालिम तथा सेमिनार, गोष्ठी, सभा-सम्मेलन, अवलोकन भ्रमण, अध्ययन भ्रमणमा सहभागी गराइएको छ ।

आ.व. २०७१/७२ मा सञ्चालन भएका विभिन्न विषयको तालिममा सहभागी कर्मचारीहरुको विवरण देहाय अनुरुप रहेको छ :

## १.१०.३ कर्मचारी कल्याणकारी गतिविधि

कोषले कार्यरत कर्मचारीहरुका लागि विभिन्न कल्याणकारी गतिविधिहरु सञ्चालन गर्दै आएको छ । आफ्ना कर्मचारीको स्वास्थ्य प्रतिको संवेदनशीलतालाई दृष्टिगत गरी कर्मचारीहरुको स्वास्थ्य उपचारको लागि औषधि उपचार सुविधाको व्यवस्था गरेको छ । यसका साथै व्यक्तिगत दुर्घटना वीमा, काजकिरिया खर्च, प्रसुति तथा प्रसुति स्याहार खर्च,पोशाक खर्च, आन्तरिक पर्यटन भ्रमण सुविधा आदि सुविधाहरु प्रदान गर्दै आएको छ । साथै, कर्मचारीहरुको सेवाकालीन आवश्यकतालाई दृष्टिगत गरी विभिन्न प्रकारका सापटी सुविधाहरु समेत प्रदान गर्दै आएको छ।

| क्र.स. | तालिमको विषय | कुल जम्मा | | |
|---|---|---|---|---|
| | | स्वदेश | विदेश | जम्मा |
| १ | वित्तिय व्यवस्थापन/लगानी/ लेखा तथा लेखा परीक्षण | ७१ | ० | ७१ |
| २ | सूचना प्रविधि | ८४ | ० | ८४ |
| ३ | प्रशासनिक / व्यवस्थापन | १२१ | २९ | १५० |
| ४ | सेवा प्रवेश | ८६ | ० | ८६ |
| ५ | अन्य, समसामयिक विषय | ० | १४ | १४ |
| जम्मा | | ३६२ | ४३ | ४०५ |

कर्मचारी सुविधाका विभिन्न शीर्षक अर्न्तगत यस आर्थिक वर्षमा २५ जना कर्मचारीले कडा रोग औषधि उपचार सुविधा, १ जना कर्मचारीले दुर्घटना वीमा सुविधा, २० जना कर्मचारीले काजकिया खर्च, ९जना कर्मचारीले प्रसुति तथा प्रसुति स्याहार खर्च र ४०० जना कर्मचारीहरुले आन्तरिक पर्यटन भ्रमणको सुविधा उपभोग गरेका छन् ।

### १.१०.४ मानव संसाधन लेखाङ्कन

कोष जस्तो सेवा प्रवाही संस्थामा मानव संशाधन पूँजीको अत्यावश्यकीय महत्वलाई स्वीकार्दै उपलब्ध मानव स्रोतको क्षमता/सीप वृद्धिका लागि निरन्तर प्रयासरत र कटिबद्ध रहँदै आएको छ । कोषका मानव संसाधन लेखाङ्कनका लागि कर्मचारीहरुको व्यवहारात्मक आचरण जस्तैः वफादारिता, कौशल, उत्प्रेरणा तथा प्रभावकारी अन्तरक्रिया, सञ्चार र निर्णयको क्षमता जस्ता गुणहरुलाई मूल आधारका रुपमा लिईएको छ ।

भौतिक स्रोत साधनहरुको कुशल तथा प्रभावकारी परिचालन धेरै हदसम्म संगठनमा काम गर्ने कर्मचारीहरुको गुण,क्षमता, कौशल, धारणा तथा विचारमा निर्भर रहने तथ्यलाई स्वीकार गर्दै मानव स्रोत व्यवस्थापन तथा विकास खर्चलाई मानव स्रोत पूँजी निर्माणमा गरिएको लगानीका रुपमा लिईएको छ ।

कोषका ५०३ कर्मचारीले करीब ५ लाख सञ्चयकर्तालाई सेवा प्रवाह गरिरहेका छन् । आर्थिक वर्ष २०७१/७२ प्रति कर्मचारी आय रु. ३ करोड २ लाख र प्रति कर्मचारी खर्च रु. १७ लाख ७० हजार रहेको छ । मानव संशाधान विकास अर्न्तगत प्रति कर्मचारी औषत करीव रु.१५ हजार खर्च भएको छ ।

आर्थिक वर्ष २०७१/७२ मा कोषमा कार्यरत कर्मचारीहरुले पारिश्रमिक तथा सामाजिक सुरक्षा करवापत करीव रु. ४ करोड ११ लाख राजस्व खातामा दाखिला गरिएको छ ।



## १.११. संस्थागत सुशासन (Corporate Governance)

कोषमा कार्यकुशलता अभिवृद्धि गरी सञ्चयकर्ताहरुको अधिकतम हित सुनिश्चित गर्न, आर्थिक अनुशासन कायम गर्न, स्रोतको कुशल व्यवस्थापन गर्न, जोखिम न्यूनीकरण गर्न, मानव संसानधनको उचित व्यवस्थापन गर्न, सूचना प्रविधिको अधिकतम प्रयोग गर्न, सम्पत्ति व्यवस्थापन गर्न, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउन र सञ्चयकर्ता सेवा प्रवाहमा प्रभावकारिता ल्याउन कोषमा कर्मचारी सञ्चय कोष, संस्थागत सुशासन निर्देशिका, २०७१ कार्यान्वयन गरिएको छ ।

पारदर्शिता, जवाफदेहिता, कार्यदक्षता, प्रभावकारीता, निष्पक्षता र तटस्थता, सहकार्य र सहभागिता, नतिजा उन्मुख, सेवाको गुणस्तरमा निरन्तर सुधार जस्ता मुल्य मान्यताका आधार मा कोषका क्रियाकलापहरु सञ्चालित छन् ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ तथा कोषसँग सम्वन्धित अन्य प्रचलित कानूनमा उल्लिखित जिम्मेवारीका साथै कोषवाट सम्पादन हुने कार्य सम्बन्धी नीतिगत विषयमा कोषको सञ्चालक समिति जिम्मेवार रहेको छ। सञ्चालक समितिले कोषका प्रशासकलाई र प्रशासकले अन्तर्गतका कर्मचारीलाई आवश्यक अधिकार प्रत्यायोजन तथा निर्देशन दिन सक्ने व्यवस्था रहेको छ र त्यस्तो निर्देशनको समयभित्रै पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुने छ ।

कोषको संस्थागत सुशासन निर्देशिका, २०७१ मा भएका व्यवस्था लगायत प्रचलित कानून, नियम तथा निर्देशन सबै पक्षबाट पालना हुने र वित्तीय स्वार्थ भएका क्रियाकलापमा संलग्न हुने तथा संस्थाको हित विपरीतका कार्य कसैले पनि गर्न गराउन नपाउने व्यवस्था सहितको आचार संहिता निर्माण गरिएको छ । कोषको सञ्चालक समिति तथा अन्य समिति उपसमितिहरुको भूमिका तथा जिम्मेवारी स्पष्ट रुपमा व्यवस्था गरिएको छ। यसको अलवा कोषका लागि वाध्यकारी कानूनी व्यवस्थाहरुका साथै नेपाल सरकारको निर्देशहरुको कोषले पूर्ण रुपमा परिपालना गरेको छ ।

कर्मचारी सञ्चय कोष, संस्थागत सुशासन निर्देशिका, २०७१ मा कोषसँग सम्वन्धित सवै पक्षहरुको आचार संहिता तथा सोको पालना सम्वन्धमा स्पष्ट व्यवस्था गरिएको छ । निर्देशिकामा उल्लेख भएका मापदण्ड, आचार संहिता लगायतका विषयहरुको अनुपालनका सम्वन्धमा छुट्टै अनुपालनकर्ता को व्यवस्था गरिएको छ । साथै, कोषको काम कारबाहीको विषयमा सञ्चयकर्ता तथा सरोकारवालालाई वा सार्वजनिक रुपमा जानकारी दिन कोषको मानव संसाधन तथा आन्तरिक व्यवस्था विभागका विभागीय प्रमुखलाई कोषको प्रवक्ता तोकिएको छ ।

कोषमा संस्थागत सुशासनका असल प्रचलनलाई प्रभावकारी रुपमा आत्मसात गर्न आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक लेखापरीक्षण, जोखिम व्यवस्थापन रणनीति लगायत सम्पत्ति दायित्वको अध्ययन तथा विश्लेषण जस्ता विषयहरुमा कोषले आफ्ना क्रियाकलापहरुलाई केन्द्रित गर्दै आएको छ। कोषको आवश्यकता अनुरुप केही नीति, नियम तथा कार्यविधिहरुको तर्जुमा गरी कार्यान्वयन गरिएको छ भने साविकका केही नीति, नियम, कार्यविधिहरुमा समसामयिक परिमार्जन तथा सुधार समेत गरिएको छ ।

कोषले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार आफ्नो कारोवार तथा वित्तीय विवरणहरु समयमा नै लेखापरीक्षण सम्पन्न गरी नियमित रुपमा सार्वजनिक गर्दै आईरहेको छ। यस आर्थिक वर्षमा कोषले लगातार दोस्रो पटक नेपाल चार्टड एकाउन्टेन्टस् संस्थावाट प्रदान गरिने सार्वजनिक निकाय तर्फ Best Presented Annual Report Awards प्राप्त गरेको छ ।

कोष सदस्य रहेको अर्न्तराष्ट्रिय संस्था Association of Development Financing Institution in Asia and the Pacific (ADFIAP) ले कोषलाई EPF Good Governance अन्तर्गत ADFIAP Corporate Governance Award-2016 प्रदान गर्ने घोषणा गरेको छ ।

# कोषलाई प्राप्त सम्मान



National Best Presented
Annual Report (BPA) Award- 2013
(उत्कृष्ट वार्षिक प्रतिवेदन पुरस्कार- २०६९/७०)



National Best Presented
Annual Report (BPA) Award- 2014
(उत्कृष्ट वार्षिक प्रतिवेदन पुरस्कार- २०७०/७१)





Institute of Chartered Accountants of Nepal (ICAN) द्वारा

**सार्वजनिक क्षेत्र निकाय अन्तर्गत उत्कृष्ट वार्षिक प्रतिवेदन पुरस्कार**
(Best Presented Annual Report-Public Sector Entity ) - **२०६९/७० र २०७०/७१ बाट सम्मानित ।**

## १.१२ व्यावसायिक मूल्य मान्यता तथा नैतिकता *(Corporate Ethics and Values)*

कोष देशको सामाजिक सुरक्षा प्रदायक अग्रणी संस्था हो। सामाजिक सुरक्षाका क्षेत्रमा कार्यरत संस्था भएकाले कोषले सञ्चयकर्तालाई विभिन्न प्रकारका सामाजिक सुरक्षा सुविधाहरु लगायत वित्तीय सुविधाहरु समेत प्रदान गर्दै आएको छ। सञ्चयकर्तालाई संचय कोष रकमको सुरक्षा गरी सामाजिक सुरक्षा सुविधाहरुको सुव्यवस्थापन तथा प्रत्याभूतिद्धारा सञ्चयकर्तालाई अधिकतम सन्तुष्टि प्रदान गर्नु कोषको मुल लक्ष्य रहेको छ। सञ्चयकर्ताको आवश्यकता अनुकुल एवं अपेक्षा अनुरुप सेवा प्रदान गर्नका लागि सेवा प्रवाहमा सञ्चयकर्तालाई केन्द्रविन्दुमा राखी सञ्चयकर्तामुखी कार्य पद्दति अवलम्वन गर्नु र को षको सेवा प्रवाह प्रणाली मितव्ययी, पारदर्शी, सहभागितामूलक र उत्तरदायी वनाउनु सञ्चयकर्ता सेवा व्यवस्थापनको उद्देश्य रहेको छ ।

कोषले सेवा प्रवाहमा गैर नैतिक आचरणका लागि शून्य सहिष्णुता (Zero Tolerance) नीति अवलम्व गरेको छ भने सेवा तथा कारोवारमा गुणस्तर कायम गर्न Quality Assurance Committee मार्फत कार्य भई रहेको छ। कोषका कर्मचारी तथा पदाधिकारीहरु पेशागत निष्ठा, दक्षता, व्यावसायिकता र इमानदारिता जस्ता नैतिक मापदण्डका आधारमा सञ्चालन गरि एका छन् ।कोषवाट सञ्चयकर्तालाई विना भेदभाव सेवा प्रदान गर्ने , आवश्यकता र अपेक्षा अनुकूलका सेवाहरु पहिचान गरी सेवा तथा सुविधा विस्तार गर्ने, सञ्चयकर्ता वडापत्रको व्यवस्था गर्ने, स्थानीय स्तरमा नै एकीकृत सेवा प्रवाह गर्ने तथा सेवा प्रकियागतमा सहजता अवलम्वन गर्ने र सेवा प्रवाहमा नयाँ प्रविधिको उपयोग गर्ने गरिएको छ।

कोषले सम्पादन गरेको काम कारवाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने त्रुटीको सम्वन्धमा गुनासो सुन्न गुनासो पेटिका र विद्युतीय माध्यमवाट सञ्चयकर्ताहरुको सुझाव तथा गुनासाहरुको व्यवस्थापन गर्न Grievance Management System सञ्चालन गरेको छ।

कोषले नेपाल सरकार, अर्थमन्त्रालयवाट प्राप्त निर्देशन तथा कोषका कानूनी व्यवस्थाहरुको पूर्ण रुपमा अनुपालना गर्दै आएको छ। कोषका गतिविधिलाई पारदर्शी रुपमा सञ्चालन गर्न तथा सेवा प्रवाहमा प्रभावकारीता ल्याउन कार्यान्वयनमा ल्याएका ऐन, नीति, नियम, निर्देशन तथा कार्यविधिहरु परिशिष्ठ १ मा समावेश गरिएको छ

## १.१३ सूचना प्रवाह प्रणाली *(Information System)*

### १) आन्तरिक सूचना प्रणाली

कोषले दैनिक रुपमा सञ्चालन गर्नु पर्ने कार्यहरुलाई प्रभावकारी ढंगले सम्पादन गर्न आन्तरिक सूचना प्रणालीको विकास गरेको छ। प्रत्येक शाखा, महाशाखा तथा विभाग र शाखा कार्यालयहरु वीच समन्वय गर्नु पर्ने विषय तथा सूचनाहरुको व्यवस्थापनका लागि आन्तरिक मेमो, ई-मेल तथा परिपत्र मार्फत प्रवाहको व्यवस्था मिलाईएको छ । यस्ता सूचनाहरुलाई थप प्रभावकारी रुपमा प्रवाह गर्न कोषको विद्युतिय प्रविधि (ईन्ट्रानेट)को समेत प्रयोग गरिएको छ।

### २) वाह्रय सूचना प्रणाली

कोषले सम्पादित काम/कारवाहीहरुको सम्वन्धमा सञ्चयकर्ता एवं सरोकारवालालाई पारदर्शि रुपमा सूचनाहरु प्रवाह गर्ने प्रभावकारी प्रणालीको विकास गरेको छ। कोषले सञ्चयकर्ताको हिसावको वार्षिक विवरण तयार गरी सञ्चयकर्ता समक्ष पुऱ्याउदैं आएको छ । कोषका सवै गतिविधिहरु एवं कोषले प्रदान गर्दै आएका सेवा सुविधाहरुको सूचना त्रैमासिक रुपमा News Letter प्रकाशनवाट, वार्षिक रुपमा कोष पत्रिका तथा भित्तेपात्रो प्रकाशनवाट, वार्षिक प्रतिवेदन प्रकाशनवाट, कोषका सेवा सुविधा सम्वन्धि वुकलेट, व्रोसर प्रकाशनवाट र कोषको वेबसाईट www.epfnepal.com.np बाट प्रवाह गर्दै आएको छ।

कोषले सेवा सुविधाहरुको जानकारी सञ्चयकर्तालाई प्रभावकारी ढंगले प्रवाह गर्न समय समयमा कोष तथा सञ्चयकर्ता कार्यालय र सञ्चयकर्ता वीचमा अन्तंर्क्रिया कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। सञ्चयकर्तालाई सम्वन्धित सूचना प्रवाह गर्न कोषले टेलिकोष, ई-सर्भिस, सञ्चयकर्ता SMS Service, Notice Board Services को समेत व्यवस्था गरेको छ।

कोषको काम कारवाहीको विषयमा सञ्चयकर्ता तथा सरोकारवालालाई वा सार्वजनिक रुपमा जानकारी प्रदान गर्न काषले एक प्रवक्ताको व्यवस्था गरेको छ।

## १.१४ संस्थागत संरचना

### १.१४.१ सञ्चालक समिति

#### १. गठन

कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ ले कोषको सञ्चालन एवं सुव्यवस्थापनको लागि नेपाल सरकारवाट नियुक्त अध्यक्षको अध्यक्षतामा नेपाल सरकारको विभिन्न सेवावाट नेपाल सरकारले मनोनित गरेको ३ जना सञ्चालक, वैंक, वित्तीय संस्था तथा अन्य संगठित संस्थाहरुवाट नेपाल सरकारले मनोनित गरेका २ जना सञ्चालक र कोषका प्रशासक गरी सात सदस्यीय सञ्चालक समितिको ब्यवस्था गरेको छ।

#### २. सञ्चालक समितिमा परिवर्तन

आर्थिक वर्ष २०७१/७२ मा कायम रहेको उल्लिखित कोषको संचालक समितिको अध्यक्ष र संचालकमा हाल देहायअनुरुप परिवर्तन भएको छ :

- अर्थ सचिव श्री सुमन प्रसाद शर्माले मिति २०७१/८/२५ देखि ०७२/०९/०२ सम्म कोषको सञ्चालक समितिको अध्यक्षता गर्नु भएको थियो।
- सञ्चालक श्री रामशरण पुडासैनीले मिति २०६८/०४/२६ देखि मिति २०७२/११/१२ सम्म कोषको सञ्चालक समितिमा नेपाल सरकारको तर्फवाट प्रतिनिधित्व गर्नु भएको थियो।
- सञ्चालक श्री कृष्ण प्रसाद शर्माले मिति २०७२/०९/२० सम्म कोषको सञ्चालक समितिमा राष्ट्रिय वाणिज्य वैंकको तर्फवाट प्रतिनिधित्व गर्नु भएको थियो। हाल सो स्थान खाली रहेको छ।
- महासेनानी श्री सुरजवावा सुनुवारले मिति २०७२/०९/०८ सम्म कोषको सञ्चालक समितिमा नेपाली सेनाको तर्फवाट प्रतिनिधित्व गर्नु भएको थियो।

#### ३. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार

कर्मचारी सञ्चय कोष ऐन, २०१९ ले सञ्चालक समितिको काम, कर्तव्य, जिम्मेवारी तथा जवाफदेहिता स्पष्ट गरिदिएको छ। सञ्चालक समितिले कोषको कार्य व्यवस्थित एंव संगठित रुपमा सञ्चालन गर्न आफूमा निहित अधिकार प्रशासक वा कुनै उपसमितिलाइ र प्रशासकले आफूमा निहित अधिकार आफू मातहतका अधिकारी एवं कर्मचारीलाइ प्रत्यायोजन गर्ने गरेको छ।

#### ४. सञ्चालक समिति खर्च तथा प्रशासकको पारिश्रमिक

सञ्चालक समितिका सदस्यले समितिको वैठकमा सहभागी भए वापत प्रति वैठक रु.३,०००/- का दरले वैठक भत्ता पाउने व्यवस्था रहेको छ। यस वाहेक अन्य सुविधा प्रदान गर्ने व्यवस्था रहेको छैन।

कोषका प्रशासकलाई आर्थिक वर्ष २०७१/७२ मा नियमानुसार तलव, भत्ता तथा सुविधा वापत रु.२३,२०,७२३/६० भुक्तानी गरिएको छ।

आर्थिक वर्ष २०७१/७२ मा कोष सञ्चालक समितिको वैठक भत्ता तथा खर्च शीर्षक अर्न्तगत रु. १०,१०,९६०/- खर्च भएको छ। गत वर्षको यस्तो खर्च रकम रु. १४,१८,७०४ रहेको थियो।

हाल कोषको सञ्चालक समितिमा देहायवमोजिम सञ्चालकहरु रहनु भएको छ :

| पद | नाम | कार्यालय/ठेगाना | नियुक्ति मिति |
|---|---|---|---|
| अध्यक्ष | श्री प्रेम कुमार राई | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २०७२/०९/०३ |
| सञ्चालक | श्री प्रताप सिंह थापा | प्रहरी अतिरिक्त महानिरीक्षक, नेपाल प्रहरी | २०६८/०९/०७ |
| सञ्चालक | श्री प्रकाश सिंह प्रधान | प्राध्यापक, त्रिभुवन विश्वविद्यालय | २०७१/१०/०८ |
| सञ्चालक | श्री लक्ष्मण अर्याल | सहसचिव, अर्थ मन्त्रालय | २०७२/११/१३ |
| सञ्चालक | श्री प्रकाश कुमार के.सी | सहायक रथी, नेपाली सेना | २०७२/०९/०९ |
| सञ्चालक | श्री कृष्णप्रसाद आचार्य | प्रशासक,कर्मचारी सञ्चय कोष | २०६९/०५/२१ |

आर्थिक वर्ष २०७१/७२ मा कोषको संचालक समितिको वैठक नं. १४२५ देखि १४४७ सम्म जम्मा २३ वटा वैठक सम्पन्न भएको छ।

## १.१४.२ अन्य मुख्य समिति तथा उपसमितिहरू

### क. लेखापरीक्षण समिति

#### १. गठन

कर्मचारी सञ्चय कोष (आर्थिक प्रशासन) नियमावली, २०६८ को नियम २१ ले कोषमा निम्नबमोजिम तीन सदस्यीय लेखापरीक्षण समितिको व्यवस्था गरी काम, कर्तव्य र अधिकार स्पष्ट गरिदिएको छ :

| पदाधिकारी | पद | आ.व. २०७१/७२ मा प्रतिनिधित्व |
|---|---|---|
| सञ्चालकहरु मध्येबाट सञ्चालक समितिले तोकेको सञ्चालक | अध्यक्ष | श्री रामशरण पुडासैनी |
| सञ्चालक समितिले तोकिदिएको चार्टर्ड एकाउण्टेण्ट | सदस्य | श्री प्रवीणध्वज जोशी |
| आ.ले.प. विभागका विभागीय प्रमुख | सदस्य | श्री हिमालय प्रसाद शिवाकोटी |

आर्थिक वर्ष २०७१/७२ मा लेखापरीक्षण समितिको वैठक जम्मा १७ वटा वैठक सम्पन्न भएको छ ।

#### २. लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार

- कोषको लेखा तथा वित्तीय बिवरणहरुको पुनरावलोकन गर्ने र त्यस्ता विवरणहरुमा उल्लिखित तथ्यको सत्यता यकिन गर्ने,
- कोषको आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापन प्रणालीको पुनरावलोकन गर्ने,
- कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यको सुपरिवेक्षण तथा पुनरावलोकन गर्ने,
- कोषको लेखापरीक्षण सम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने भनी निर्धारित आचरण, मापदण्ड तथा निर्देशिका पालन भए वा नभएको कुराको रेखदेख तथा पुनरावलोकन गर्ने,
- आवश्यकताअनुसार कोषको लेखा नीति पुनरावलोकन गरी स्वीकृतिको लागि सञ्चालक समितिसमक्ष पेश गर्ने
- कोषको लेखा, वित्तीय व्यवस्था तथा लेखापरीक्षणको सम्बन्धमा सञ्चालक समितिले तोकिदिएको अन्य कार्य गर्ने ।

समितिको कार्यक्षेत्र अन्तर्गत कोषको लेखा तथा वित्तीय बिवरणहरुको समयानुकुल पुनरावलोकन गर्ने र त्यस्ता विवरणहरुमा उल्लिखित तथ्यको सत्यता यकीन गर्ने, कोषको आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापन प्रणालीको पुनरावलोकन गर्ने, कोषको लेखापरीक्षण सम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरण, मापदण्ड तथा निर्देशिका पालन भए वा नभएको रेखदेख गर्ने, आवश्यकता अनुसार कोषको लेखा नीति पुनरावलोकन गरी सञ्चालक समितिसमक्ष सिफारिश गर्ने लगायतका कार्य समेत तोकिएको छ ।

### ख. जोखिम व्यवस्थापन समिति

#### १. गठन

जोखिम व्यवस्थापन निर्देशिका, २०७१ ले कोषमा निम्नबमोजिम तीन सदस्यीय जोखिम व्यवस्थापन समितिको व्यवस्था गरी काम, कर्तव्य र अधिकार स्पष्ट गरिदिएको छ :

| पदाधिकारी | पद | आ.व. २०७१/७२ मा प्रतिनिधित्व |
|---|---|---|
| संचालकहरु मध्येबाट संचालक समितिले तोकेको संचालक | अध्यक्ष | श्री प्रतापसिंह थापा |
| लेखापरिक्षण समितिको अध्यक्ष | सदस्य | श्री रामशरण पुडासैनी |
| परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख | सदस्य सचिव | श्री जितेन्द्र धिताल |

आर्थिक वर्ष २०७१/७२ मा जोखिम व्यवस्थापन समितिको जम्मा ५ वटा वैठक सम्पन्न भएको छ ।

#### २. जोखिम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

- कोषको विद्यमान जोखिम पहिचान गरी व्यवस्थापन प्रणालिको प्रर्याप्तताको सम्वन्धमा संचालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालिको विकासको लागि सुझाव दिने,

- कोषको लगानी गतिविधिमा निहित जोखिमको स्तर, जोखिम वहन क्षमता,जोखिम व्यवस्थापनका लागि विकास गरेको रणनिति, नीतिगत व्यवस्था र मार्गदर्शन को नियमित पुनरावलोकन गरी सोको प्रर्याप्तताको सम्वन्धमा संचालक समितिमा सुझाव दिने,
- व्यवस्थापनवाट नियमित रुपमा जोखिम व्यवस्थापन प्रतिवेदन लिई जोखिमको आंकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन के कसरी भैरहेको छ सो सम्वन्धमा छलफल गरी संचालक समितिमा सुझाव पेश गर्ने ।
- जोखिमयुक्त सम्पतिको लागि गरिएको व्यवस्था प्रर्याप्त भए नभएको विश्लेषण गरी संचालक समिति सुझाव पेश गर्ने
- अर्थतन्त्रको कुनै विशेष क्षेत्र वा समग्र क्षेत्रमा उत्पन्न भएको समस्या वा परिवर्तनले कोषको लगानीमा पर्न सक्ने असरको अध्ययन गरी सोवाट उत्पन्न हुने जोखिम न्यूनीकरणका लागि संचालक समितिमा सुझाव पेश गर्ने,
- कुनै परियोजना कर्जा प्रस्तावको निहित जोखिमहरुका सम्वन्धमा विश्लेषण गरी संचालक समितिमा सुझाव पेश गर्ने,
- कोषको व्यावसायिक निरन्तरता योजना Business Continuity Plan र Disaster Recovery Plan तर्जुमा गरी कार्यान्वयन गर्न लगाउने,

## ग. पदपूर्ति समिति

### १. गठन

कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०४८ (संशोधन सहीत) को नियम २.३ ले कोषमा निम्न बमोजिम पाँच सदस्यीय पदपूर्ति समितिको व्यवस्था गरी काम, कर्तव्य र अधिकार स्पष्ट गरिदिएको छ

| पदाधिकारी | पद | आ.व. २०७१/७२ मा प्रतिनिधित्व |
|---|---|---|
| प्रशासक, कर्मचारी संचय कोष | अध्यक्ष | श्री कृष्ण प्रसाद आचार्य |
| अर्थ मन्त्रालयको प्रतिनिधि | सदस्य | श्री योगनाथ पौडेल |
| सञ्चालक समितिद्धारा मनोनित कोषका वरिष्ठ अधिकृत | सदस्य | श्री हसना शर्मा |
| सञ्चालक समितिद्धारा तोकेका एक अनुभवी प्रतिष्ठित व्यक्ति | सदस्य | श्री अर्जुनमणि आ.दी. |
| मानव संशाधन विभागका विभागीय प्रमुख | सचिव | श्री शिव कुमार अर्याल |
| लोक सेवा आयोगको स्थायि आमन्त्रित प्रतिनिधि | प्रतिनिधि | श्री सन्तोष प्रसाद दाहाल |

आर्थिक वर्ष २०७१/७२ मा पदपूर्ति समितिको जम्मा ७१ वटा वैठक सम्पन्न भएको छ ।

### २. पदपूर्ति समितिका समितिको काम, कर्तव्य र अधिकार

- कोषमा रिक्त पदहरु पूर्ति गर्न प्रतियोगिताको किसिम निर्धारण गर्ने र बढुवा तथा खुल्ला प्रतियोगिताको प्रतिशत निर्धारण गर्ने ।
- खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्नुपर्ने पदहरुको विज्ञापन गर्ने, लिखित परीक्षा तथा अर्न्तवार्ता लिने र छनोट गरिएका उम्मेदवारलाई नियुक्तिका लागि सिफारिश गर्ने ।
- बढुवाद्वारा पूर्ति गर्नुपर्ने पदको लागि सम्भाव्य उम्मेदवारको कार्यक्षमता मूल्यांकन गरी योग्यताक्रम अनुसार पदपूर्ति गर्न सिफारिश गर्ने ।

## घ. दुर्घटना क्षतिपूर्ति रकम दावी फछ्र्योट समिति

### १. गठन

कर्मचारी सञ्चय कोषको जगेडा कोष, कल्याणकारी कोष, निवृत्तिभरण कोष र अन्य कोषहरु सञ्चालन नियमावली,२०६२ (संशोधन सहित) को नियम ११ ले कोषमा निम्न बमोजिम पाँच सदस्यीय दुर्घटना क्षतिपूर्ति रकम दावी फछ्र्योट समितिको व्यवस्था गरी काम, कर्तव्य र अधिकार स्पष्ट गरिदिएको छ :

| पदाधिकारी | पद | आ.व. २०७१/७२ मा प्रतिनिधित्व |
|---|---|---|
| प्रशासक, कर्मचारी संचय कोष | अध्यक्ष | श्री कृष्ण प्रसाद आचार्य |
| मुख्य अधिकृत, कर्मचारी संचय कोष | सदस्य | श्री हसना शर्मा |
| सञ्चालक समितिले तोकेका एक वरिष्ठ चिकित्सक | सदस्य | डा. रमेश बस्नेत |
| सञ्चालक समितिले तोकेका एक विमा विज्ञ | सदस्य | श्री पुष्पदास श्रेष्ठ |
| स.से.तथा सा.सु. विभागका विभागीय प्रमुख | सदस्यसचिव | श्री वीरेन्द्र मोहन भट्टराई |

आर्थिक वर्ष २०७१/७२ मा दुर्घटना रकम दावी फछ्यौंट समितिको जम्मा ८ वटा वैठक सम्पन्न भएको छ ।

## २. दुर्घटना क्षतिपूर्ति रकम दावी फछ्र्योंट समितिको काम, कर्तव्य र अधिकार

सञ्चयकर्ताको सेवाकालमा मृत्यु भएमा वा पूर्ण अंगभंग भएमा निज वा निजको हकवालालाई प्रदान गरिने दूर्घटना क्षतिपूर्ति सम्वन्धी दावीका सम्वन्धमा जाँचवुझ गरी निर्णय गर्ने ,

## ङ. सम्पत्ति दायित्व व्यवस्थापन समिति

### १. गठन

कोषको सञ्चालक समितिको निर्णयबाट कोषमा निम्नबमोजिम आठ सदस्यीय सम्पत्ति दायित्व व्यवस्थापन समिति (ALCo) को व्यवस्था गरी काम, कर्तव्य र अधिकार स्पष्ट गरिदिएको छ :

| पदाधिकारी | पद | आ.व. २०७१/७२ मा प्रतिनिधित्व |
|---|---|---|
| प्रशासक, कर्मचारी संचय कोष | संयोजक | श्री कृष्ण प्रसाद आचार्य |
| मुख्य अधिकृत कार्य सञ्चालन | सदस्य | श्री हसना शर्मा |
| मुख्य अधिकृत, संस्थागत व्यवस्थापन | सदस्य | श्री राजेन्द्र काफ्ले |
| विभागीय प्रमुख, सञ्चयकर्ता कर्जा तथा असूली विभाग | सदस्य | श्री केदारनाथ गौतम |
| विभागीय प्रमुख , लगानी तथा ट्रेजरी व्यवस्थापन विभाग | सदस्य | श्री दुर्गा सुवेदी |
| विभागीय प्रमुख, सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग | सदस्य | श्री वीरेन्द्र मोहन भट्टराई |
| विभागीय प्रमुख ,प.वि तथा जोखिम व्यवस्थापन विभाग | सदस्य | श्री जितेन्द्र धिताल |
| विभागीय प्रमुख , भवन निर्माण तथा आवास व्यवस्थापन विभाग | सदस्य | श्री माधव प्रसाद कोईराला |

आर्थिक वर्ष २०७१/७२ मा यस समितिको जम्मा २ वटा वैठक सम्पन्न भएको छ ।

## २. सम्पत्ति दायित्व व्यवस्थापन समिति (ALCo) को काम, कर्तव्य र अधिकार

- लगानी तथा स्रोत उपयोग नीति, जग्गा,भवन तथा अन्य सम्पति व्यवस्थापन नीति, जगेडा कोष व्यवस्थापन नीति, सञ्चयकर्ता सापटी नीति, सञ्चय कोष मौज्दात व्यवस्थापन नीति तर्जुमा तथा पुनरावलोकन गरी स्वीकृतिको लागि पेश गर्ने ।
- सम्पति तथा दायित्वहरुको Maturity Profile तयार गर्न लगाई सो को आधारमा तरलता जोखिमको विश्लेषण गर्ने,
- वैंक तथा वित्तीय संस्थाहरुमा प्रचलनमा रहेको मुद्दती निक्षेप तथा कर्जाको प्रचलित व्याजदरको प्रवृत्ति विश्लेषण (Trend Analysis ) गरी व्याज दर जोखिम (Interest Risk) तथा वजार जोखिम (Market Risk) को विश्लेषण गर्ने ।
- नगद प्रवाह विश्लेषणको आधारमा तरलता व्यवस्थापन तथा स्रोतको उपयोगलाई प्रभावकारी बनाउने ।

- कोषको उपयोगको लागि सुरक्षित एवम् प्रतिफलयुक्त क्षेत्र पहिचान गरी आम्दानी अभिवृद्धि गर्न आवश्यक कार्य योजना तयार गर्ने ।
- कोषको सम्पतिहरुमा निहित विभिन्न प्रकारका जोखिमको पहिचान र विश्लेषण गरी सोको व्यवस्थापनका लागि आवश्यक कार्य योजना तयार गर्ने ।
- कोषबाट प्रवाह भएका कर्जा, लगानी ,सञ्चयकर्ता सापटी तथा वहाल असूलीका लागि भएका प्रयास र सोको प्रगतिको मासिक रुपमा समिक्षा गर्ने ।

## च. लगानी प्रवर्द्धन समिति

### १. गठन

कर्मचारी सञ्चय कोष ऐन,२०१९ को दफा १९ ख ले प्रशासकको अध्यक्षतामा चार सदस्यीय लगानी प्रवर्द्धन समितिको व्यवस्था गरी काम, कर्तव्य र अधिकार स्पष्ट गरिदिएको छ । हाल यस समितिले पूर्णता पाएको छैन ।

### २. लगानी प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार :

कोषको रकम सुरक्षित तथा बढी प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्नको निमित्त लगानी नीति निर्धारण गरी सञ्चालक समितिमा सुझाब पेश गर्ने ।

## छ. भवन निर्माण प्राविधिक समिति

### १. गठन

कोषको सञ्चालक समितिको निर्णयबाट एक करोड भन्दा माथिको भवन निर्माण तथा मर्मत संभार वा आवास परियोजना निर्माण गर्दा आवश्यक पर्ने प्राविधिक राय, सल्लाह तथा सुझाव दिनका लागि कोषमा निम्न बमोजिम चार सदस्यीय भवन निर्माण प्राविधिक समितिको व्यवस्था गरी काम, कर्तव्य र अधिकार स्पष्ट गरिदिएको छ :

### २. भवन निर्माण प्राविधिक समितिका काम, कर्तव्य र अधिकार

- भवन निर्माणको लागि परामर्शदाता वा ठेकेदार छनोटको लागि खरिद ईकाईले तयार गरेको Request for Proposal र बोलपत्र कागजातहरु अध्ययन गरी आवश्यकता अनुसार व्यवस्थापनलाई राय सल्लाह र सुझाव दिने ।
- भवन निर्माणको लागि परामर्शदाता तथा ठेकेदार छनोटको लागि व्यवस्थापनबाट गठित बोलपत्र मूल्याङ्कन समितिले तयार गरेको मूल्याङ्कन प्रतिवेदनको अध्ययन गरी आवश्यकता अनुसार व्यवस्थापनलाई राय सल्लाह र सुझाव दिने ।
- भवन निर्माणको क्रममा कोष र परामर्शदाता वा ठेकेदार बीच हुने ठेक्का सम्झौताको कागजात (Contract Agreement) समीक्षा गरी आवश्यकता अनुसार व्यवस्थापनलाई राय सल्लाह र सुझाव दिने ।
- परामर्शदाताबाट पेश भएको डिजाईन, ड्इङ्ग, लागत अनुमान र प्राविधिक स्पेसीफिकेसनको अध्ययन गरी स्वीकृत मापदण्ड अनुरुप मितव्ययी, गुणस्तरीय र व्यवहारिक बनाउनको लागि आवश्यकता अनुसार व्यवस्थापनलाई राय सल्लाह र सुझाव दिने ।
- खरिद सम्झौताको कार्यान्वयनको क्रममा आईपर्ने प्राविधिक वा अन्य समस्याहरुमा आवश्यकता अनुसारको राय सल्लाह र सुझाव प्रदान गर्ने ।
- खरिद सम्झौताको कार्यान्वयनको क्रममा व्यवस्थापनले माग गरेअनुसार कोष र परामर्शदाता वा निर्माण व्यवसायी बीच भएको खरिद सम्झौता तथा परामर्शदाता वा निर्माण व्यवसायीको कार्यसम्पादनको स्तरको अध्ययन गरी आवश्यक राय सल्लाह र सुझाव प्रदान गर्ने ।

| पदाधिकारी | पद | आ.व. २०७१/७२ मा प्रतिनिधित्व |
|---|---|---|
| मुख्य अधिकृत, कार्य सञ्चालन | संयोजक | श्री हसना शर्मा |
| प्रशासकबाट मनोनित नेपाल सरकार वा विश्वविद्यालय वा संगठित संस्थामा कार्यरत वा सो क्षेत्रबाट अवकाश प्राप्त कम्तिमा रा.प.द्धितीय श्रेणीको इन्जिनियर वा आर्किटेक्ट मध्येबाट ३ (तीन) जना | सदस्य | ईन्जिनीयर श्री लेखराज उपाध्याय<br>आर्किटेक्ट श्री राजेश थापा |
| विभागीय प्रमुख, भवन निर्माण तथा आवास व्यवस्थापन विभाग | सदस्य सचिव | श्री माधव प्रसाद कोईराला |

आर्थिक वर्ष २०७१/७२ मा यस समितिको जम्मा १ वटा वैठक सम्पन्न भएको छ ।

- परामर्शदाताबाट सिफारिश सहित पेश भएको निर्माण व्यवसायी (ठेकेदार) को अन्तिम बील (Final Bill) को भुक्तानीको लागि व्यवस्थापनले सम्परीक्षण (Re-checking) गर्न निर्देशन गरेमा सोको अध्ययन गरी आवश्यक राय सल्लाह र सुझाव प्रदान गर्ने ।
- कोष व्यवस्थापनको अनुरोध अनुसार अन्य कुनै प्राविधिक विषयमा आवश्यक राय सल्लाह र सुझाव प्रदान गर्ने ।

## ज. वेरुजु फछ्र्यौट, मूल्याङ्कन तथा अनुगमन समिति

### १. गठन

कर्मचारी सञ्चय कोष (आर्थिक प्रशासन) नियमावली, २०६८ को नियम २४ ले कोषमा पाँच सदस्यीय वेरुजु फछ्र्यौट मूल्याङ्कन तथा अनुगमन समितिको व्यवस्था गरी काम, कर्तव्य र अधिकार स्पष्ट गरिदिएको छ ।

### २. वेरुजु फछ्र्यौट मूल्याङ्कन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार

आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट औल्याइएका बेरुजु फछ्र्यौट सम्बन्धी काम कारबाहीमा प्रभावकारिता ल्याउन सञ्चालक समितिले देहायका काम कर्तब्य र अधिकार तोकिदिएको छ :

- अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका विषयमा कोष सञ्चालक समितिले दिएको प्रतिक्रियाको प्रगति विवरण प्राप्त गरी सोको लेखाजोखा तथा मूल्याङ्कन गरी सम्बन्धित विभाग मार्फत् कार्यान्वयन गर्न निर्देशन दिने ।
- महालेखापरीक्षकको प्रतिवेदन तथा व्यवस्थापन पत्रमा औंल्याईएका विषयहरुको प्रगति अवस्थाको अनुगमन, लेखाजोखा तथा मूल्याङ्कन गरी सम्बन्धित विभागमार्फत् कार्यान्वयन गर्न निर्देशन दिने ।
- अन्तिम लेखापरीक्षण प्रतिबेदनमा सञ्चालक समितिबाट दिएका निर्देशनहरुको कार्यान्वन अवस्थाको सम्वन्धमा आवधिक रुपमा समीक्षा एवं प्रगतिको मूल्याङ्कन गर्ने ।
- आन्तरिक तथा अन्तिम लेखापरीक्षणाको क्रममा देखिएका बेरुजुहरुको अनुगमन तथा मूल्याङ्कन गरी फछ्र्यौट गर्न सम्बन्धित विभाग एवं शाखाहरुलाई निर्देशन दिने ।
- सार्वजनिक लेखा समिति, अर्थ मन्त्रालय तथा सम्वद्ध निकायबाट माग भएको बेरुजु सम्बन्धी बिवरण, जबाफ एवं जानकारी तयार गरी सम्बन्धित विभाग मार्फत् सम्बन्धित निकायमा पत्राचार गर्ने व्यवस्था गर्ने ।
- बेरुजु फछ्र्यौट सम्बन्धी काम सम्पादन गर्दा सम्बन्धित विभाग, शाखा, शाखा कार्यालयहरु तथा पदाधिकारीहरुसँग छलफल गर्ने तथा आवस्यक कागजात माग गर्ने ।
- आन्तरिक लेखापरीक्षण विभागबाट लेखापरीक्षणको क्रममा देखाएका आर्थिक कारोबारसँग सम्बन्धी बेरुजुहरु फछ्र्यौट गर्न निर्देशन दिने र फछ्र्यौटको अवस्थाका बारेमा आवधिक रुपमा लेखापरीक्षण समितिलाई जानकारी गराउने ।
- आन्तरिक तथा अन्तिम लेखापरीक्षणको क्रममा देखिएका बेरुजु फछ्र्यौटका क्रममा बिभिन्न विभाग, शाखा एवं शाखा कार्यालयहरुबाट सम्पादन भएका कामहरुको प्रगतिका सम्वन्धमा आवधिक रुपमा समीक्षा गर्ने ।
- बेरुजु फछ्र्यौटको सिलसिलामा कुनै विषयमा नीतिगत सुधार गर्नुपर्ने देखिएमा लेखापरीक्षण समिति समक्ष पेश गर्ने ।
- आफूले सम्पादन गरेका कार्यहरुको आवधिक प्रतिबेदनले खापरीक्षण समितिमा पेश गर्ने ।

| पदाधिकारी | पद | आ.व. २०७१/७२ मा प्रतिनिधित्व |
|---|---|---|
| मुख्य अधिकृत, संस्थागत व्यवस्थापन | संयोजक | श्री राजेन्द्र काफ्ले |
| विभागीय प्रमुख, केन्द्रिय लेखा तथा खर्च विभाग | सदस्य | श्री मनोहरि भट्टराई |
| विभागीय प्रमुख मानव संशाधन तथा आन्तरिक व्यवस्थापन विभाग | सदस्य | श्री शिव कुमार अर्याल |
| विभागीय प्रमुख आन्तरिक लेखापरिक्षण विभाग | सदस्य | श्री हिमालय प्रसाद सिवाकोटी |
| प्रशासकले तोकेको केन्द्रिय लेखा तथा खर्च विभागको अधिकृत | सदस्यसचिव | श्री वीरेन्द्र पौडेल |

आर्थिक वर्ष २०७१/७२ मा वेरुजु फस्छ्यौट, मूल्याङ्कन तथा अनुगमन समितिको वैठक जम्मा १० वटा वैठक सम्पन्न भएको छ ।

## झ. सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम सोधभर्ना समिति

### १. गठन

सञ्चयकर्ता औषधि उपचार सहयोग कार्यक्रम, २०७० को प्रकरण १२(३) ले कोषमा निम्नबमोजिम पाच सदस्यीय सञ्चयकर्ता औषधि उपचार सहयोग कार्यक्रम समितिको व्यवस्था गरी काम, कर्तव्य र अधिकार स्पष्ट गरिदिएको छ :

| पदाधिकारी | पद | आ.व. २०७१/७२ मा प्रतिनिधित्व |
|---|---|---|
| प्रशासक, कर्मचारी संचय कोष | अध्यक्ष | श्री कृष्ण प्रसाद आचार्य |
| मुख्य अधिकृत, कर्मचारी संचय कोष | सदस्य | श्री हसना शर्मा |
| सञ्चालक समितिले तोकेका एक वरिष्ठ चिकित्सक | सदस्य | डा. रमेश बस्नेत |
| सं.से.तथा सा.सु. विभागका विभागीय प्रमुख | सदस्य | श्री वीरेन्द्र मोहन भट्टराई |
| प्रवन्धक, अधिकृत, सं.से.तथा सा.सु. विभाग | सदस्यसचिव | श्री सुमना स्थापित |

आर्थिक वर्ष २०७१/७२ मा सञ्चयकर्ता औषधिउपचार सहयोग कार्यक्रम समितिको जम्मा ४ वटा वैठक सम्पन्न भएको छ।



### २. सञ्चयकर्ता औषधि उपचार सहयोग कार्यक्रम सोधभर्ना समितिको काम, कर्तव्य र अधिकार

औषधोपचार सहयोग कार्यक्रम अर्न्तगत असामान्य, जटिल प्रकृतिका तथा द्विविधा हुने रोगहरुका सम्वन्धमा प्रदान गरिने सुविधाको अन्तिम निर्णय गर्ने।

## ञ. कार्यक्रम तथा वजेट समिति

### १. गठन

कर्मचारी सञ्चय कोष , वजेट निर्देशिका, २०७१ को प्रकरण २० ले कोषमा निम्नबमोजिम छ सदस्यीय कार्यक्रम तथा वजेट समितिको व्यवस्था गरी काम, कर्तव्य र अधिकार स्पष्ट गरिदिएको छ :

| पदाधिकारी | पद | आ.व. २०७१/७२ मा प्रतिनिधित्व |
|---|---|---|
| प्रशासक, कर्मचारी संचय कोष | अध्यक्ष | श्री कृष्ण प्रसाद आचार्य |
| मुख्य अधिकृत, कार्य सञ्चालन | सदस्य | श्री हसना शर्मा |
| मुख्य अधिकृत,संस्थागत व्यवस्थापन | सदस्य | श्री राजेन्द्र काफ्ले |
| विभागीय प्रमुख, के.ले.तथा खर्च विभाग | सदस्य | श्री मनोहरि भट्टराई |
| विभागीय प्रमुख, यो.अ. तथा मू. विभाग | सदस्य | श्री लक्ष्मी प्रसाद श्रेष्ठ |
| वरिष्ठ प्रवन्धक, के.ले.तथा खर्च विभाग | सदस्य सचिव | श्री ध्रुव प्रसाद अधिकारी |

आर्थिक वर्ष २०७१/७२ मा कार्यक्रम तथा वजेट समितिको वैठक जम्मा ७ वटा वैठक सम्पन्न भएको छ।

### २. कार्यक्रम तथा बजेट समितिको काम, कर्तव्य र अधिकार

- केन्द्रीय लेखा तथा खर्च विभागबाट पेश गरिएको प्रारम्भिक बजेट उपर छलफल गरी जेष्ठ मसान्त भित्र आवश्यक पुनरावलोकन, परिमार्जन तथा संशोधन सहित सिफारिस गर्ने।
- वजेट सिफारिस गर्दा गत आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको समीक्षा समेत पेश गर्ने।
- स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको कार्यान्वयन प्रगतिको अर्धवार्षिक समीक्षा गरी सञ्चालक समिति समक्ष पेश गर्ने।

## ट. कर्जा तथा लगानी समिति

### १. गठन

कर्मचारी सञ्चय कोष, लगानी नीति, २०७१ को प्रकरण ५.२ ले कोषमा निम्नबमोजिम पाँच सदस्यीय कर्जा तथा लगानी समितिको व्यवस्था गरी काम, कर्तव्य र अधिकार स्पष्ट गरिदिएको छ :

| पदाधिकारी | पद | आ.व. २०७१/७२ मा प्रतिनिधित्व |
|---|---|---|
| प्रशासक, कर्मचारी संचय कोष | अध्यक्ष | श्री कृष्ण प्रसाद आचार्य |
| मुख्य अधिकृत, कार्य सञ्चालन | सदस्य | श्री हसना शर्मा |
| मुख्य अधिकृत,संस्थागत व्यवस्थापन | सदस्य | श्री राजेन्द्र काफ्ले |
| विभागीय प्रमुख, ल. तथा ट्रे. व्य. विभाग | सदस्य | श्री दुर्गा प्रसाद सुवेदी |
| विभागीय प्रमुख, प.वि. तथा जो. व्य. विभाग | सदस्य | श्री जितेन्द्र धिताल |

आर्थिक वर्ष २०७१/७२ मा कर्जा तथा लगानी समितिको वैठक जम्मा १०९ वटा वैठक सम्पन्न भएको छ ।

### १. कर्जा तथा लगानी समितिको काम, कर्तव्य र अधिकार

#### क. कोषमा संकलित रकमलाई कर्जामा प्रवाह गर्ने सम्बन्धमा

- परियोजना कर्जा अन्तर्गतका संस्थागत कर्जा, सहवित्तीयकरण कर्जा र जमानत कर्जा प्रवाहको स्वीकृतिको निमित्त सञ्चालक समिति समक्ष सिफारिश गर्ने ।
- परियोजना कर्जा अन्तर्गतका संस्थागत कर्जा र जमानत कर्जाको पुनर्संरचना, पुनर्तालिकीकरण र नवीकरणको स्वीकृतिको निमित्त सञ्चालक समिति समक्ष सिफारिश गर्ने ।
- (सहवित्तीयकरण कर्जा अन्तर्गतका कर्जाहरुको हकमा सहवित्तीयकरणको निर्णयानुसार कर्जा पुनर्संरचना, पुनर्तालिकीकरण वा नवीकरण प्रस्ताव स्वीकृत गर्ने ।
- कोषले सञ्चयकर्ताहरुलाई दिने र लिने ब्याजको दर तय गर्न सञ्चालक समिति समक्ष सिफारिश गर्ने ।
- परियोजना कर्जाको ब्याजदर पुनरावलोकन गर्न सञ्चालक समिति समक्ष सिफारिश गर्ने,
- सञ्चालक समितिबाट स्वीकृत भईसकेका कर्जाहरुको प्रवाह, अनुगमन, धितो फुकुवा लगायत कर्जा व्यवस्थापनसँग सम्बन्धित अन्य सम्पूर्ण कार्य गर्ने,
- लगानी नीतिबमोजिम लगानीको सीमा, लगानीको संरचना तथा औसत प्रतिफलको अनुगमन, मूल्याङ्कन तथा विश्लेषण गरी सञ्चालक समितिलाई जानकारी गराउने एवं लगानी विविधीकरणको निमित्त गर्नुपर्ने विधि र प्रक्रिया अवलम्बन गर्ने ।

#### ख. कोषमा संकलित रकमलाई लगानी शीर्षकमा प्रवाह गर्ने सम्बन्धमा

- “क” वर्गको बैंकसंग बैकिङ्ग तथा वित्तीय कारोबार गर्न सञ्चालक समितिसमक्ष सिफारिश गर्ने, स्वीकृत भएका वाणिज्य बैंकहरुसंग बैंकिङ्ग तथा वित्तीय कारोबार गर्ने वा आवश्यकता अनुसार कारोबार बन्द गर्ने,
- सरकारी सुरक्षणपत्र खरिद गर्ने, बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न स्वीकृत भएका “क” वर्गको बैंकहरुमा मुद्दती निक्षेप लगानी गर्ने ।
- बैंक वा वित्तीय संस्थाको शेयर तथा डिवेन्चरमा लगानी गर्न सञ्चालक समिति समक्ष सिफारिश गर्ने,
- नेपाल सरकारको सुरक्षणपत्र वा मुद्दती रसिद धितो राखी बैंक वा वित्तीय संस्थाबाट कर्जा लिन सञ्चालक समिति समक्ष सिफारिश गर्ने ।
- ब्याजदर तथा तरलताको अनुगमन तथा विश्लेषण गरी तरलता व्यवस्थापनका लागि रणनीति तय गर्ने ।
- कोषले शेयर लगानी गरेका बैंक वा वित्तीय संस्था एक अर्कामा गाभिने क्रममा लिईनु पर्ने नीतिगत व्यवस्थाका लागि सञ्चालक समिति समक्ष सिफारिश गर्ने ।
- कोषले आवास परियोजना सञ्चालन गर्न तथा स्थिर सम्पत्तिमा लगानी गर्न सञ्चालक समिति समक्ष सिफारिश गर्ने ।

### १.१४.३ समिति तथा उपसमितिहरुको पारिश्रमिक व्यवस्था

अन्य समिति तथा उपसमितिको वैठकमा सहभागी भए वापत सहभागी प्रति वैठक भत्ता तथा अन्य सुविधा देहाय अनुरुप रहेको छ :

| क्र.सं. | शिर्षक | रकम रु. |
|---|---|---|
| १ | ऐन, नियमद्वारा गठित समिति, उपसमिति एवं संचालक समितिले गठन गरेको समिति, उपसमितिमा :<br>- संचालक/प्रशासक<br>- सदस्यहरु | <br>३,०००<br>२,००० |
| २ | आमन्त्रित बाह्य विज्ञहरु :<br>- संचालक समितिमा<br>- उपसमिति, अन्य समितिमा | <br>२,५००<br>२,००० |
| ३ | संचालक समितिका सचिव (समितिको बैठकमा) | १,५०० |



### १.१५ आन्तरिक नियन्त्रण प्रणाली

कोषको कारोवार एवं लेखाङ्कनका सम्पूर्ण क्षेत्रमा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न महत्वपूर्ण आर्थिक कारोवार हुने क्षेत्रहरुमा निहित जोखिम पहिचान गरी प्राथमिकताका साथ नियन्त्रण र न्यूनीकरण गर्ने पद्दतिको विकास गरिएको छ ।

कोषको आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्न तथा संस्थागत सुशासन सुनिश्चित गर्न नेपाल सरकारबाट स्वीकृत कर्मचारी सञ्चय कोष (आर्थिक प्रशासन) नियमावली, २०६८ मा कोषमा एक स्वतन्त्र लेखा परीक्षण समितिको समेत व्यवस्था गरिएको छ । उक्त लेखापरीक्षण समिति अन्तर्गत रहेर स्वीकृत लेखापरीक्षण कार्ययोजना अनुरुप कोषको आन्तरिक लेखा परीक्षण विभागले विभिन्न विभाग तथा शाखा कार्यालयहरुको कारोवारको आन्तरिक लेखापरीक्षण गर्दै आएको छ । साथै, स्वीकृत वजेट तथा कार्यक्रम अनुरुप आन्तरिक नियन्त्रणका लागि मुख्य अधिकृत अन्तर्गत केन्दीय लेखा तथा खर्च विभाग र प्रशासक अन्तर्गत योजना, अनुगमन तथा मूल्याकन विभागको व्यवस्था गरी सुपरिवेक्षण व्यवस्था प्रभावकारी वनाईएको छ ।

कोषको समग्र लेखाङ्कन प्रणालीमा सुधार गर्न आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका वेरुजु फछर्यौट सम्वन्धी काम कारवाहीमा प्रभावकारिता ल्याउन वेरुजु फछर्यौट,मूल्याङ्कन तथा अनुगमन समिति सक्रिय रहेको छ ।

कोषको आन्तरिक नियन्त्रण प्रणलीलाई दीगो बनाउन लेखा परीक्षण गरिने क्षेत्र तथा शाखा, विभागको कारोवारको लेखापरीक्षण सम्पन्न गर्दा देखिएका कमी कमजोरीहरुमा स्वतन्त्र रुपमा सुधारका लागि सुझाव सहित प्रतिवेदन लेखापरीक्षण समितिमा पेश गर्ने गरिएको छ । फलस्वरुप कोषको कारोवारको लेखाङ्कनमा यस वर्ष समेत थप सुधार आएको छ ।

कोषको आन्तरिक नियन्त्रण प्रणालीलाई विशेषत: सञ्चालन जोखिम, क्रेडिट जोखिम, डाटा सेक्युरिटी जोखिम तथा कानूनी पालना सम्वन्धी जोखिमको अध्ययन, विश्लेषण तथा व्यवस्थापन सम्वन्धी क्षेत्रमा केन्द्रित गरिएको छ ।

कोषले जोखिम व्यवस्थापनको लागि आन्तरिक नियन्त्रण तथा सुपरिवेक्षण प्रणालीको स्थापना गरेको छ । कोषमा विभिन्न विभाग/शाखाहरुमा कार्यरत कर्मचारीहरुको तहगत कार्य विवरणको साथै कर्तव्य र अधिकार तोकिएको छ । आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको लागि कोषका विभिन्न विभाग तथा शाखाकार्यालयहरुले सम्पादन गर्ने कामको अनुगमन तथा मूल्याङ्कनको कार्य प्रक्रिया मापदण्ड (Standard Operating Procedure) सम्बन्धी कार्यविधि, २०७० समेत व्यवस्था गरिएको छ ।

कोषको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाउन तथा कोषको कार्यलाई सहज, सरल तथा जोखिम रहित बनाउन विभिन्न नियमावली, नीति तथा कार्यविधिहरू तयार गरी कार्यान्वयनमा ल्याएको छ । जसको विस्तृत विवरण परिशिष्ठ-१ मा समावेश गरिएको छ ।

### १.१६ जोखिम व्यवस्थापन *(Risk Management)*

कर्मचारी सञ्चय कोषले जोखिम व्यवस्थापनको क्रियाकलापलाई संरचनात्मक रुपमा व्यवस्थित तवरले अघि बढाएको छ । कोषमा निहित जोखिमहरुको पहिचान गर्न, विश्लेषण तथा मापन गर्न, अनुगमन गर्न तथा नियन्त्रण गर्न जोखिम व्यवस्थापन निर्देशिका (Risk Management Guidelines), २०७१ कार्यान्वयनमा छ ।




कोषको समग्र कारोवारका क्षेत्रहरुमा अन्तरनिहित संचालन जोखिम, बजार जोखिम, तरलता जोखिम, परियोजना कर्जा जोखिम, सञ्चयकर्ता कर्जा जोखिम, सूचना प्रविधि जोखिम र स्थिर सम्पत्ति व्यवस्थापन जोखिमहरुको पहिचान, मापन, अनुगमन तथा नियन्त्रण तथा जोखिमहरुको ब्यवस्थापन गर्ने पद्दतिको विकास भएको छ। वजारको ब्याजदरमा हुने परिवर्तन, तरलताको माग र आपूर्तिको अवस्था, प्रविधिमा आउने परिवर्तन, ऐन, नीति नियमहरुमा गर्नु पर्ने परिवर्तन लगायत विभिन्न आन्तरिक तथा बाह्‍य कारणहरुले सिर्जना हुने जोखिम समेतको व्यवस्थापन गर्ने नीति लिएको छ । तसर्थ, कोषमा देहायका आधारमा प्रभावकारी जोखिम व्यवस्थापन हुदैं आएको छ :-

- सक्रिय सञ्चालक समिति तथा सचेत व्यवस्थापन,
- जोखिम व्यवस्थापन सम्बन्धी पर्याप्त नीति, कार्यविधि तथा सीमाहरु,
- जोखिमको उचित पहिचान, मापन, अनुगमन, नियन्त्रण र व्यवस्थापन,
- जोखिम व्यवस्थापनसंग सम्बन्धित संगठनात्मक संरचना,
- सुशासन तथा अनुपालन सम्बन्धी संस्कारको बिकास,

कोषको समग्र जोखिम व्यवस्थापनका साथै उचित आन्तरिक नियन्त्रण प्रणालीको विकास तथा सुपरिवेक्षणका लागि जोखिम व्यवस्थापन समितिको व्यवस्था गरिएको छ । कोषको जोखिम व्यवस्थापन सम्बन्धी कार्यलाई नियमित रुपमा अगाडि वढाउन छुट्टै संरचना निर्माण गरी परियो जना विश्लेषण तथा जोखिम व्यवस्थापन विभागको गठन गरिएको छ। यस विभागले जोखिम व्यवस्थापन समितिको सचिवालयका रुपमा समेत कार्य गर्दै आएको छ।

कोषले सम्पादन गर्दै आएको कारोवारका प्रकृतिका आधारमा जोखिम व्यवस्थापनका देहायका सम्भाव्य क्षेत्रहरुको पहिचान एवं कार्यान्वयन गर्दै आएको छ :

#### क. तरलता जोखिम *(Liquidity Risk)*

कोषले सञ्चयकर्ताको सञ्चित रकमलाई कर्मचारी सञ्चय कोष ऐन, २०१९ ले निर्दिष्ट गरेको क्षेत्रमा लगानी नीति, २०७१ अनुरुप स्रोतको परिचालन गर्दै आएको छ। कोषले दैनिक कार्य सञ्चालनका लागि आवश्यक तरलता व्यवस्थापनका लागि कुल स्रोतको ३ प्रतिशतसम्म नगद तथा वैंक मौज्दात रहने गरी विभिन्न वाणिज्य बैंकको मुद्दती निक्षेप र सरकारी सुरक्षण पत्रमा समेत लगानी गर्ने गरेको छ।

#### ख. बजार जोखिम *(Market Risk)*

कोषले सम्पत्ति दायित्व संरचनाभित्र रही बजार जोखिमको पहिचान गर्ने, मापन गर्ने र व्यवस्थापन गर्ने परिपाटीको विकास गरेको छ। बजार जोखिम नियमित रुपमा परिवर्तन भईरहने हुँदा जोखिम व्यवस्थापन गर्ने विधि तथा प्रक्रियाहरु समेत समय समयमा आवश्यकता अनुरुप पुनरावलोकन गरिएको छ।

आर्थिक वर्ष २०७१/७२ मा वित्तीय वजारमा अत्यधिक तरलताको अवस्थावाट ब्याजदरमा निरन्तर गिरावट आईरहेकाले कोषले सञ्चयकर्तालाई प्रदान गर्ने ब्याजदरमा समेत प्रभाव परेको छ। यद्यपि, व्यवस्थापनले बजारको अनुगमन गर्नुका साथै प्रभावकारी लगानी व्यवस्थापन मार्फत् सञ्चयकर्तालाई वढी भन्दा वढी प्रतिफल प्रदान गर्न प्रयत्नरत रहेको छ।

#### ग. सञ्चालन जोखिम *(Operational Risk)*

कोषको दैनिक कार्य प्रक्रियामा रहने कमी कमजोरी, मानवीय त्रुटी, आकस्मिक वा प्राकृतिक रुपमा हुने सञ्चालन जोखिमलाई व्यवस्थापन गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन लेखापरीक्षण

समिति, जोखिम व्यवस्थापन समितिको संरचनात्मक व्यवस्थाका अतिरिक्त कोषमा छुट्टै विभागीय संरचना कायम गरी आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत गरिएको छ ।

वित्तीय प्रतिवेदनको अनुपालन र सोमा रहने जोखिमलाई न्यून गर्न कर्मचारी सञ्चय कोष ऐन,२०१९ र ऐन अन्तर्गत बनेका नीति, नियम तथा कार्यविधिहरुमा आवश्यकता अनुरुप समयानुकल पुनरावलोकन गरिएको छ ।

### घ ऋण लगानी जोखिम *(Credit Risk)*

कोषले परियोजनाहरुको समुचित जोखिम विश्लेषण पश्चात परियोजनामा लगानी गर्ने नीति लिएको छ । नेपाल सरकारको स्वामित्वमा रहेका संस्थामा ऋण प्रवाह गर्दा नेपाल सरकारको जमानत लिई कर्जामा रहने जोखिमलाई समुचित व्यवस्थापन गर्ने गरेको छ । साथै, कोषले मुद्दती निक्षेपमा लगानी गर्दा सम्बन्धित बैंकहरुको त्रैमासिक रुपमा प्रकाशित तथ्याक्तको आधारमा Credit Rating गरी निहित जोखिम व्यवस्थापन तथा न्यूनीकरण गर्ने गरिएको छ ।

### ङ. सूचना प्रविधि सम्वन्धी जोखिम *(IT Related Risk)*

सूचना प्रविधिमा देखिने जोखिम न्यूनीकरण गर्न कोषमा विपद् व्यवस्थापन योजना,२०७१ कार्यान्वयनमा ल्याईएको छ । सोबाट सूचना प्रविधिमा देखिने जोखिमको पहिचान, मापन, अनुगमन र आन्तरिक नियन्त्रण गर्ने परिपाटीको विकास भएको छ । कोषले यस सम्वन्धी जोखिम न्यूनीकरण गर्न सूचना प्रविधि नीति, २०७१ कार्यान्वयनमा ल्याएको छ भने सोको जोखिम पहिचानका लागि IT System Audit सम्पन्न गरी सोको प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई अल्पकालीन तथा दीर्घकालीन रुपमा वर्गीकरण गरी अल्पकालीन सुझावहरुलाई सम्वोधन गर्दै लगिएको छ । दीर्घकालीन रुपमा सम्पन्न गर्नुपर्ने जोखिम व्यवस्थापन कार्यका लागि दीर्घकालीन सूचना प्रविधि रणनीति कार्यान्वयनका लागि प्रारम्भिक कार्य शुरु गरिएको छ ।

### च. सञ्चयकर्ता कर्जा जोखिम *(Contributors Credit Risk)*

कोषले सञ्चयकर्तालाई प्रदान गर्दै आएका विभिन्न कर्जा तथा सापटीहरुको जोखिमलाई न्यूनीकरण गर्न कर्जाको अनुगमन तथा नियन्त्रण प्रणालीको विकास गरिएको छ । वार्षिक रुपमा कर्जाको अवस्थाको पुनरावलोकन गर्नुका साथै धितोको नियमित रुपमा स्थलगत निरीक्षण समेत गर्ने परिपाटीको विकास गरिएको छ ।

## १.१७ संस्थागत सामाजिक उत्तरदायित्व

*(Corporate Social Responsibility/CSR)*

कोषले आफ्नो स्थापनाकाल देखि नै प्रत्यक्ष वा परोक्ष रुपमा संस्थागत सामाजिक दायित्वमा योगदान गर्दै आएको छ । कोषले विभिन्न सामाजिक कार्यक्रमहरुमा समेत सहभागिता जनाउन थालेको छ । कोषको स्थापनाको उपलक्ष्यमा प्रत्येक वर्ष सञ्चालन गरिने वार्षिकोत्सवको अवसरमा विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नुका साथै चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यसका अतिरिक्त कोषले विभिन्न संघ संस्था मार्फत सञ्चालन गरिने सामाजिक हितका क्रियाकलापहरुमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्दै आएको छ । साथै, यस्ता क्रियाकलापहरुलाई आर्थिक वर्ष २०७१/७२मा समेत निरन्तरता दिइएको छ ।

कोषले नेपाली सेना महिला संघ, नेपाल प्रहरी महिला संघ, सशस्त्र प्रहरी महिला संघ, निजामति कर्मचारी महिला संघ, पूर्व निजामती कर्मचारी संघ जस्ता राष्ट्रिय स्तरका संघ संस्थाहरु मार्फत सञ्चालन गरिने विविध प्रकारका कल्याणकारी कार्यक्रमहरुमा समेत आर्थिक सहयोग गर्दै आएको छ । साथै, कोषभित्र कार्यरत कर्मचारी संगठनहरु मार्फत सञ्चालन गरिने विभिन्न सामाजिक क्रियाकलापहरु जस्तैः रक्तदान, ज्येष्ठ व्यक्तित्व सम्मान, शैक्षिक पुरस्कार वितरण कार्यक्रमहरुमा सहयोग गर्नुका साथै त्यस्ता कार्यक्रम सञ्चालनमा प्रोत्साहन र सहयोग समेत गर्दै आएको छ ।

२०७२ वैशाख १२ गतेको विनाशकारी महाभुकम्पवाट पीडितहरुको राहतको लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा कोषको तर्फवाट रु २ करोड योगदान गरिएको छ भने कोषका कर्मचारीहरुवाट १५ दिनको तलव वरावर रु. ५६ लाख ८७ हजार प्रदान गरिएको छ । कोषले कार्यरत कर्मचारीहरुलाई भुकम्पवाट क्षति भएको घर मर्मत गर्नको लागि रु. १ लाख ९५ हजार समेत आर्थिक सहयोग गरेको छ । यसको साथै भूकम्प पीडित क्षेत्रहरु मध्ये ललितपुर जिल्लास्थित खोकना वजारमा कोषका सम्पूर्ण कर्मचारीहरुवाट भत्केका संरचना हटाउन श्रमदान गरिएको छ ।

# संस्थागत सामाजिक उत्तरदायित्वसँग सम्बन्धित कोषका केही प्रयासहरू



प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा कर्मचारी सञ्चय कोषबाट प्रदान गरिएको रु. २.५७ करोडको चेक हस्तान्तरण गर्दै कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्य ।




निजामती पूर्व कर्मचारी परिषदको कार्यक्रममा एस.एल.सी. परीक्षामा उत्तीर्ण कर्मचारीको छोराछोरीलाई पुरस्कार वितरण गरिँदै ।





२०७२ वैशाख १२ गते गएको महाभुकम्प प्रभावित क्षेत्र खोकना ललितपुरमा स्वयंसेवा गर्दै कोषका प्रशासक श्री कृष्णप्रसाद आचार्य, मुख्य अधिकृत श्री हसना शर्मा लगायत कोषका कर्मचारीहरु ।



निजामती पूर्व कर्मचारी परिषदद्वारा सञ्चालित आय आर्जन तालिममा सहभागी पूर्व कर्मचारीका परिवार ।



सैनिक श्रीमती संघद्वारा आयोजित कार्यक्रममा प्रधान सेनापतिद्वारा भूकम्प पीडितलाई राहत वितरण गरिँदै ।

# १.१८ वातावरणसँग सम्बन्धित प्रयासहरू
## (Enviroment Related Innitiatives)

कोषले आफ्नो सम्पत्तिको उपयोग तथा दैनिक कार्य सञ्चालन गर्दा पुरातात्विक महत्वका सम्पदा तथा वातावरणसँग सम्वन्धित विभिन्न प्रयासहरु समेत गर्दै आएको छ :





कोषले विद्युतीय उपभोगलाई कम गर्न प्रयोग गरिँदै आएका पुराना प्रविधिका कम्प्यूटर, हार्डवेयरलाई विस्थापन गरी वातावरणमैत्री आधुनिक हार्डवेयरहरुको प्रयोगमा जोड दिएको छ ।

कोषले कागजको अत्यधिक प्रयोगवाट वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई कम गर्दै लैजाने उद्देश्यले आफ्नो दैनिक कार्य प्रणालीलाई कागज रहित प्रणालीमा रुपान्तरण गर्ने कार्य शुरु गरेको छ । यसका लागि कोषको सूचना तथा सञ्चार प्रविधि विभाग मार्फत सञ्चयकर्ताहरुको वार्षिक हिसावलाई डिजिटल प्रणाली मार्फत उपलव्ध गराउनुका साथै कोषभित्रको सूचना प्रणालीलाई वृहद वनाई प्रत्येक कर्मचारीको पहुँचसम्म पुऱ्याईएको छ ।

कोषको पोखरास्थित शाखा कार्यालयमा वगैचा तयार गरी वातावरण मैत्री वनाईएको छ । साथै कोषले निर्माण सम्पन्न गरेको लगनखेलस्थित भवनको निर्माण गर्दा भवनको साँधसीमामा रहेको प्राचीन पोखरीका साथै समग्र वातावरण संरक्षणमा सहयोग गरेको छ ।

यस्तै, वातावरण तथा पर्यावरण संरक्षणको प्रयास स्वरुप बाग्मती सरसफाई अभियान लगायतमा कोषले संस्थागत सहभागिता जनाउँदै आएको छ ।

# परिच्छेद – २
# मुख्य आर्थिक गतिविधि

## २.१ आर्थिक गतिविधि

### २.१.१ विश्व आर्थिक गतिविधि

अन्तरराष्ट्रिय मुद्रा कोष (IMF) ले सन् २०१५ अप्रिलमा प्रकाशन गरेको विश्वको आर्थिक परिदृश्य (World Economic Outlook) अनुसार सन् २०१४ मा विश्व अर्थतन्त्र आर्थिक वृद्धि, मुद्रास्फीति, व्यापार आदिको दृष्टिमा मिश्रित रह्यो । सन् २०१४ को तुलनामा सन् २०१५ मा विश्व उत्पादन सीमान्त दरले वढ्यो भने मुद्रास्फीति पनि कम नै रह्यो । रोजगारका अवसरहरुमा भएको वृद्धि, आन्तरिक मागमा भएको विस्तार, तेलको घट्दो मुल्य, लचिलो मौद्रिक नीति, उपभोक्ताको वढ्दो मनोवल आदिका कारण विश्व आर्थिक वृद्धिदरमा केही सुधार हुने देखिएको छ ।

सन् २०१४ मा ३.४ प्रतिशतले वढेको विश्व उत्पादन सन् २०१५ मा ३.५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ । सन् २०१४ मा १.८ प्रतिशतले विस्तार भएको विकसित मुलुकको अर्थतन्त्र सन् २०१५ मा २.४ प्रतिशतले वढ्ने प्रक्षेपण छ भने सन् २०१४ मा ४.६ प्रतिशतले वृद्धि भएको उदीयमान र विकासशील देशहरुको अर्थतन्त्र सन् २०१५ मा सीमान्त दरले घट्न गई ४.३ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरिएको छ ।

सन् २०१३ को तुलनामा सन् २०१४ मा वंगलादेश र अफगानिस्तान वाहेक दक्षिण एशियाका अन्य सवै मुलुकहरुको आर्थिक वृद्धिदर वढेको छ । सन् २०१४ को तुलनामा सन् २०१५ मा भने दक्षिण एशियाका मालदिभ्स, नेपाल र श्रीलंका बाहेक का मुलुकहरुको आर्थिक वृद्धिदर वढ्ने प्रक्षेपण गरिएको छ ।

### २.१.२ मुलुकको आर्थिक गतिविधि:

विगत एक दशकको नेपालको आर्थिक वृद्धिदर सन्तोषजनक रहन सकेन । आर्थिक वर्ष २०७१/७२ मा मुलुकको वास्तविक कुल ग्राहस्थ उत्पादन ५.० प्रतिशतले वृद्धि हुने संशोधित लक्ष्य रहेकोमा यस्तो वृद्धिदर आधारभुत मुल्यमा ३.० प्रतिशत मात्र हुने अनुमान रहेको छ । विगत ८ वर्षको आर्थिक वृद्धिदरलाई अध्ययन गर्ने हो भने यस वर्षको आर्थिक वृद्धिदर सवैभन्दा न्यून रहेको छ । यस्तो आर्थिक वृद्धिदर अघिल्लो आर्थिक वर्षमा ५.१ प्रतिशत रहेको थियो ।

नेपालको अर्थतन्त्रमा संरचनात्मक परिवर्तन हुदैं गएको छ । कुल ग्राहस्थ उत्पादनमा कृषि र उपयोग क्षेत्रको योगदान घटदै गएको छ भने सेवा क्षेत्रको योगदान वढ्दो छ । औद्योगिक वर्गीकरण अनुसारको कुल ग्ग्रहस्थ उत्पादनलाई २ भागमा वर्गिकरण गर्दा कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान घटदै गएको छ भने गैर कृषि क्षेत्रको योगदान वढ्दै गएको छ ।

कुल ग्राहस्थ उत्पादनमा कुल ग्राहस्थ वचतको हिस्सा आर्थिक वर्ष २०७०/७१ को तुलनामा ४.७ प्रतिशतले वढी ११.४ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७०/७१ को प्रथम आठ महिनामा १ खर्व १५ अर्व ४७ करोडले वृद्धि भएको वैंक तथा वित्तीय संस्थाहरुको निक्षेप सङ्कलन आ.व. २०७१/७२ को सोही अवधिमा रु. १ खर्व ६ अर्व ६२ करोड  अर्थात ७.६ प्रतिशतले वृद्धि भई कुल निक्षेप सक्तलन रु. १५ खर्व ८८ अर्व ५० करोड पुगेको छ । वैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी तर्फ आर्थिक वर्ष २०७०/७१ मा १ खर्व ३ अर्व ८१ करोडले वृद्धि भएकोमा यस आर्थिक वर्षमा रु १ खर्व ३२ अर्व ४० करोडले ११.८ प्रतिशतले वृद्धि भई कुल कर्जा तथा लगानी रु.११ खर्व ९८ अर्व ८० करोड पुगेको छ ।

सन् २०२२ सम्ममा मुलुकलाई अतिकम विकसित राष्ट्रवाट विकासशील राष्ट्रमा रुपान्तरण गर्न आर्थिक वृद्धिदर उच्च तथा दिगो हुनु आवश्यक छ । यसका लागि मुलुकको हालको आर्थिक वृद्धिदर ४.१ लाई ७ देखि ८ प्रतिशतमा पुऱ्याउनु चुनौतीपूर्ण कार्यजस्तो देखिएता पनि कोष जस्ता संस्थाहरुका लागि स्रोत परिचालनका दृष्टिले अवसर समेत रहेको देखिन्छ ।

मुलुकको राजनैतिक अस्थिरता तथा २०७२ वैशाख १२ गते को विनासकारी भुकम्प र त्यसपछिका  पराकम्पहरुवाट भएको धनजन तथा पूर्वाधारको क्षतिले देशको अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ । यसवाट देशको उद्योग तथा व्यापार, पर्यटन व्यवशायका साथै वैकिङ्ग क्षेत्रवाट प्रवाह हुने कर्जा तथा लगानीमा समेत असर परेको छ ।

### २.१.३ स्रोत परिचालन

देशको राष्ट्रिय अर्थतन्त्रमा देखिएका परिदृश्यवाट कोषको कारोवारमा समेत प्रभाव पर्ने देखिएको छ। राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्कमा भएको वृद्धिले कोषको स्रोत सङ्कलनमा सकारात्मक वृद्धि हुन गएको छ। कोषले आर्थिक वर्ष २०७१/७२ मा सञ्चयकर्ताहरुको मासिक वचतका रुपमा सङ्कलन गरेको र कम रु. २० अर्व ३२ करोड देशका विभिन्न वैंक तथा वित्तीय संस्थाहरुले सङ्कलन गरेको वार्षिक निक्षेप रकमको करीव १० प्रतिशत रहेको छ। यसवाट देशको वित्तीय स्रोत सङ्कलनमा कोषको भूमिका महत्वपूर्ण रहेको  देखिएको छ।

आर्थिक वर्ष २०७१/७२ मा कोषको कुल स्रोत रु. १ खर्व ९४ अर्व ४४ करोड र कुल कर्जा तथा लगानी रु. १ खर्व ८४ अर्व ४ करोड रहेको छ। कोषको उक्त स्रोत र कर्जा तथा लगानी देशको वैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेप परिचालन र कुल प्रवाहित कर्जाको क्रमशः करीव १२.२४ र १५.३५ प्रतिशत रहेको छ।

देशको वैकिङ्ग क्षेत्रमा अत्यधिक तरलता भएको र वैंक तथा वित्तीय संस्थाहरुमा कर्जा प्रवाह गर्ने लगानीका क्षेत्रका कमीका कारणले कोषमा भएको तरलताको व्यवस्थापनमा थप
चुनौती देखिन्छ।

संस्थागत मुद्दती लगानीमा बैंकहरुले प्रदान गर्ने व्याज अल्पकालीन (एक वर्ष) का लागि भारित औसत दर ३.९४ प्रतिशत प्रदान गर्दै आएको देखिन्छ भने कर्जाको भारित औषत व्याजदर ९.५९ प्रतिशत कायम भएको देखिन्छ। जस अनुसार कर्जा र निक्षेपको भारित औषत व्याजदर अन्तर ५.६५ प्रतिशत रहेको छ।

देशको औद्योगिक लगानीमा खासै वृद्धि हुन नसकको कारण र वैंक तथा वित्तीय संस्थाले आवास कर्जामा गरेको कडाईका कारण कोषको अन्य क्षेत्रको लगानीमा भन्दा सञ्चयकर्ता सापटीमा आर्थिक वर्ष २०७१/७२ मा समेत वृद्धि हुन गएको छ।

आर्थिक वर्ष २०७१/७२ मा बजारमा विभिन्न वैंकहरुको मुद्दति निक्षेपको व्याजदरमा आएको गिरावट एंव मुद्रास्फिति दरमा भएको वृद्धिका कारणवाट कोषले सञ्चयकर्ताहरुलाई प्रदान गरेको प्रतिफललाई प्रत्यक्ष प्रभाव पारेकोले कोषले सञ्चयकर्तालाई प्रदान गर्ने वित्तीय प्रतिफल तुलनात्मक रुपमा कम देखिएको छ।

### २.१.४ राजस्वमा योगदानः

कोषले आर्थिक वर्ष २०७१/७२ मा सञ्चयकर्ताहरुको अवकाश कोष रकम भुक्तान गर्दा रु.६ करोड १३ लाख ८९ हजार र कर्मचारीहरुको पारिश्रमिक तथा सामाजिक सुरक्षा कर वापत रु.४ करोड १० लाख ९४ हजार र अन्य कर वापत रु.८ लाख ४९ हजार समेत गरी रु. १० करोड ३३ लाख ३२ हजार कर संकलन गरी नेपाल सरकारको राजस्व खातामा दाखिला गरेको छ।

## २.२ अवसर र चुनौतीहरूको विश्लेषण *(SWOT Analysis)*

कर्मचारी सञ्चय कोष देशको सामाजिक सुरक्षा तथा वित्तीय वजारमा रहेका अवसर तथा चुनौतीहरुको सामना गर्न अग्रसर रहेको छ । कोषको दूरदृष्टि, दीर्घकालिन लक्ष्य र रणनीतिहरुको आधारमा कोषको SWOT Analysis गरिएको छ । यसरी विश्लेषण गर्दा समग्र राष्ट्रिय अर्थतन्त्रमा देखापरेका चूनौती तथा अवसरहरुलाई समेत मध्यनजर गरेको छ । यसका आधारमा पहिचान गरिएका कोषका मूल सवल पक्ष, दूर्वल पक्ष, अवसर र चूनौतीहरुको उचित व्यवस्थापन गर्दै कोषको दूरदृष्टि र दीर्घकालिन लक्ष्य अनुरुप देहाय वमोजिमको परिदृश्य कल्पना गरिएको छ ।

### Strength

**(Strength)**

- विशेष ऐन ( कर्मचारी सञ्चय कोष ऐन, २०१९) द्वारा स्थापित
- सामाजिक सुरक्षा सुविधा व्यवस्थापनको क्षेत्रमा ८ दशकको अनुभव
- देशको सवैभन्दा ठूलो वित्तीय स्रोत रहेको संस्था
- कानूनी सुनिश्चितताका कारण स्रोतमा नियमित वृद्धि
- आयमा आयकर नलाग्ने व्यवस्था
- ISSA / ADFIAP को सदस्यता प्राप्त
- कोष रहित दायित्व (Non Funded Liabilites) नरहेको
- आवाश परियोजना सञ्चालनमा जग्गाको हदवन्दी नलाग्ने व्यवस्था

**(Approach)**

- प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीका लागि स्पष्ट नीति, निर्देशिका, कार्य प्रक्रियाको सुनिश्चितता
- अन्तरराष्ट्रिय स्तरका प्रचलित मार्गदर्शनको पालना
- सुरक्षा र प्रतिफलको प्रत्याभूती गर्दै दीर्घकालीन पूँजी परिचालन
- सञ्चयकर्ता दायरा विस्तारका लागि नया कार्ययोजना
- दिगो सामाजिक सुरक्षा योजना सञ्चालन,

**(Outlook)**

- दायरा विस्तार
- स्रोत संकलनमा उच्च वृद्धि
- दीर्घकालिन तथा राष्ट्रिय महत्वका परियोजनामा स्रोतको उपयोग
- अन्तरराष्ट्रिय प्रचलन अनुरुप सेवा प्रवाह तथा स्रोत परिचालन

### Weaknesses

**(Weaknesses)**

- संगठित क्षेत्रका सवै कामदार कर्मचारीलाई आवद्ध गर्न नसक्नु
- गुणस्तरीय सेवा प्रवाहका लागि सूचना प्रविधिको उपयोग हुन नसक्नु
- कोषमा विद्यमान जनशक्तिको क्षमताको पूर्ण उपयोग गर्न नसक्नु,
- छिटो छरितो निर्णय प्रक्रियाको अभाव
- लगानीको नयाँ क्षेत्र तथा दीर्घकालीन परियोजना पहिचान गर्न नसक्नु,
- लगानी विविधिकरण हुन नसक्नु
- दिगो सामाजिक सुरक्षा योजना अपर्याप्तता,
- प्रभावकारी कोष रकम संकलन सयन्त्रको अभाव,

**(Approach)**

- कोषका विद्यमान नीति, ऐन तथा कानून निर्माण तथ संशोधन
- गुणस्तरीय सेवाको प्रत्याभूतिको लागि सूचना प्रविधिको उच्चतम प्रयोग
- मानवस्रोत व्यवस्थापन नीति तथा योजना कार्यान्वयन
- नेपाल सरकारको सहयोगमा राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनामा स्रोत परिचालन
- जोखिम व्यवस्थापन/ न्यूनिकरण का लागि कोषका सयन्त्रको प्रभावकारी परिचालन,
- सामाजिक सुरक्षा योजनाको अध्ययन , अनुसन्धान मार्फत योजना विकास
- आधुनिक वैकिङ्ग प्रणालीको उपयोग,

**(Outlook)**

- आवश्यक नीति तथा कानून निर्माण तथा परिमार्जन
- कर्मचारीको उत्पादकत्वमा वृद्धि
- सेवाको गुणस्तरमा वृद्धि
- निर्णय प्रक्रियामा प्रभावकारीता
- सामाजिक सुरक्षा सुविधाका नयाँ योजना कार्यन्वयन
- प्रतिफल तथा सेवा प्रवाहका आधारमा सञ्चयकर्तालाई सन्तुष्टि प्रदान

## Opportunities

### (Opportunities)

- मुलुकको सामाजिक सुरक्षा संस्थाको रुपमा विकास गर्न सकिने सम्भावना,
- कोषमा हालको भन्दा ४ गुणा भन्दा वढी सञ्चयकर्ता आवद्ध गर्न सकिने सम्भावना,
- देशको वित्तीय वजारमा नेतृत्वदायी भूमिकाको सम्भावना,
- पूर्वाधार विकास एवं राष्ट्रिय गौरवका परियोजनामा दिगो स्रोत परिचालनको सम्भावना,
- सञ्चयकर्ताको सामाजिक तथा वित्तीय आवश्यकता परिपूर्ति गर्न सक्ने प्रचुर सम्भावना ।
- राष्ट्रको सामाजिक सुरक्षा सम्वन्धी नीति निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सक्ने सम्भावना,

### (Approach)

- कोषका विद्यमान नीति, ऐन तथा कानून निर्माण तथा संशोधन
- मानव स्रोत व्यवस्थापन नीति तथा योजना कार्यान्वयन
- ५ वर्षे अवधिको नीति तथा योजनाको तयारी
- अन्तरराष्ट्रिय स्तरका प्रचलित मार्गदर्शनको पालना
- जोखिम न्यूनीकरण उपायहरुको अवलम्वन
- स्रोत परिचालन तथा सामाजिक सुरक्षा योजना सञ्चालनमा नेपाल सरकार, अर्थ मन्त्रालय सँग समन्वय,

### (Outlook)

- आवश्यक नीति तथा कानून निर्माण तथा परिमार्जन
- दायरा विस्तार
- नेपाल सरकार, अर्थमन्त्रालयसँग दिगो सम्बन्धको विकास
- दीर्घकालिन तथा राष्ट्रिय महत्वका परियोजनामा स्रोतको उपयोग

## Threats

### (Threats)

- आयकर ऐनको व्यवस्था अनुरुप अवकाश कोषको स्थापना
- सामाजिक सुरक्षा योजना कार्यान्वयनका लागि विभिन्न निकायको स्थापना
- नियमनकारी निकायको अभाव
- लगानी मैत्री वातावरणको अभाव
- व्याजदरको अस्थिरता र उच्च मुद्रास्फीती दर
- दीर्घकालिन तथा राष्ट्रिय महत्वका परि योजनामा स्रोत परिचालन गर्न राष्ट्रिय नीतिको अभाव
- IFRS कार्यान्वयन

### (Approach)

- सञ्चयकर्तालाई उचित प्रतिफल र गुणस्तरिय सेवा प्रवाह र नयाँ योजना कार्यान्वयन
- गुनासा व्यवस्थापनका लागि उचित संयन्त्रको निर्माण र कार्यन्वयन
- सरकारको सहयोगमा नियमनकारी सयन्त्र निर्माण
- Cost of Fund/ Base rate को आधारमा सञ्चयकर्ताको प्रतिफल निर्धारण
- लेखाङ्कनका अन्तरराष्ट्रिय प्रचलनहरुको अनुसरण

### (Outlook)

- नियमनकारी निकायको निर्माण प्रक्रिया आरम्भ
- लेखाङ्कनका अन्तरराष्ट्रिय प्रचलनहरु कार्यान्वयन
- प्रतिफल तथा सेवा प्रवाहका आधारमा सञ्चयकर्तालाई सन्तुष्टि प्रदान
- कोषको व्याजदरलाई मुद्रास्फीती दर समेतका आधारमा निर्धारण

## परिच्छेद - ३

# कोषको मुख्य कारोवार

### ३.१ सञ्चयकर्ताको आवद्धता *(Membership)*

कोषमा हाल देहाय अनुरुप विभिन्न क्षेत्रबाट प्रतिनिधित्व हुने गरी करिव ५ लाख सञ्चयकर्ताहरुको आवद्धता रहेको छ :

| क्षेत्र | सञ्चयकर्ता संख्या | प्रतिशत |
|---|---|---|
| निजामती कर्मचारी | ९३,००० | १८.६० |
| नेपाली सेना | १०१,००० | २०.२० |
| नेपाल प्रहरी र सशस्त्र प्रहरी | १०३,००० | २०.६० |
| सार्वजनिक संस्थान र संगठित क्षेत्रका कर्मचारी तथा कामदारहरु | ११२००० | २२.४० |
| सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक कर्मचारीहरु | ९१,००० | १८.२० |
| जम्मा | ५००,०००.०० | १००.०० |

### ३.२ सञ्चयकर्ताको क्षेत्रगत विवरण

कोषको सक्रिय सञ्चयकर्ताको संख्या ५ लाखको क्षेत्रगत विवरण देहाय अनुरुप रहेको छ :




कुल सञ्चयकर्ता मध्ये निजामती तर्फ १८.६० प्रतिशत, नेपाली सेनातर्फ २०.२० प्रतिशत, नेपाल प्रहरी र सशस्त्र प्रहरीतर्फ २०.६० प्रतिशत,सार्वजनिक संस्थान र संगठित क्षेत्रतर्फ २२.४० प्रतिशत र सामुदायिक तथा संस्थागत विद्यालयतर्फ १८.२० प्रतिशत सञ्चयकर्ता रहेका छन् ।

## ३.३ सञ्चयकर्ताको संख्यामा वृद्धिको अवस्था *(Trends of EPF Contributors)*

आर्थिक वर्ष २०७१/७२ मा कोषमा सक्रिय सञ्चयकर्ताको संख्या ५ लाख र रहेको छ । विगत पाँच वर्षको तथ्याङ्कका आधारमा सञ्चयकर्ताको औसत वार्षिक वृद्धिदर २.१३ प्रतिशत रहेको छ । कोषको विगत पाच वर्षको सञ्चयकर्ता संख्या र वृद्धि प्रतिशत देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | संख्या (हजारमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | ५०० | २.०४ |
| २०७०/७१ | ४९० | १.४५ |
| २०६९/७० | ४८३ | ३.६५ |
| २०६८/६९ | ४६६ | १.३० |
| २०६७/६८ | ४६० | २.२२ |

सञ्चयकर्ताको संख्यामा बृद्धिको प्रवृत्ति




## ३.४ सञ्चयकर्ताको कुल रकम वृद्धिको अवस्था *(Trends of Accumulated Members' Funds)*

आर्थिक वर्ष २०७१/७२ मा कोषमा सञ्चयकर्ताको कुल रकम १८७ अर्ब ५६ करोड ५३ लाख रहेको छ । विगत पाँच वर्षको तथ्याङ्कका आधारमा कुल कोष रकममा औसत वार्षिक वृद्धिदर १६.७० प्रतिशत रहेको देखिन्छ । कोषको विगत ५ वर्षको सञ्चयकर्ताको कोष रकम र वृद्धि प्रतिशत देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | कुल सञ्चय कोष रकम (रु. करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | १,८७,५६.५३ | १४.६८ |
| २०७०/७१ | १,६३,५४.८६ | १६.२३ |
| २०६९/७० | १,४०,७०.९९ | १५.८७ |
| २०६८/६९ | १,२१,४३.९७ | १८.६८ |
| २०६७/६८ | १,०२,३२.८२ | १८.०२ |

सञ्चयकर्ताको कूल रकम बृद्धिको प्रवृत्ति



## ३.५ सञ्चयकर्ताको रकम फिर्ताको अवस्था

*(Trends of PF Withdrawals)*

आर्थिक वर्ष २०७१/७२ मा कोषबाट सञ्चयकर्तालाई कुल रकम ९ अर्ब ८३ करोड ३६ लाख भुक्तानी गरिएको छ। विगत पाँच वर्षको तथ्याक्तका आधारमा कुल कोष रकम भुक्तानीमा औसत वार्षिक वृद्धिदर ५४.१५ प्रतिशत रहेको देखिन्छ। कोषको विगत ५ वर्षको सञ्चयकर्ताको कोष रकम भुक्तानी तथा सोको वृद्धिदर देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | कुल भुक्तानी रकम (रू. करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | ९,८३.३६ | ३०.३९ |
| २०७०/७१ | ७,५४.१८ | २१.२३ |
| २०६९/७० | ६,२२.१० | १७.२९ |
| २०६८/६९ | ५,३०.४१ | १४२.९७ |
| २०६७/६८ | ३,८९.२८ | ५८.८५ |

सञ्चयकर्ताको रकम फिर्ताको प्रवृत्ति




## ३.६ सञ्चयकर्ताको कोष संकलनको अवस्था *(Trends of PF Collection)*

आर्थिक वर्ष २०७१/७२ मा सञ्चयकर्ता कार्यालयबाट कार्यरत कर्मचारीको सञ्चय कोष वापत कट्टी भएको रकम रु.२० अर्ब ३१ करोड ८८ लाख रहेको छ। कोष कट्टी संकलनको रकम कुनै आर्थिक वर्षमा बढी दरमा वृद्धि भएको छ भने कुनै आर्थिक वर्षमा कम दरले बढेको देखिन्छ। विगत पाँच वर्षको तथ्याङ्कका आधारमा संकलनको औषत वार्षिक वृद्धिदर १२.७१ प्रतिशत रहेको छ। कोषको विगत पाँच वर्षको संकलन रकम र सोको वृद्धिदर देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | संकलित रकम (रू. करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | २०,३१.८८ | १२.९८ |
| २०७०/७१ | १७,९८.३९ | १७.४९ |
| २०६९/७० | १५,३०.७४ | ५.५० |
| २०६८/६९ | १४,५०.९१ | २३.१४ |
| २०६७/६८ | ११,१५.२५ | ४.४५ |

कोष संकलनको प्रवृत्ति



# परिच्छेद – ४
# सञ्चयकर्तालाई प्रदान गरिएका सेवा तथा सुविधाहरु

## ४.१ व्याज तथा मुनाफा
### ४.१.१ व्याजदरको अवस्था *(Interest on PF)*

कोषले सञ्चयकर्ताको सञ्चित रकममा वार्षिक रुपमा निश्चित दरले व्याज प्रदान गर्नुका अलावा थप मुनाफा उपलव्ध गराउदैं आएको छ । साथै, कोषले सञ्चयकर्ताका लागि विविध प्रकारका सापटी सुविधाहरु समेत उपलव्ध गराउँदै आएको छ । सोको संक्षिप्त विवरण तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | व्याज दर (प्रतिशतमा) |
|---|---|
| २०७१/७२ | ७.५० |
| २०७०/७१ | ८.०० |
| २०६९/७० | ७.५० |
| २०६८/६९ | ८.०० |
| २०६७/६८ | ८.०० |

### ४.१.२. थप मुनाफा वितरणको अवस्था *(Additional Return on PF)*

कोषले विगत पाँच वर्षमा सञ्चयकर्ताहरुको व्यक्तिगत खातामा प्रदान गरेको थप मुनाफा रकमको विवरण तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | मुनाफा वितरण ( रु करोडमा) |
|---|---|
| २०७१/७२ | १३६.४७ |
| २०७०/७१ | १२०.८४ |
| २०६९/७० | ९५.५० |
| २०६८/६९ | ८३.४१ |
| २०६७/६८ | १३१.०० |

मुनाफा वितरणको प्रवृत्ति



## ४.२ सापटी सुविधा *(Loan Schemes)*

कोषले सञ्चयकर्ताको सेवाकालीन आवश्यकतालाई परिपूर्ति गर्ने मूल उद्देश्यले विभिन्न प्रकारका सापटी सुविधाहरु उपलब्ध गर ाउदै आएको छ । सरल र सहज रुपमा उपलब्ध हुने सापटी सुविधाहरुवाट कोषको संकलित स्रोतलाई लगानी विविधिकरणको माध्यमवाट सञ्चयकर्ताको हितमा परिचालन गर्न समेत मद्दत पुगेको छ । सापटी सुविधाबाट संचयकर्ताहरुलाई घर निर्माण तथा छोरा/छोरीको उच्च शिक्षा हासिल गर्न लगायत अन्य सामाजिक कार्यमा लाभान्वीत भएका छन् । कोषले उपलब्ध गराउदैं आएको सापटीहरुको आर्थिक वर्ष २०७१/७२ सम्मको स्थिति देहाय अनुरुप रहेको छ :

### ४.२.१ विशेष सापटी

सञ्चयकर्ताहरुको वित्तीय आवश्यकतालाई दृष्टिगत गरी कोषद्वारा वि.सं.२०५७ साल देखि यो सापटी प्रदान गर्न शुरु गरिएको हो ।

२ वर्ष नियमित कोषकट्टी गरेका सञ्चयकर्ताले सञ्चय कोष रकमको सुरक्षणमा ९० प्रतिशतसम्म रकम सापटीको रुपमा उपयोग गर्न सक्ने व्यवस्था रहेको छ । कोषले विगत पाँच वर्षमा प्रदान गरेको सापटी रकम र सोको वृद्धि प्रतिशत देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सापटी रकम (रु.करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | ८७६०.१० | १५.९८ |
| २०७०/७१ | ७५५२.८० | १६.९६ |
| २०६९/७० | ६४५७.०८ | २०.३५ |
| २०६८/६९ | ५३६५.०९ | २१.३० |
| २०६७/६८ | ४४२३.१६ | २५.५१ |

**कूल विशेष सापटी वृद्धिको प्रवृति**








### ४.२.२ सञ्चयकर्ता घर सापटी

सामाजिक सुरक्षाको अवधारणा अनुरुप सञ्चयकर्ताको लागि आवासको व्यवस्था गर्ने उद्देश्यले वि.सं. २०५७ साल मार्ग देखि यो सापटी प्रदान गर्न शुरु गरिएको हो ।

कम्तिमा दुई बर्षसम्म नियमित सञ्चय कोष कट्टी गरेका संचयकर्तालाई नयाँ घर निर्माण गर्न, भईरहेको घरमा तला थप गर्न,घर वा आवास गृह (अपार्टमेन्ट) खरिद गर्न यो सापटी प्रदान गरिन्छ । निर्माण वा खरिद गरिने घर जग्गाको धितोमा प्रदान गरिने घर सापटीको अधिकतम सीमा धितो मूल्याँनबाट कायम भएको रकममा नबढ्ने गरी सञ्चयकर्ताको शुरु तलवमानको दश बर्ष बरावरको रकम हुने ब्यवस्था रहेको छ ।

विगत पाँच वर्षमा यो सापटी रकम र सोको वृद्धि प्रतिशत देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सापटी रकम (रु. करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | १५०७.०० | २.५० |
| २०७०/७१ | १४८०.७८ | ७.०८ |
| २०६९/७० | १४३१.३४ | १४.६३ |
| २०६८/६९ | १२४८.६९ | २१.५२ |
| २०६७/६८ | १०२७.६० | २८.०३ |

घर सापटी वृद्धिको प्रवृति






## सञ्चयकर्ता घरसापटी

- २ वर्ष कोषमा रकम जम्मा गरेको
- सरल प्रकिया
- घर निर्माण ,थप निर्माण र मर्मत संभार समेत
- घरजग्गा खरिद गर्न
- कर्जा अवधि वढीमा २० वर्ष सम्म
- कर्जा रकम वढीमा रु १ करोड सम्म



### ४.२.३ सञ्चयकर्ता शैक्षिक ऋण

सञ्चयकर्ता स्वयं वा सञ्चयकर्ताको पति/पत्नी/छोरा/छोरीको उच्च शिक्षा अध्ययन गर्ने गराउने आवश्यकता परिपूर्तिका लागि सरल र सहज रुपमा सापटी सुविधा प्रदान गर्ने उद्देश्यले वि.सं.२०५८ साल मार्गदेखि सञ्चयकर्ता शैक्षिक सापटी प्रदान गर्न शुरु गरिएको हो ।

कम्तिमा दुई बर्षसम्म नियमित सञ्चय कोष कट्टी गरेका र उमेर वा पदावधिको आधारमा तीन बर्ष सेवा अवधि बाँकी भएका संचयकर्ता वा संचयकर्ताका पति/पत्नी/छोरा/छोरीलाई जुनसुकै विषयमा स्वदेश तथा विदेशमा उच्च शिक्षा अध्ययन गर्न यो सापटी प्रदान गरिन्छ । घर जग्गा वा कोष कट्टी रकमको धितोको आधारमा प्रदान गरिने यो सापटीको अधिकतम सीमा रु. २० लाखदेखि रु. २५ लाख सम्म रहेको छ ।

विगत पाँच वर्षमा यो सापटी रकम र सोको वृद्धि प्रतिशत देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सापटी रकम (रु.करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | ५६.१२ | (७.२९) |
| २०७०/७१ | ६०.५३ | (१२.०५) |
| २०६९/७० | ६८.८२ | (१.५६) |
| २०६८/६९ | ६९.९१ | ७.७९ |
| २०६७/६८ | ६४.८६ | ६.६१ |








## ४.२.४ सञ्चयकर्ता सरल चक्र कर्जा

सञ्चयकर्ताहरुको सामाजिक कार्य लगायतका भैपरी आउने आवश्यकता पूरा गर्ने उद्देश्यले वि.सं. २०६९ साल वैशाख देखि सञ्चयकर्ता सरलचक्र कर्जा प्रदान गर्न शुरु गरिएको हो ।

कम्तिमा दुई बर्षसम्म नियमित सञ्चय कोष कट्टी गरेका र उमेरको आधारमा पांच बर्ष एवम् पदावधिको आधारमा तीन बर्ष सेवा अवधि बाँकी भएका संचयकर्तालाई घर वा जग्गाको धितोमा बढीमा रु.२० लाखसम्म सरल चक्रकर्जा प्रदान गरिन्छ ।

विगतका वर्षहरुमा यो सापटी रकमको विवरण देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सापटी रकम (रु.करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | ८८.९९ | ३९.१६ |
| २०७०/७१ | ६३.९५ | २५.९९ |
| २०६९/७० | ५०.७६ | ६९९.३७ |
| २०६८/६९ | ६.३५ | – |
| २०६७/६८ | – | – |

सरलचक्र कर्जा वृद्धिको प्रवृति






# सञ्चयकर्ता सरल चक्र कर्जा

संचयकर्ताहरुको सेवाकालमा भैपरी आउने विविध आवश्यकता पूर्तिमा सहयोग पुगोस भन्ने अभिप्रायबाट कोषले सञ्चयकर्ता सरल चक्र कर्जा -२०६८ लागु गरेको छ ।

- सरल र झन्झटरहित प्रक्रिया ।
- रु. ५ लाख देखि २० लाख रुपैयाँसम्म प्राप्त गर्न सकिने ।
- त्रैमासिक ब्याज भुक्तानी प्रक्रिया ।
- सञ्चयकर्ता स्वयंको, श्रीमान्/श्रीमतीको नाममा रहेको वा एकाघरको घरजग्गा धितोको रुपमा राख्न सकिने ।
- प्रत्येक वर्ष कर्जाको ब्याज भुक्तान गरेमा स्वतः कर्जा नविकरण हुने ।



## ४.२.५ सञ्चयकर्ता समग्र सापटी प्रवाहको अवस्था

*(Trends of Contributors Loan)*

आर्थिक वर्ष २०७१/७२ मा सञ्चयकर्ता कर्मचारीहरुले कोषबाट प्रदान गरिएको विशेष सापटी, घर सापटी, शैक्षिक सापटी र सरल चक्रकर्जा शीर्षकहरुमा रु.१०४ अर्ब ११ करोड ६० लाख सुविधा उपभोग गरेका छन् । विगत पाँच वर्षको तथ्याङ्कका आधारमा कुल सञ्चयकर्ता सापटी रकमको औषत वार्षिक वृद्धिदर १८.२१ प्रतिशत रहेको छ ।

कोषको विगत पाच वर्षको कुल सापटी रकमको विवरण देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सापटी रकम (रु.करोडमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | १०,४११.६० | १३.६९ |
| २०७०/७१ | ९,१५७.६३ | १४.८१ |
| २०६९/७० | ७९७६.५७ | १९.७१ |
| २०६८/६९ | ६६६३.२१ | २१.०६ |
| २०६७/६८ | ५५०४.२५ | २१.२७ |

सञ्चयकर्ता समग्र सापटीको प्रवृति




## ४.३ सामाजिक सुरक्षा सुविधा

*(Social Security Benefits)*

कर्मचारी सञ्चय कोषको प्रमुख जिम्मेवारी सञ्चयकर्ताको सञ्चय कोषको सुव्यवस्थापन गरी सेवा अवकाश पश्चात व्याज तथा मुनाफा सहित एकमुष्ट रकम फिर्ता गर्ने रहेता पनि मुलुकको एकमात्र सामाजिक सुरक्षा प्रदायक संस्थाको हैसियतले कोषले आफ्नै स्रोतबाट सञ्चयकर्तालाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत विभिन्न सामाजिक सुरक्षा सुविधाहरु प्रदान गरी लाभान्वित तुल्याउदै आईरहेको छ ।

कोषले आर्जन गरेको प्रत्येक वर्षको मुनाफाको करिव ९५ प्रतिशत रकम सञ्चयकर्ताको हितको लागि खडा गरिएका विभिन्न कोषहरुमा जम्मा गरी सामाजिक सुरक्षा सुविधाहरु प्रदान गर्दै आएको छ ।

कोषले उपलव्ध गराउदैं आएको सामाजिक सुरक्षा सुविधाहरु आर्थिक वर्ष २०७१/७२ सम्मको स्थिति देहाय अनुरुप रहेको छ :

## ४.३.१ काजक्रिया अनुदान योजना, २०४८

सञ्चयकर्ताको सेवाकालमा नै मृत्यु भएमा निजको हकवालालाई आर्थिक अनुदान स्वरुप प्रदान गरिने यो सुविधाको प्रारम्भ वि.सं. २०४८ सालबाट गरिएको हो । प्रारम्भमा एक हजार पाँचसय आर्थिक अनुदान दिन शुरु गरिएको यो सुविधालाई वृद्धि गरी २०७१/७२ मा पच्चीस हजार रुपैयाँ दिने व्यवस्था रहेको र यस सुविधा अन्तर्गत आर्थिक वर्ष २०७१/७२ मा ८४१ जना सञ्चयकर्ताहरुले रु.२ करोड ७ लाख सुविधा उपभोग गरेका छन् ।

कोषले विगत पाँच वर्षमा प्रदान गरेको अनुदान रकमको विवरण देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सुविधा रकम (रु. हजारमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | २०७४४ | (४.३६) |
| २०७०/७१ | २१६९० | ०.७५ |
| २०६९/७० | २१५२९ | २८.५२ |
| २०६८/६९ | १६७५२ | ९१.८५ |
| २०६७/६८ | ८७३२ | ११.५३ |

काजक्रिया अनुदान योजना सुविधा वितरणको अवस्था






## ४.३.२ दूर्घटना क्षतिपूर्ति योजना, २०५२

दुर्घटनामा परी सञ्चयकर्ताको सेवाकालमा मृत्यु वा पूर्ण अंगभंग भएमा निज वा निजको हकवालालाई आर्थिक सहयोग स्वरुप प्रदान गरिने यो सुविधा वि. सं. २०५२ सालबाट शुरु गरिएको हो प्रारम्भमा पचास हजारवाट आर्थिक सहयोग प्रदान गर्न शुरु गरिएकोमा आर्थिक वर्ष २०७१/७२ देखि रु. १ लाख रुपैयाँ आर्थिक सहयोग प्रदान गर्दै आएको छ । यस सुविधा अन्तर्गत आर्थिक वर्ष २०७१/७२ मा ९३ जना सञ्चयकर्ताहरुले रु. ९३ लाख सुविधा उपभोग गरेका छन् ।

कोषले विगत पाँच वर्षमा प्रदान गरेको सुविधा रकमको विवरण देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सुविधा रकम (रु. हजारमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | ९३०० | (२१.९४) |
| २०७०/७१ | ११९१५ | (२४.९९) |
| २०६९/७० | १५८८५ | २९.७८ |
| २०६८/६९ | १२२४० | (३३.६२) |
| २०६७/६८ | १८४४० | (२४.८४) |

दुर्घटना क्षतिपूर्ति योजना सुविधा वितरणको प्रवृत्ति




### ४.३.३ सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम, २०७०

सञ्चयकर्तालाई स्वास्थ्य उपचारमा सहयोग गर्ने हेतुले कोषले २०७० साल बैशाख देखि सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम कार्यान्वयन गरेको छ । यस कार्यक्रम अन्तर्गत तोकेको अस्पतालमा उपचार गराउँदा सामान्य उपचारमा अधिकतम पन्ध्र हजार रुपैंयासम्म तथा कडा रोगको उपचारका लागि पैतिस हजार रुपैंयासम्मको सुविधा सोधभर्ना गरिदै आएको छ । यस सुविधा अन्तर्गत आर्थिक वर्ष २०७०/७१ मा ४४ जना सञ्चयकर्ताहरुले रु.८ लाख ५७ हजार सुविधा उपभोग गरेका छन् ।

कोषले विगत वर्षमा प्रदान गरेको सुविधा रकमको विवरण तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | सुविधा रकम (रु. हजारमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | ८५६.७७ | १६.३३ |
| २०७०/७१ | ७३६.५३ | – |
| २०६९/७० | – | – |

### ४.३.४ सामाजिक सुरक्षा सुविधा वितरणको अवस्था *(Trends of Social Security Benefit)*

आर्थिक वर्ष २०७१/७२ मा सञ्चयकर्ता कर्मचारीहरुलाई कोषबाट विभिन्न सामाजिक सुरक्षा अनुदान सुविधा स्वरुप दुर्घटना क्षतिपूर्ति, काजकिरिया अनुदान र औषधोपचार सहयोग कार्यक्रम वापत रु. ३ करोड ९ लाख १ हजार प्रदान गरिएको छ ।

कोषको विगत पाच वर्षको सामाजिक सुरक्षा सुविधाको विवरण देहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सुविधा रकम (रु. हजारमा) | वृद्धि प्रतिशत |
|---|---|---|
| २०७१/७२ | ३,०९,०१ | (१०.१२) |
| २०७०/७१ | ३,४३,८० | (८.१७) |
| २०६९/७० | ३,७४,३९ | २९.२० |
| २०६८/६९ | २,८९,७७ | ६.४९ |
| २०६७/६८ | २,७२,१० | (९८.८६) |

सामाजिक सुरक्षा सुविधा वितरणको अवस्था



## ४.४ कोषका अन्य सेवाहरू *(Other Services)*

कोषले सञ्चयकर्तालाई सरल र सहज रुपमा सेवा तथा सुविधा प्रवाह गर्न अत्याधुनिक सञ्चार प्रविधिमा आधारित विभिन्न प्रकारका सेवाहरुको समेत व्यवस्थापन गर्दै आएको छ । कोषवाट प्रभावकारी सेवा प्रवाहका लागि निःशुल्क रुपमा प्रदान गर्दै आएका सेवाहरुको विवरणहरु देहाय अनुरुप रहेका छन् :

### ४.४.१ अनलाईन सेवा

कोषले उपत्यका भित्रका ३ वटा र उपत्यका बाहिर रहेका ८ वटा शाखा कार्यालयहरुवाट सञ्चयकर्तालाई छिटो छरितो तथा सहज रुपमा सेवा प्रदान गर्ने उद्देश्यले सम्पूर्ण कारोबार लाई अनलाईन सेवा (Online-service) मार्फत सञ्चालन गर्दै आएको छ ।

कोषले शुरु चरणमा प्रयोगमा ल्याएका Data Base Fox Pro Based System लाई सुधार गरी Oracle System मा आधारित Contribution Management System (CMS) मा रुपान्तरण गरी सेवा प्रवाह गर्दै आएको छ ।

### ४.४.२. ई-सेवा *(E-service)*

कोषले सञ्चयकर्तालाई प्रभावकारी सेवा प्रदान गर्ने लक्ष्य लिएर निःशुल्क रुपमा कोषकट्टी र बिशेष सापटी, घरसापटी, शैक्षिक तथा सरलचक्र कर्जाको सम्पूर्ण विवरण हेर्न र कोषलाई आवश्यक सुचना प्रदान गर्न सकिने व्यवस्था सहितको ई–सर्भिस सेवा प्रारम्भ गरेको छ ।

#### क. सञ्चयकर्ताका लागि इ-सर्भिस वाट उपलब्ध सेवाहरू

- आफ्नो व्यक्तिगत कोष तथा घर एवं शैक्षिक सापटी तथा सरल चक्र कर्जा हिसाव हेर्न तथा Download गर्न सकिने,
- विशेष सापटी प्राप्त गर्न सकिने रकम, कर्जा चुक्ता गर्न दाखिला गर्नु पर्ने विवरण, पुनः सापटी प्राप्त गर्ने सम्वन्धि जानकारी लगायतका विशेष सापटी सम्वन्धि जानकारी प्राप्त गर्न सकिने,
- दोहोरो खाता एकीकरणको लागि कोषलाई जानकारी दिन सकिने , व्यक्तिगत विवरण सच्याउन आवश्यक भए अनुरोध गर्न सकिने,
- पुरानो हर हिसाव हेर्न तथा कुनै सुझाव भए दिन सकिने र कार्यालयले फाटवारी Web posting गर्न सकिने ।

#### ख. सम्वन्धित कार्यालयको लागि इ-सर्भिस (Internet) वाट उपलब्ध सेवाहरू

- आफ्नो कार्यालय अन्तर्गतका कर्मचारीको नाम, परिचयपत्र नम्वर तथा अन्य विवरण प्राप्त गर्न सकिने
- आफूले पठाएको सञ्चय कोष कट्टीको फाँटवारी कोषमा प्राप्त भए/नभएको तथा खातामा जम्मा भए/नभएको जानकारी पाउन सकिने,
- आफ्नो कार्यालयको फाँटवारी Web posting गर्न सकिने,
- सञ्चयकर्ता एवं सञ्चयकर्ता कार्यालयहरुले कोषका ठमेलस्थित कार्यालय, सेवाकेन्द्र तथा शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिने ई-सेवावाट कार्यालयहरुले सञ्चयकर्ताको कोष कट्टी रकमको फांटबारी समेत Web posting गर्न सकिने ।

### ४.४.३ डाटा ईम्पोर्ट-सेवा *(Data Import Service)*

कोषकट्टी विवरण Excel Format मा पठाउने एक व्यवस्था हो । यस व्यवस्थावाट सञ्चयकर्ताहरुको कोषकट्टी रकमको लेखाङ्कन प्रणालीमा प्रभावकारीता ल्याउन कोषले फाँटवारी हरुलाई कार्यालयहरुवाट Soft Copy वा email मा समेत प्राप्त गरी सञ्चयकर्ताको खातामा सिधै लेखाङ्कन गर्न सहज भएको छ। साथै, यस कार्यको प्रभावकारिता वृद्धि गर्न कोष रकमको फाँटवारीलाई website वाट समेत पठाउन सकिने व्यवस्था मिलाईएको छ ।

### ४.४.४ एसएमएस सेवा *(SMS Service)*

सञ्चयकर्ताले आफनो सञ्चय कोष रकम, विशेष सापटी, घर सापटी तथा शैक्षिक ऋण आदिको विवरण बुझ्न यो सेवा प्रयोग गर्न सक्नेछ। कोषवाट Username, Password र Pincode लिएका सञ्चयकर्ताले नेपाल टेलिकमको GSM मोवाईलको Message Box मा गएर कोषले आफूलाई उपलब्ध गराएको Pincode टाइप गरेपछि Space दिएर BAL टाईप गरी ५७५० मा SMS पठाए पछि आफुले माग गरेको विवरण प्राप्त गर्न सक्नेछन् ।

कोषका सवै शाखावाट यो सेवा प्राप्त हुने व्यवस्था छ। यो सेवा उपयोग गरे वापत सेवा प्रदायक नेपाल टेलिकमले लिने दस्तुर मात्र लाग्नेछ ।

### ४.४.५. टेलीकोष सेवा *(Telekosh Service)*

सञ्चयकर्ताको हरहिसाव विवरणका साथै कोषले प्रदान गरेको अन्य सूचना टेलिफोनवाट स्वचालित रुपमा जानकारी गराउने उद्देश्यले मिति २०६९ भाद्र ३१ गते देखि टेलीकोष सेवा कोषवाट सञ्चालन भएको छ ।

यस सेवाको लागि सञ्चयकर्ताले नेपाल टेलिकमको साधारण PSTN तथा GSM Mobile phone मार्फत १६४२ डायल गरी कोषमा संचित हरहिसाव विवरण टेलिफोवाट सुन्न सकिन्छ । जसअनुसार १६४२ अंक डायल गरी आफ्नो परिचयपत्र नम्वरका साथै PINCODE डायल गरी # थिच्नु पर्ने हुन्छ र परिचयपत्र एवं PINCODE मिलेमा आफ्नो कोष, विशेष सापटी, घरसापटी, शैक्षिक सापटी लगायत कोष सम्वन्धी सवै विवरण प्राप्त गर्न सकिने छ ।

संञ्चयकर्ताले टेलीकोष सेवाको लागि कोषवाट ४ अंकको PINCODE लिनु पर्दछ । यसको लागि आवश्यक फाराम कोषको वेबसाईट www.epfnepal.com.np वाट डाउनलोड गर्न सकिने व्यवस्था मिलाइएको छ ।

### ४.४.६. नोटिस वोर्ड सेवा *(Notice Board Service)*

कोषले सञ्चयकर्ताहरुलाई सम्वन्धित सूचना प्रभावकारी रुपमा प्रवाह गर्न Audio Notice Board Service समेत सञ्चालनमा ल्याएको छ । यस सेवामा सञ्चयकर्ताले टेलिफोन १६१८-०१-४२२५३८६ मा सीधा सम्पर्क गरी कोषवाट सम्वन्धित महत्वपूर्ण सूचनाहरु लिन सक्ने व्यवस्था रहेको छ ।

### ४.४.७ कोषको वेब सेवा *(Web Service)*

कोषले सम्वन्धित सवै विषयहरुका साथै कोषको लगानीको अवस्था, सञ्चालक समिति, व्यवस्थापन समितिको जानकारी लिन सक्ने साथै आवश्यक सूचना तथा सेवासुविधा उपभोगका लागि आवश्यक फारामहरु डाउनलोड गर्न सक्ने व्यवस्थाका लागि कोषको वेबसाईट (www.epfnepal.com.np) सञ्चालनमा रहेको छ । यसबाट कोषका सबै जानकारी लगायत टेण्डर, कर्मचारी व्यवस्थापन, कोषको गतिविधि सम्वन्धी आदि सूचनाहरु प्राप्त गर्न सकिने व्यवस्था रहेको छ ।

### ४.४.८ शाखा सञ्जाल सेवा *(Branch Network Service)*

कोषले सञ्चयकर्तालाई काठमाण्डौ स्थित ठमेल कार्यालय तथा सिंहदरवार र पुल्चोक सेवा केन्द्रवाट सेवा प्रवाह गर्दै आएको छ। सञ्चयकर्तालाई स्थानीय स्तरमा सरल र सहज सेवा प्रदान गर्ने उद्देश्य अनुरुप कोषले पूर्वाञ्चलको धनकुटा र बिराटनगर, मध्यमाञ्चलको हेटौडा, पश्चिमाञ्चलको पोखरा र बुटवल, मध्यपश्चिमाञ्चलको कोहलपुर र सुर्खेत तथा सुदुरपश्चिमाञ्चलको धनगढीमा शाखा कार्यालय स्थापना गरी सेवा प्रदान गर्दै आएको छ । यी आठ वटा शाखा कार्यालय, ठमेल कार्यालय र २ वटा सेवा केन्द्रलाई काठमाण्डौंमा रहेको कार्यालयसंग सञ्चार प्रविधि मार्फत सबै कार्यालयवाट कोषका सेवाहरु लिन सकिने व्यवस्था गरेको छ ।

# परिच्छेद – ५
# वित्तीय विश्लेषण

कोषको आर्थिक वर्ष २०७१/७२ र विगत ५ वर्षको वित्तीय अवस्था, लेखा र लेखापरीक्षण अवस्थाको तुलनात्मक विवरण देहायअनुरुप रहेको छ :

## ५.१ आर्थिक वर्ष २०७१/७२ को वित्तीय अवस्थाको विश्लेषण :

### ५.१.१ समग्र वित्तीय अवस्था :

कोषको लेखापरीक्षण सम्पन्न आर्थिक विवरण अनुसार आर्थिक वर्ष २०७१/७२ मा कुल स्रोत रु.१९४ अर्ब ४४ करोड ३२ लाख परिचालन गरी सो अवधिमारु. १ अर्ब ७० करोड ५९ लाख खूद मुनाफा आर्जन गरेको छ । यस अवधिको कोषको वित्तीय कारोबारको सारांश देहाय अनुसार रहेको छ :

२०७२ आषाढ मसान्त सम्ममा सञ्चय कोष रू. १८७ अर्ब ५६ करोड ५३ लाख, जगेडा कोष रू. ४ अर्ब ६२ करोड ८० लाख र अन्य दायित्व तथा व्यवस्थाहरू रु.२ अर्ब २४ करोड ९९ लाख गरी जम्मा रू.१९४ अर्ब ४४ करोड ३२ लाख कूल स्रोत रहेको छ। आर्थिक वर्ष २०७१/७२ को अवधिमा मात्र सञ्चयकर्ताबाट रु.२० अरव ३१ करोड ८८ लाख रूपैयाँ सञ्चय कोष रकम संकलन भएको छ। तद्नुरुप, आर्थिक वर्ष २०७०/७१ को तुलनामा आर्थिक वर्ष २०७१/७२ मा कोषको कूल स्रोतमा १४.५९ प्रतिशतले बृद्धि भएको छ।

कोषले आफ्नो वित्तीय स्वास्थ्य कायम राख्न Prudential Banking Norms अनुरुप मुद्दति निक्षेपको लगानी, शेयर लगानी, परियोजना कर्जा र सञ्चयकर्ता सापटीमा आवश्यक कर्जा नोक्सानी व्यवस्था गरिएको छ। असुली प्रभावकारी भएका कारण विगत वर्ष सम्मको कर्जा नोक्सानी व्यवस्थाबाट रु. ९ करोड ९२ लाख र दामासाहीमा परेको नेपाल विकास बैंकमा बाँकी रहेको मुद्दती निक्षेपको नोक्सानी व्यवस्थावाट रु.५ करोड ९२ लाख, सञ्चयकर्ता सापटीबाट रु ६ लाख तथा शेयर लगानीबाट रु.२४ लाख गरी जम्मा रु.१६ करोड १४ लाख Write Back गरिएको छ।

त्यसै गरी परियोजना कर्जा अन्तर्गत थप व्यवस्था रु.८ करोड ६३ लाख, सञ्चयकर्ता सापटीमा थप व्यवस्था रु. १३ करोड ६६ लाख र अन्य व्यवस्थामा रु. ९ करोड २ लाख गरी आर्थिक वर्ष २०७१/७२ मा रु. ३१ करोड ३२ लाख नोक्सानी व्यवस्थामा जम्मा गरिएकोले कोषको वित्तीय अवस्था थप सुदृढ बनेको छ।

(रू. करोडमा)

| विवरण | आ.व. २०७०/७१ | आ.व. २०७१/७२ | वृद्धि (न्यून) | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| सञ्चय कोष | १६,३५४.८६ | १८,७५६.५३ | २,४०१.६७ | १४.६८ |
| जगेडा कोष तथा मुनाफा | ४२०.२९ | ४६२.८० | ४२.५१ | १०.११ |
| दायित्व तथा व्यवस्थाहरू | १९३.८९ | २२४.९९ | ३१.१० | १६.०४ |
| कुल स्रोत | १६,९६९.०४ | १९,४४४.३२ | २,४७५.२८ | १४.५९ |
| कुल ऋण तथा लगानी | १६,०२६.९९ | १८,४०४.०८ | २,३७७.०९ | १४.८३ |
| कुल आम्दानी | १,४३३.१९ | १,५२०.०३ | ८६.८४ | ६.०६ |
| ब्याज खर्च | १,१५१.९३ | १,२३९.९८ | ८८.०५ | ७.६४ |
| कर्मचारी तथा सञ्चालन खर्च | ८३.३२ | ८८.९९ | ५.६७ | ६.८१ |
| जोखिम व्यवस्था | २४.९० | १५.१८ | (९.७२) | (३९.०४) |
| खुद मुनाफा | १७०.१३ | १७०.५९ | ०.४६ | ०.२७ |

कोषमा कुनै पनि कोष रहित दायित्व (Non funded liability) र काल्पनिक सम्पति (Fictitious Assets) रहेको छैन । कर्मचारीलाई अवकाशपछि प्रदान गरिने निवृत्तिभरण तथा उपदान सुविधाका लागि गरिएको बीमाङ्कीय मूल्याङ्कन (Acturial Valuation) प्रतिवेदनका आधारमा निर्धारित कूल दायित्व मध्ये आर्थिक वर्षको शुरु मौज्दात कट्टी गर्दा नपुग हुन आएको रकमको एक तिहाई रकम आर्थिक वर्ष २०७१/७२ मा व्यवस्था गर्दा नपुग हुन आएको रकम रु. १९ करोड २२ लाख समेत यस वर्ष थप गरी यस आर्थिक वर्षमा कर्मचारी दायित्व व्यवस्था वापत कूल रु.४५ करोड ६१ लाख थप दायित्व व्यवस्था गरिएको छ ।

### ५.१.२ कूल स्रोत उपयोगको अवस्था

२०७२ आषाढ मसान्तमा मौज्दात रहेको कुल स्रोत रू. १९४ अर्ब ४४ करोड ३२ लाख मध्ये रु. १८४ अर्व ४ करोड ८ लाख (९४.६५ प्रतिशत) ऋण तथा लगानीमा, ३२ करोड २५ लाख (०.१७ प्रतिशत) स्थिर सम्पत्तिमा र बाँकी रु १० अर्व ८ करोड (५.१८ प्रतिशत) चालु सम्पत्तिमा उपयोग भएको छ ।

(रू. करोडमा)

| विवरण | आ.व. २०७०/७१ | आ.व. २०७१/७२ | वृद्धि (न्यून) | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| ऋण तथा लगानी | १६०२६.९९ | १८४०४.०८ | २,३७७.०९ | १४.८३ |
| स्थिर सम्पत्ती | ३३.१० | ३२.२५ | (०.८५) | (२.५७) |
| चालू सम्पत्ति | ९०८.९४ | १००८.०० | ९९.०६ | १०.९० |
| कुल स्रोत उपयोग | १६,९६९.०४ | १९४४४.३२ | २,४७५.२८ | १४.५९ |

### ५.१.३ ऋण तथा लगानीको अवस्था

२०७२ आषाढ मसान्तको कूल ऋण तथा लगानी रु. १८४ अर्व ४ करोड ८ लाख देहायअनुसार विभिन्न क्षेत्रमा परिचालन भएको छ :

(रू. करोडमा)

| विवरण | आ.व. २०७०/७१ | आ.व. २०७१/७२ | वृद्धि (न्यून) | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| सञ्चयकर्ता सापटी | ९,१५७.६३ | १०४११.६० | १,२५३.९७ | १३.६९ |
| बैंकको मुद्दती निक्षेप | २,६६६.०० | ३६८७.०० | १,०२१.०० | ३८.३० |
| सरकारी बचतपत्र तथा ऋणपत्र | १,४१३.०१ | १५२२.६४ | १०९.६३ | ७.७६ |
| परियोजना कर्जा | २,४८६.२३ | २४८१.९६ | (४.२७) | (०.१७) |
| शेयर लगानी | २२२.०५ | २२२.०५ | - | - |
| भवन तथा आवास | ८२.०७ | ७८.८३ | (३.२४) | (३.९५) |
| जम्मा | १६,०२६.९९ | १८४०४.०८ | २,३७७.०९ | १४.८३ |

सहवित्तीयकरण कर्जा विगत १० वर्ष यता प्रवाह नभएको र असुलीलाई प्रभावकारी बनाएका कारण सहवित्तीयकरण कर्जा रु.११०.७१ करोडबाट घटेर रु. २३.६१ करोड पुगेको छ ।

### ५.१.४. कूल तथा खुद आम्दानीको अवस्था

आर्थिक वर्ष २०७१/७२ मा ऋण तथा लगानीबाट प्राप्त आम्दानी रु. १५ अर्ब ८३ लाख र विविध आम्दानी रु. १९ करोड १९ लाख समेत कोषको कूल आम्दानी रु. १५ अर्ब २० करोड ०३ लाख रहेको छ। सो कूल आम्दानीको रकम गत वर्षको कूल आम्दानी रु.१४ अर्ब ३३ करोड १९ लाखको तुलनामा ६.०६ प्रतिशतले वढी रहेको छ।

आर्थिक वर्ष २०७१/७२ मा कोषको खुद मुनाफा रु. १ अर्ब ७० करोड ५९ लाख रहेको छ। सो रकम कोषको कूल स्रोतको ०.८८ प्रतिशत र कुल आम्दानीको ११.२२ प्रतिशत हुन आउँदछ। सो मुनाफा रकम गत बर्षको रु. १ अर्ब ७० करोड १३ लाखको तुलनामा ०.२७ प्रतिशतले बढी रहेको छ।

आर्थिक वर्ष २०७१/७२ मा कोषको कर्मचारी तथा सञ्चालन खर्च ८८ करोड ९९ लाख रहेको छ। सो रकम कोषको कूल आम्दानीको ५.८५ प्रतिशत हुन आउादछ। उक्त खर्चको रकम गत बर्षको रु.८३ करोड ३२ लाखको तुलनामा ६.८१ प्रतिशतले मात्र वृद्धि भएको छ।

## ५.२. विगत ५ वर्षको वित्तीय अवस्थाको तुलनात्मक विवरण

### ५.२.१. समग्र वित्तीय अवस्था

आर्थिक वर्ष २०६७/६८ मा बाहेक अन्य आर्थिक वर्षहरुमा देशको वित्तीय वजारमा देखिएको अत्यधिक तरलताका कारण बैकको मुद्दती खाताको व्याजदरमा आएको गिरावटले कोषको आयमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ। आर्थिक वर्ष २०६७/६८ मा बैकको मुद्दती खाताको व्याजदरमा देखिएको सकारात्मक परिवर्तनबाट कोषको आय समेत उल्लेखनीय रुपमा वृद्धि भएको थियो भने आर्थिक वर्ष २०७१/७२ मा कोषले सञ्चयकर्ता कर्जामा गरेको असुलीका कारण आयमा उल्लेखनीय रुपमा वृद्धि भएको छ।

(रू. करोडमा)

| विवरण | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ |
|---|---|---|---|---|---|
| सञ्चय कोष | १०२३२.८२ | १२१४३.९७ | १४०७०.९९ | १६३५४.८६ | १८७५६.५३ |
| जगेडा कोषहरू | ३१५.११ | २९७.१३ | ३४७.८० | ४२०.२८ | ४६२.८० |
| अन्य दायित्व र ब्यवस्थाहरू | ११०.५२ | १३४.१७ | १५१.५५ | १९३.८९ | २२४.९९ |
| कूल स्रोत | १०६५८.४५ | १२५७५.२७ | १४५७०.३४ | १६९६९.०३ | १९४४४.३२ |
| कर्जा तथा लगानी | १०२२९.३२ | ११८७७.१९ | १३९३६.३२ | १६०२६.९९ | १८४०४.०८ |
| स्थीर सम्पत्ति | ५८.०१ | ६७.५४ | ८३.५८ | ३३.१० | ३२.२५ |
| चालू सम्पत्ति | ३७१.१२ | ६३०.५४ | ५५०.४४ | ९०८.९४ | १००८.०० |
| कूल उपयोग | १०६५८.४५ | १२५७५.२७ | १४५७०.३४ | १६९६९.०३ | १९४४४.३२ |
| खुद मुनाफा | १५८.४९ | ११९.१६ | १३६.४३ | १७०.१३ | १७०.५९ |
| कुल स्रोतमा कर्जा तथा लगानीको अनुपात | ९५.९७ | ९४.४५ | ९५.६५ | ९४.४४ | ९४.६५ |
| कुल स्रोतमा चालू सम्पत्तिको अनुपात | ३.४८ | ५.०१ | ३.७८ | ५.३६ | ५.१८ |
| कूल स्रोतमा स्थीर सम्पत्तिको अनुपात | ०.५५ | ०.५४ | ०.५७ | ०.२० | ०.१७ |

कोषको कूल स्रोतको विगत ५ वर्षको वृद्धिको प्रवृति देहायबमोजिम रहेको छ :




## ५.२.२ कोषको लगानीको क्षेत्रगत अवस्था

कोषको लगानीको विगत ५ वर्षको क्षेत्रगत विवरण देहायबमोजिम रहेको छ :

(रू. करोडमा)

| सि.नं. | विवरण | ईकाइ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ |
|---|---|---|---|---|---|---|---|
| १. | सरकारी बचतपत्र तथा ऋणपत्र | रकम | १३४७.१३ | १४९५.०५ | १३७०.३६ | १४१३.०१ | १५२२.६४ |
| | | प्रतिशत | १३.१७ | १२.५९ | ९.८३ | ८.८२ | ८.२७ |
| २. | शेयर | रकम | १११.८५ | २१९.७९ | २१७.३६ | २२२.०५ | २२२.०५ |
| | | प्रतिशत | १.०९ | १.८५ | १.५६ | १.३९ | १.२१ |
| ३. | बैंकको मुद्दती निक्षेप | रकम | २५९८.०० | २३८८.०० | २७८०.०० | २६६६.०० | ३६८७.०० |
| | | प्रतिशत | २५.४० | २०.११ | १९.९५ | १६.६३ | २०.०३ |
| ४. | परियोजना कर्जा | रकम | ६३३.४८ | १०७३.८३ | १५५६.३९ | २४८६.२३ | २४८१.९६ |
| | | प्रतिशत | ६.१९ | ९.०४ | ११.१७ | १५.५१ | १३.४९ |
| ५. | सञ्चयकर्ता सापटी | रकम | ५५०४.२५ | ६६६३.२१ | ७९७६.५७ | ९१५७.६३ | १०४११.६ |
| | | प्रतिशत | ५३.८१ | ५६.१० | ५७.२३ | ५७.१४ | ५६.५७ |
| ६ | भवन तथा आवास | रकम | ३४.६१ | ३७.३१ | ३५.६४ | ८२.०७ | ७८.८३ |
| | | प्रतिशत | ०.३४ | ०.३१ | ०.२६ | ०.५१ | ०.४३ |
| कूल लगानी | | रकम | १०२२९.३२ | ११८७७.१९ | १३९३६.३२ | १६०२६.९९ | १८४०४.०८ |
| | | प्रतिशत | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |






### ५.२.३ कोषको कूल आम्दानी तथा खुद आम्दानीको अवस्था

कोषको आर्थिक वर्ष २०६७/६८ देखि आर्थिक वर्ष २०७१/७२ सम्मको वित्तीय अवस्थाको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ :

(रू. करोडमा)

| सि.नं. | विवरण | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ |
|---|---|---|---|---|---|---|
| १. | कूल आम्दानी | ९३२.६४ | १,०६४.३४ | १,१५६.१७ | १,४३३.१९ | १५२०.०३ |
| २. | खुद आम्दानी | १५८.४९ | ११९.१६ | १३६.४३ | १७०.१३ | १७०.५९ |

कोषको विगत ५ वर्षको कूल आम्दानीको प्रवृत्ति






## ५.३ कोषको लेखा तथा लेखा परीक्षण

कोषको लेखा तथा लेखापरीक्षण सम्वन्धमा कर्मचारी सञ्चयकोष ऐन, २०१९ को दफा २३ मा भएको व्यवस्था अनुरुप कोषको वित्तीय विवरणहरुको ढाँचा महालेखापरीक्षक बाट तोकिने गरेको छ । कोषको आर्थिक वर्ष २०७१/७२ को वित्तीय विवरणहरु समेत महालेखापरीक्षकबाट मिति २०६८ मार्ग १ मा स्वीकृत ढाँचामा तयार गरी लेखापरीक्षण सम्पन्न गरिएको छ ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा कोषको लेखापरीक्षण कार्य प्रत्येक आर्थिक वर्ष समाप्त भएकोनौ महिनाभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था रहेता पनि सो समय सीमा ननाघ्ने गरी निश्चित समय तोकी महालेखा परीक्षकवाट सहायक लेखापरीक्षक नियुक्त हुने गरेको छ। आर्थिक वर्ष २०७१/७२ मा महालेखा परीक्षकवाट सहायक लेखापरीक्षकको रुपमा चार्टर्ड एकाउण्टेन्ट श्री पियुस आनन्दलाई नियुक्त गरिएको छ । कोषको आर्थिक वर्ष २०७१/७२ को लेखापरीक्षण सम्वन्धि सम्पूर्ण कार्यहरु समयमा नै सम्पन्न गरिएको छ ।

कोषको विगत पाँच वर्षमा लेखापरीक्षण कार्य सम्पन्न गर्दा लागेको समयको तुलनात्मक विवरणदेहाय अनुरुप रहेको छ :

| आर्थिक वर्ष | सञ्चालक समितिवाट स्वीकृत | लेखापरीक्षण अवधि (महिनामा) |
|---|---|---|
| २०७१/७२ | २०७२ साल पौष | ६ |
| २०७०/७१ | २०७१ साल पौष | ६ |
| २०६९/७० | २०७० साल पौष | ६ |
| २०६८/६९ | २०६९ साल पौष | ६ |
| २०६७/६८ | २०६८ साल मार्ग | ५ |

कोषको आर्थिक वर्ष २०७१/७२ को वित्तीय विवरणहरु, लेखा नीति तथा टिप्पणीहरु परिशिष्ठहरुमा समावेश गरिएको छ। कोषको लेखा नीतिमा उल्लेख भएकोमा वाहेक अन्य नीतिहरुमा कुनै परिवर्तन गरिएको छैन ।

# परिच्छेद – ६

# आर्थिक वर्ष २०७१/७२ को प्रमुख उपलब्धीहरू

कोषले आर्थिक वर्ष २०७१/७२ मा सञ्चयकर्ताको हित, नीतिगत तथा कानुनी सुधार, स्रोत व्यवस्थापन, जोखिम व्यवस्थापन, मानव संशाधन तथा आन्तरिक व्यवस्थापन, सूचना तथा सञ्चार प्रविधि लगायत अन्य क्षेत्रमा सम्पन्न गरेका मुख्य उपलब्धीहरुको विवरण देहायअनुरुप रहेको छ :

## ६.१ सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षातर्फ

- आर्थिक वर्ष २०७१/७२ को खूद मुनाफाबाट सञ्चयकर्ताहरुका लागि सामाजिक सुरक्षा सुविधा सञ्चालन गर्न सञ्चयकर्ता कल्याणकारी कोषमा एकमुष्ठ रु.१७ करोड ५ लाख ८८ हजार व्यवस्था गरिएको छ ।
- योगदानमा आधारित सञ्चयकर्ता स्वास्थ्य सुविधा योजना लागू गर्न आवश्यक नियमावली तथा कार्यविधि तयार गरी नेपाल सरकार समक्ष अनुमोदनका लागि पेश गरिएको छ ।
- सञ्चयकर्ताको अस्थायी तथा दोहोरो खातालाई स्थायी खातामा एकीकरण गर्ने योजना तथा कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा ८,१०० खाता व्यवस्थापन गरिएको छ ।
- सञ्चयकर्तालाई प्रदान गरिने सापटी प्रक्रियामा समयसापेक्ष सुधार गरी थप व्यवस्थित गर्ने उद्देश्यले सञ्चयकर्ता सापटी कार्यविधि, २०७० लाई आवश्यकता अनुरुप थप परिमार्जन गर्ने प्रक्रिया अघि बढाईएको छ ।
- सञ्चयकर्तालाई कोष सम्बन्धी गतिविधि तथा महत्वपूर्ण सूचनाका साथै कोषबाट प्रदान गरिने सेवा तथा सुविधाहरुको जानकारी दिन e-Newsletter (bulletin) को त्रैमासिक रुपमा प्रकाशनलाई निरन्तरता दिनुका साथै गुणस्तरमा सुधार गर्दै लगिएको छ ।
- सूचना प्रविधिको माध्यमबाट सञ्चयकर्तालाई प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्यले सञ्चयकर्ताको कोष कट्टी विवरण CD वा Website बाट Import गरी कोषको Database मा समावेश गर्ने नीति अनुरुप यस अवधिमा करीब ६७.५४ प्रतिशत फाँटवारी सञ्चयकर्ता कार्यालयबाट सिधै CD वा WebSite बाट Import गरी लेखाङ्कन गरिएको छ । सो कार्यबाट Data Entry प्रक्रियामा सरलता, लेखाङ्कनमा शुद्धता र सञ्चयकर्तालाई प्रदान गर्ने सेवा थप प्रभावकारी हुँदै गएको छ ।
- निजी क्षेत्रका कामदार कर्मचारीलाई कोषमा आबद्ध गराई संगठित क्षेत्रमा कोषको दायरा विस्तार गर्ने नीतिअनुरुप आर्थिक वर्ष २०७१/७२ मा ५५ वटा संस्थाका करीब २५४० जना कामदार/कर्मचारीहरुलाई कोषमा आबद्ध गरिएको छ ।
- अवकाश पश्चात् रकम फिर्ता पाउन सक्ने अवस्था भएको शुरु मितिले छ वर्ष सम्म रकम फिर्ता लिन नआएका सञ्चयकर्ताको सञ्चित रकमलाई व्यवस्थित गर्न बेचालु सञ्चय कोष व्यवस्थापन कार्यविधि, २०७१ कार्यान्वयन गरिएको छ ।
- सञ्चयकर्तालाई कोषबाट उपलब्ध गराउँदै आएका सेवाहरुलाई प्रभावकारी तथा थप व्यवस्थित बनाई स्थानीय स्तरमै बैंकिङ सञ्जालको माध्यमबाट राष्ट्रिय वाणिज्य बैंकका ५ शाखा मार्फत विशेष सापटी रकम भुक्तानी गर्ने सन्दर्भमा आवश्यक कार्य समेत अघि बढाईएको छ ।
- सञ्चयकर्तालाइ स्थानीय स्तरमा सेवा प्रवाह गर्न कोहलपुर, बाँकेमा शाखा कार्यालय सञ्चालन गरिएको छ साथै कोषको केन्द्रीय कार्यालय, पुल्चोकमा सञ्चयकर्ता सेवा केन्द्र सञ्चालन गरी सेवा प्रदान गर्न शुरु गरिएको छ ।

## ६.२ नीतिगत तथा कानूनी सुधारतर्फ

- कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा समसामयिक संशोधन गर्न नेपाल सरकार, अर्थमन्त्रालय मार्फत संसदमा पेश गरिएको छ ।
- कोषका विभागीय कार्य सम्पादनको अनुगमन र मूल्याङ्कनका लागि Standard Operation Procedure (SOP) कार्यविधि कार्यान्वयन गरी सोको आधारमा अनुगमन र मूल्याङ्कन शुरु गरिएको ।
- कोषको संस्थागत सुशासन निर्देशिका–२०७१, जोखिम व्यवस्थापन निर्देशिका–२०७१, सूचना प्रविधि नीति–२०७२, मानव संसाधन नीति तथा मानव संसाधन

विकास योजना-२०७२ र परियोजना कर्जा असुली बिशेष नीति २०७२ लागू गरिएको छ ।

- दैवी प्रकोप तथा अन्य विपदको अवस्थामा कोषबाट सञ्चयकर्तालाई प्रदान गरिने सेवाको निरन्तरता तथा आवश्यक सूचनाको सुरक्षाका लागि कोषले Business Continuity Plan र Disaster Recovery Plan कार्यान्वयन गरिएको छ ।
- कोषको मानव संसाधनको सन्तुष्टि अध्ययन मार्फत सुधार गर्न कर्मचारीको उत्प्रेरणा स्तरको सर्वेक्षण सम्पन्न गरेको छ ।

## ६.३ स्रोत परिचालन तथा जोखिम व्यवस्थापनतर्फ

- सञ्चयकर्ताहरुलाई समेत शेयर स्वामित्व सुनिश्चित गरिएको निर्माणाधीन ४५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत परियोजनाका लागि कोषले रु.१० अर्ब लगानी गर्ने प्रतिबद्धता जनाएअनुरुप हालसम्म रु. ८ अर्ब ५१ करोड कर्जा प्रवाह गरिएको छ। आर्थिक वर्ष २०७१/७२ मा मात्र रु.२ अर्ब ७३ करोड ७६ लाख कर्जा (पूँजीकृत समेत) प्रवाह गरिएको छ ।
- सञ्चयकर्ताहरुलाई समेत शेयर स्वामित्व सुनिश्चित गरिएका चिलिमे जलविद्युत कम्पनीद्वारा प्रवर्द्धित २७२ मेगावाट क्षमताका निर्माणाधीन ४ जलविद्युत आयोजनाहरुका लागि कोषले रु. १६ अर्ब ५० करोड लगानी गर्ने प्रतिबद्धता जनाए अनुरुप हाल सम्म रु. १ अर्ब ६० करोड लगानी गरिएको छ। आर्थिक वर्ष २०७१/७२ मा मात्र रु. २९ करोड २८ लाख कर्जा (पूँजीकृत समेत) प्रवाह गरिएको छ ।
- देशको पर्यटन क्षेत्रको विकासका लागि नेपाल वायु सेवा निगमलाई जहाज खरिदका लागि १० अर्ब ऋण दिने सम्झौता भए बमोजिम हालसम्म रु. ९ अर्ब ९२ करोड ९० लाख लगानी गरिएको छ। आर्थिक वर्ष २०७१/७२ मा मात्र रु. ५ अर्ब ५७ करोड ५२ लाख कर्जा (पूँजीकृत समेत) प्रवाह गरिएको छ ।
- परियोजना कर्जाको असुलीलाई प्रभावकारी बनाईएका कारण कोषको कुल स्रोतमा निष्कृय कर्जाको अनुपात संस्थागततर्फ ०.२८ प्रतिशत कायम भएको छ भने सञ्चयकर्ताहरुलाई प्रदान गरिएको सापटीमा रहेको निष्कृय कर्जाको अंशलाई कम गर्न असुली कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाईएको छ ।
- कोषको लगनखेलस्थित कमर्सियल कम्प्लेक्स भवन निर्माण कार्य सम्पन्न भई भाडामा लगाउने कार्य सम्पन्न भएको छ ।
- कोषको विभिन्न बैंकहरुमा रहेको मौज्दात रकमलाई समयमै केन्द्रमा रकमान्तर गरी प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्नका लागि प्रभावकारी रुपमा स्रोत संकलन गर्ने कार्यलाई Any Branch Banking System को माध्यमबाट व्यवस्थित बनाउन राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेड सँग समझदारी सम्झौता सम्पन्न गरिएको छ ।

## ६.४ लेखा तथा लेखापरीक्षणतर्फ

- आर्थिक वर्ष २०७१/७२ को लेखापरीक्षण समयमै सम्पन्न भई महालेखा परीक्षकको कार्यालयबाट प्रतिवेदन समेत प्राप्त भइसकेको छ ।आर्थिक वर्ष २०७१/७२ को शुरु सञ्चय कोष मौज्दातको आधारमा सञ्चयकर्तालाई ०.८५ प्रतिशत मुनाफा वितरण (सञ्चयकर्ता कोष खातामा जम्मा) गरिएको छ ।
- आर्थिक वर्ष २०७०/७१ को कर्मचारी सञ्चय कोष ऐन, २०१९ द्वारा तोकिएको समयमा नै वार्षिक प्रतिवेदन नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष प्रस्तुत गरिएको छ ।
- कोषले नेपाल चार्टड एकाउन्टेन्टस् संस्थाबाट प्रत्येक वर्ष प्रदान गरिने सन् २०१३ र सन् २०१४ को सार्वजनिक निकाय तर्फको National Best Presented Annual Report Award प्राप्त गरेको छ ।
- सूचना प्रविधिको माध्यमबाट सञ्चयकर्तालाई प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्यले सञ्चयकर्ताको कोष कट्टी विवरण CD वा WebSite बाट Import गरी कोषको Data base मा समावेश गर्ने नीति अनुरुप यस अवधिमा ईन्ट्री गरिएको ३९ लाख १० हजार डाटा मध्य २८ लाख १५ हजार डाटा अर्थात करीव ७२ प्रतिशत फाँटवारीको डाटा ईन्ट्री सिधैं CD वा Web Site बाट Import गरी लेखाङ्कन गरिएको छ ।
- कोषमा IFRS/NFRS कार्यान्वयनका लागि आवश्यक पूर्वाधार तयारी तथा लेखा नीतिमा समसामयिक सुधार गर्न सम्बन्धित संस्था तथा निकायको सहयोगमा कार्य अघि बढाउन कोषमा एक उच्चस्तरीय संयन्त्र गठन गरी सोको निर्देशनमा रही आन्तरिक व्यवस्था मिलाउन Core Team को गठन गरी कार्य प्रारम्भ गरिएको छ ।
- कोषको लेखाङ्कन तथा आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्दै लैजान कोषको लेखा परीक्षण समितिका सुझाव तथा निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति अनुरुप कार्यान्वयन गरिएको छ ।

## ६.५ मानव संसाधन तथा आन्तरिक व्यवस्थापनतर्फ

- मान्यता प्राप्त विश्वविद्यालयबाट M.Phil तथा Ph.d अध्ययन गर्दा सामाजिक सुरक्षा तथा सञ्चय कोषको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने सोधपत्रकर्ताका लागि छात्रवृत्ति प्रदान गर्न सामाजिक सुरक्षा एवं सञ्चय कोषसँग सम्बन्धित विषयमा सोधकार्यका लागि आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७० कार्यान्वयन गरिएको र सो अनुरुप कोषका १ जना शोधकर्तालाई आर्थिक सहयोग प्रदान गरिएको छ ।
- कोषको कर्मचारीका छोराछोरीलाई उच्च शिक्षाका लागि छात्रवृत्ति प्रदान गर्न कोषका कर्मचारी सन्तति छात्रवृत्ति निर्देशिका, २०७० कार्यान्वयन गरिएको र सो अनुरुप कोषका कर्मचारीका ५ जना सन्ततीलाई छात्रवृत्ति प्रदान गरिएको छ ।
- कोषमा क्रियाशील कर्मचारी संगठनहरुको उर्जालाई कोषको सुधार योजनामा उपयोग गरिएको छ ।
- कर्मचारीको क्षमता तथा दक्षता अभिबृद्धि गर्ने नीतिअनुरुप आर्थिक वर्ष २०७१/७२ मा २० वटा स्वदेश तथा ७ वटा विदेशका विभिन्न विषयगत तालिम कार्यक्रममा ४०५ जना कोषका कर्मचारीहरुलाई सहभागी गराईएको छ ।
- कोषले लगानी सुनिश्चित गर्न नेपाल एयरलाईन्सले खरिद गर्न लागेको एयरबसको निमार्ण प्रकृया अवलोकन गर्न एअरबस निर्माणस्थल Hamburg, Germany मा कोषका सम्बद्ध अधिकृतहरुबाट स्थलगत भ्रमण सम्पन्न गरिएको छ ।
- भियतनामको होचिमिनमा आयोजित ADFIAP को सम्मेलनमा कोषको उच्चस्तरीय सहभागिता भएको छ ।
- दक्षिण कोरियाको सामाजिक सुरक्षा (पेन्सन) का क्षेत्रमा कार्यरत संस्थाले गरेको अन्तर्राष्ट्रिय सेमिनारमा कोषका उच्च अधिकृतहरुलाई सहभागी गराईएको छ ।
- अन्तर्राष्ट्रिय मजदूर संगठन (International Labour Organization) ले थाईल्याण्डको बैंककमा आयोजना गरेको सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रममा कोषले सहभागिता भएको छ ।
- कोषको रिक्त दरबन्दी पूर्ति गर्ने उद्देश्य अनुरुप २०७०/७१ मा शुरु गरिएको खुल्लातर्फको पदपूर्ति सम्बन्धी सम्पूर्ण कार्य आर्थिक वर्ष २०७१/७२ मा सम्पन्न गरिएको छ भने आर्थिक वर्ष २०७१/७२ मा रिक्त दरबन्दी पूर्ति गर्ने कार्य अघि बढेको छ ।
- कोषमा कार्यरत कर्मचारीहरुको ज्ञान व्यवस्थापनलाई प्रभावकारी बनाउन, व्यवस्थापकीय तहमा रहेका कर्मचारीहरुको नेतृत्व कला र निर्णय क्षमता विकास गरी उत्तराधिकारी योजना (Succession Planning) सुनिश्चित गर्न तथा कर्मचारीहरु बीच समूहगत कार्यप्रणाली (Team Work) भावनाको विकास गर्न कोषको कार्य प्रकृति अनुरुप विभिन्न पाँच क्षेत्रलाई समेट्ने गरी गठित वरिष्ठ कार्यकारी मञ्च (Senior Executive Forum) को २ चरणमा सम्पन्न अन्तर्क्रिया कार्यक्रमबाट कोषको नीति निर्माणमा पृष्ठपोषण प्राप्त भएको छ ।

## ६.६ सूचना तथा सञ्चार प्रविधितर्फ

- सञ्चयकर्ताका गुनासा तथा सुझावहरुलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न विद्युतीय गुनासो व्यवस्थापन प्रणाली (Electronic Grievance Handling System)को विकास गरिएको छ ।
- कोषको Intranet Portal लाई प्रभावकारी वनाउन Software Requirement Specification (SRS) को कार्य सम्पन्न गरिएको छ भने Documents Archieving System कार्यान्वयन गरिएको छ ।
- कोषको सूचना प्रविधि प्रणालीमा निहित जोखिम विश्लेषण तथा सुधारका लागि आर्थिक वर्ष २०७०/७१ मा सम्पन्न गरिएको सिस्टम अडिटबाट प्राप्त सुझावहरुका आधारमा कोषले प्रयोग गरिरहेको कम्प्युटर प्रणालीमा आवश्यक सुधार गर्न कार्ययोजना सहित प्रक्रिया अघि वढाईएको छ ।
- कोषले सञ्चयकर्ताहरुको पहिचान, सुरक्षा तथा सेवा प्रवाहमा सरलीकृत गर्नका लागि वायोमेट्रिक डाटा संकलन कार्य शुरु गरेको छ ।

# परिच्छेद – ७

# कोषका भावी योजना

सञ्चयकर्ताको दायरा बिस्तार, कोषको स्रोत परिचालन, सामाजिक सुरक्षा कार्यक्रम तथा सञ्चयकर्ता सेवा सुविधा बिस्तार लगायत समग्र कोषको संस्थागत विकासका सम्बन्धमा कोषको भाबी यो जना देहायबमोजिम रहेको छ :

**७.१**

नेपालको संविधानले प्रत्याभूत गरेको रोजगार तथा सामाजिक सुरक्षाको हकलाई मूर्तरुप दिन र सञ्चयकर्ता कर्मचारीको सर्वथा हित कायम हुने गरी निजी क्षेत्रका कर्मचारी/कामदार तथा स्वरोजगारमा रहेका व्यक्तिलाई समेत सामाजिक सुरक्षाको सञ्जालमा ल्याई सामाजिक सुरक्षा प्रदान गर्न कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा समसामयिक संशोधन भई आएपश्चात निबृत्तिभरण योजना, स्वास्थ्य बीमा योजना सञ्चालन गर्ने लक्ष्य रहेको छ ।

**७.२**

स्वरोजगार क्षेत्रमा कार्यरत व्यक्ति, बैदेशिक रोजगारमा रहेका कर्मचारी तथा कामदारहरु, अंसगठित क्षेत्रमा कार्यरत कर्मचारी तथा कामदारलाई समेत कोषमा आबद्ध गर्ने कार्यक्रम रहेको छ ।

७.३

स्वास्थ्य क्षेत्रमा देखिएका समस्याहरुलाई सम्वोधन गरी सीमित र निश्चित आयमा जीवनयापन गरिरहेका सञ्चयकर्ताको औषधोपचार खर्च, दुर्घट्ना क्षतिपूर्ति, प्रसुति खर्च जस्ता अत्यावश्यक सुविधाका लागि योगदानमा आधारित स्वास्थ्य सुविधा योजना कार्यान्वयन गर्ने योजना रहेको छ ।

**७.४**

सञ्चयकर्ताको आवासको आवश्यकतालाई दृष्टिगत गरी नेपाल सरकारको सहयोगमा प्रमुख शहरहरुमा सञ्चयकर्ता आवास योजनाको विकास र विस्तार गर्ने र यसका लागि भगिनी संस्थाको स्थापना र संचालन गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।

**७.५**

२०७२ सालको विनाशकारी भुकम्पको असर समेतलाई दृष्टिगत गरी सञ्चयकर्ताको सेवाकालीन आवश्यकताका लागि थप शीर्षकमा सापटी प्रदान गर्ने व्यवस्था मिलाईने छ ।

**७.६**

कोषको दीर्घकालीन बचतलाई देशको पूर्वाधार विकासमा लगानी विस्तार गर्न नेपाल सरकारका प्राथमिकता प्राप्त परियोजनाका साथै सरकारी ऋणपत्र, सुरक्षणपत्र तथा विकास ऋणपत्रमा प्राथमिकताका साथ लगानी गरिने कार्यक्रम रहेको छ ।

**७.७**

कोषको लगानी विविधीकरण गर्न तथा सञ्चयकर्तालाई दिने प्रतिफल र सुरक्षा बीच सन्तुलन कायम गर्न सामूहिक लगानी कोष (Mutual Fund) संचालन गरी देशको पूँजी बजारको विकासमा टेवा पुऱ्याउने लक्ष्य रहेको छ ।

**७.८**

वित्तीय व्यवस्थापन सुधारका लागि कोषको लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बनाउन कोषको लेखाङ्कन प्रणालीमा क्रमशः IFRS लागू गरिनेछ ।

**७.९**

कोषका सम्पूर्ण कारोबारहरु एकीकृत कम्प्युटर प्रणालीबाट संचालन गर्ने, विद्युतीय माध्यमको प्रयोग गरी कार्यालयबाटै फाँटबारी पठाउन सक्ने प्रणालीको विकास गर्ने, सरकारी स्वामित्वका वाणिज्य बैंकहरुको सहकार्यमा सञ्चयकर्तालाई स्थानीय स्तरमै सेवा प्रदान गर्ने लक्ष्यलाई मूर्तरुप दिइने छ । व्यवस्थित रुपमा अभिलेख राख्न तथा कोषको गतिविधिलाई पारदर्शी वनाउन Electronic सूचना केन्द्र स्थापना गर्न E-Liabrary को कार्यान्वयन गरिनेछ ।

**७.१०**

प्रत्येक शाखा कार्यालयहरुबाट कार्यालय समय अघि/पछि र विदाको समयमा पनि सञ्चयकर्तालाई सेवा सुविधा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ । सञ्चयकर्तालाई पायक पर्ने स्थानको छनौट गरी थप सेवा केन्द्रको स्थापना र संचालन गरिने छ ।

परिशिष्ठ – १
(प्रकरण १.१२ संग सम्बन्धित)

- **कोषसँग सम्बन्धित विभिन्न ऐन, नियम, नीति तथा कार्यविधिहरू**
- कर्मचारी सञ्चय कोष ऐन, २०१९
- जगेडा कोष, कल्याणकारी कोष, निवृत्तिभरण कोष र अन्य कोषहरू सञ्चालन नियमावली, २०६२
- कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित)२०४८
- सार्वजनिक खरिद ऐन, २०६३
- कर्मचारी सञ्चय कोष (खरिद) नियमावली, २०६८
- कर्मचारी सञ्चय कोष (आर्थिक प्रशासन) नियमावली, २०६८
- कर्मचारी सञ्चय कोष, लगानी नीति, २०७१
- सहवित्तीयकरण कर्जा कार्यविधि, २०६१
- परियोजना कर्जा कार्यविधि, २०६१
- कर्जा असुली कार्यविधि, २०६७
- कर्मचारी सञ्चय कोष पदपूर्ति कार्यविधि (पहिलो संशोधन सहित) निर्देशिका २०५८
- कर्मचारी सञ्चय कोष दैनिक तथा भ्रमण भत्ता सम्बन्धी कार्यविधि, (संशोधन सहित) २०४२
- भ्रमण निर्देशिका, २०६७
- प्रोत्साही पुरस्कार तथा दण्डसम्बन्धी कार्यविधि (संशोधन सहित), २०३३
- कोषका कर्मचारीको निमित्त अवकाश कोष सञ्चालन निर्देशिका, २०६०
- कर्मचारी जीवन सुरक्षण कोष सञ्चालन निर्देशिका, २०६०
- कर्मचारी औषधोपचार सम्बन्धी व्यवस्था, २०५०
- कर्मचारी सञ्चय कोष सामान्य नियम, (संशोधन सहित)२०२०
- कागज धुल्याउने कार्यविधि, २०२८
- लेखा निर्देशिका, २०६३
- शाखा कार्यालय सञ्चालन निर्देशिका, २०६३
- अधिकार प्रत्यायोजन कार्यविधि, २०७०
- संस्थागत सुशासन निर्देशिका, २०७१
- बजेट निर्देशिका, २०७१
- जोखिम व्यवस्थापन निर्देशिका, २०७१
- व्यवसायिक निरन्तरता योजना/विपद व्यवस्थापन योजना, २०७१
- कर्मचारी सञ्चय कोष अनुगमन र मूल्याङ्कनको मापदण्ड तथा कार्यविधि, २०७०
- सामाजिक सुरक्षा एवं सञ्चय कोषसँग सम्वन्धित विषयमा सोधकार्यका लागि आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७०
- कोषका कर्मचारी सन्तति छात्रवृत्ति निर्देशिका, २०७०
- सञ्चयकर्ता सापटी कार्यविधि, २०७०
- बेचालु सञ्चय कोष व्यवस्थापन कार्यविधि, २०७१
- सूचना प्रविधि नीति – २०७१
- मानव संसाधन नीति तथा मानव संसाधन बिकास योजना –२०७१
- आन्तरिक लेखापरीक्षण कार्यविधि– २०७१
- कोषका कर्मचारीहरुको हाजीरी व्यवस्थापन Electronic attendence System निर्देशिका २०७१

परिशिष्ठ

परिशिष्ठ – २

# महालेखापरीक्षकको कार्यालय

## संगठित संस्था लेखापरीक्षण महानिर्देशनालय

प.सं. २०७२।७३
च.नं.

मिति : २०७२/११/९

श्री अध्यक्ष,
कमंचारी सञ्चय कोष,
पुल्चोक, ललिपुर ।

विषय : लेखापरीक्षण प्रतिवेदन ।

### १. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ कर्मचारी सञ्चय कोषको २०७२ असार मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय-व्यय विवरण, नगद प्रवाह विवरण तथा मुनाफाबाट सृजित कोषहरुमा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

### २. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

### ३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षण मान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षण मान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ। हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं।

### ४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

### ४.१ बैंक खाता तथा हिसाब मिलान स्थिति

यस बर्षको अन्त्यसम्ममा बैंक हिसाब मिलान हुन बाँकी रु. १ अर्ब ५२ करोड ७१ लाख (गत बर्ष रु ७८ करोड ३७ लाख) देखिएको छ। हिसाब मिलान हुन नसकी बर्षौंदेखि वक्यौता रहेका रकमहरु समेत माथि उल्लेखित रकममा समावेश भएको तर हिसाब मिलान नभएको रकमको आयुगत विवरण कोषमा उपलब्ध नभएकाले सो रकमले कोषको सम्पत्ति, दायित्व, आय तथा व्ययमा के कति असर पर्छ भनि एकिन गर्न अवस्था छैन।

### ४.२ सञ्चयकर्ता कर्जाको जोखिम आँकलन

कोषले IT System Audit को प्रतिबेदनका आधारमा कार्य योजना बनाइ Contribution Management System (CMS) मा सुधार कार्य अगाडि बढाउने उल्लेख भएतापनि हालसम्म कोषले यसतर्फ उल्लेख्य पहल गरेको छैन। कोषले प्रवाह गरेको सञ्चयकर्ता सापटीमा निहित जोखिम तथ्यगत रुपमा निम्न कारणले एकिन गर्न सकिएन :

- प्रत्येक ऋणीले भुक्तानी गरेको ऋणको ऋणीगत नाम, भुक्तानी मिति र रकम स्पष्ट हुने विवरण CMS बाट प्राप्त गर्न सकिएन।
- ऋणीलाई ऋण भुक्तानी गरिएको मिति, रकमका साथै निजको खातामा डेबिट गरेको ब्याज तथा असूल गर्न बाँकी रहेको रकम सहितका तथ्याङ्क CMS बाट प्राप्त गर्न सकिएन। यस्ता कर्जा प्रवाह गर्दा लिइएको धितोको बार्षिक रुपमा बीमा नविकरण गर्नु पर्ने व्यवस्था भएपनि बीमा नविकरण गरिएका कर्जाको विवरण CMS बाट उपलब्ध गराउन नसकेको अवस्था छ भने सञ्चयकर्ताको ऋण तिर्न सक्ने क्षमता जाँच नगरी सापटीको किस्ता रकम निर्धारण गर्ने गरिएको छ। कोषको सम्बन्धित विभाग आफैंले आवश्यक रिपोर्टहरु CMS बाट Generate गर्न नसक्ने तथा रिपोर्टका लागि IT Department मै निर्भर रहनु पर्ने अवस्था समेत रहेको छ। यसका साथै लेखापरीक्षण System Base मा गर्न नसकिएको, सञ्चयकर्ता फाइल तथा IT Department ले उपलब्ध गराएको Data मा मात्रै निर्भर रहनु परेको स्थिति छ।

### ५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यवहोरा यसै साथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ।

### ६. लेखापरिक्षकको राय

हाम्रो रायमा कैफियतसहितको लेखापरिक्षण राय व्यक्त गर्ने आधारका रुपमा बुँदा नं. ४.१ देखि ४.२ सम्म व्याख्या गरिएका विषयवस्तुको कारण समायोजन हुन सक्ने बाहेक, हाम्रो रायमा कोषको संलग्न वित्तीय विवरणले आ.व. २०७१/७२ आषाढ मसान्तको वित्तीय स्थिति, सो मितिमा समाप्त भएको आ.व. को आय विवरण, नगद प्रवाह विवरण तथा मुनाफाबाट सृजित कोषहरुमा भएको परिवर्तनको विवरणको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ।

**(सूकदेव खत्री)**
**उपमहालेखापरीक्षक**

परिशिष्ट – ३

## कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन ,२०१९ वमोजिम स्थापित)

## वासलात

**२०७२ आषाढ ३१**

| विवरण | | अनुसूची | यस वर्षको (रू.) | गत वर्षको (रू.) |
|---|---|---|---|---|
| १. कोषको स्रोत | | | | |
| १.१ | सञ्चय कोष | १ | १८७,५६५,३४५,०९७ | १६३,५४८,५७५,२४६ |
| १.२ | मुनाफाबाट सिर्जना गरिएको जगेडा तथा अन्य कोष | २ | ४,६२८,००२,००८ | ४,२०२,८८६,२९७ |
| १.३ | पूँजीगत जगेडा कोष | ३ | – | – |
| १.४ | दायित्वहरु | ४ | ८०३,६१७,४८५ | ७३३,२७१,३३४ |
| १.५ | व्यवस्थाहरु | ५ | १,४४६,२८२,१४९ | १,२०५,६५२,१५२ |
| जम्मा | | | १९४, ४४३,२४६,७३९ | १६९,६९०,३८५,०२९ |
| २. कोषको उपयोग | | | | |
| २.१ | नगद तथा बैंक मौज्दात | ६ | ८,०१४,७७४,३५५ | ७,३८०,८०१,५३९ |
| २.२ | राष्ट्रिय बचतपत्र तथा ऋणपत्रमा लगानी | ७ | १५,२२६,३९८,३५८ | १४,१३०,१०४,७२३ |
| २.३ | मुद्दती निक्षेपमा लगानी | ८ | ३६,८७०,०००,००० | २६,६६०,०००,००० |
| २.४ | डिवेन्चरमा लगानी | ९ | – | – |
| २.५ | शेयरमा लगानी | १० | २,२२०,५३०,७४१ | २,२२०,५३०,७४१ |
| २.६ | परियोजना कर्जा | ११ | २४,८१९,६२६,११४ | २४,८६२,२८२,२४५ |
| २.७ | सञ्चयकर्ता सापटी | १२ | १०४,११५,९५६,४७४ | ९१,५७६,२९९,५८० |
| २.८ | आवास परियोजनामा लगानी | १३ | – | – |
| २.९ | स्थिर सम्पत्तिमा लगानी | १४ | ७८८,३०४,०७६ | ८२०,७१४,५८५ |
| २.१० | स्थिर सम्पत्ति | १५ | ३२०,३०५,६२० | ३२८,८५७,८०१ |
| २.११ | निर्माणाधीन सम्पत्ति | १६ | २,१६८,३५३ | २,१६८,३५३ |
| २.१२ | विविध सम्पत्ति | १७ | २,०६५,१८२,६४८ | १,७०८,६२५,४६२ |
| जम्मा | | | १९४,४४३,२४६,७३९ | १६९,६९०,३८५,०२९ |

(राजेन्द्र काफ्ले)
का. मु. मुख्य अधिकृत

(कृष्ण प्रसाद आचार्य)
प्रशासक

(प्रकाश कुमार के.सी.)
सञ्चालक

(रामशरण पुडाशैनी)
सञ्चालक

(प्रताप सिंह थापा)
सञ्चालक

(प्रेम कुमार राई)
अध्यक्ष

(पियुष आनन्द)
लेखापरीक्षक

(सुकदेव खत्री)
उप–महालेखापरीक्षक

## कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन ,२०१९ वमोजिम स्थापित)

## आय विवरण

### २०७१ श्रावण १ गते देखि २०७२ आषाढसम्म

| विवरण | अनुसूची | यस वर्षको (रू.) | गत वर्षको (रू.) |
|---|---|---|---|
| १) ऋण तथा लगानीबाट आम्दानी | १८ | १५,००८,३३१,३५६ | १४,०९४,८२१,३१५ |
| २) ब्याज खर्च | १९ | १२,३९९,७९३,९६४ | ११,५१९,३१६,७०४ |
| ३) कुल मुनाफा (१–२) | – | २,६०८,५३७,३९२ | २,५७५,५०४,६११ |
| ४) विविध आम्दानी | २० | १९१,९४२,४२६ | २३७,०७४,६९१ |
| ५) व्यवस्थापन खर्च | | ९४४,३९९,७२७ | ८९०,६४१,०५२ |
| क) कर्मचारी खर्च | २१ | ७८६,१०६,३८२ | ७३३,६२९,३५० |
| ख) सञ्चालन खर्च | २२ | १०३,७८६,९२१ | ९९,५४०,७६३ |
| ग) ह्रास खर्च | | ५१,७११,११७ | ५४,९७३,६७१ |
| ङ.) वित्तीय खर्च | | २,७९५,३०७ | २,४९७,२६८ |
| ६) कर्जा तथा लगानी जोखिम व्यवस्थाको अघिको मुनाफा (३+४–५) | – | १,८५६,०८०,०९१ | १,९२१,९३८,२५० |
| ७) कर्जा तथा लगानी जोखिमको व्यवस्था | २३ | १५१,८०५,६०७ | २४८,९९१,४९३ |
| ८) कर्जा तथा लगानी जोखिमको व्यवस्था पछिको मुनाफा (६–७) | – | १,७०४,२७४,४८४ | १,६७२,९४६,७५७ |
| ९) विगत वर्षको आम्दानी (खर्च) | | १,६०७,५५५ | ३,४८१,४२८ |
| १०) अपलेखित कर्जाको आम्दानी/खर्च समायोजन अघिको मुनाफा (८+९) | | १,७०५,८८२,०३९ | १,६७६,४२८,१८५ |
| ११) अपलेखित कर्जाको खुद खर्च (आम्दानी) | २४ | – | (२४,८८४,३४३) |
| **१२) खुद मुनाफा (नोक्सान)** | | १,७०५,८८२,०३९ | १,७०१,३१२,५२८ |

(राजेन्द्र काफ्ले)
का. मु. मुख्य अधिकृत

(कृष्ण प्रसाद आचार्य)
प्रशासक

(प्रकाश कुमार के.सी.)
सञ्चालक

(रामशरण पुडाशैनी)
सञ्चालक

(प्रताप सिंह थापा)
सञ्चालक

(प्रेम कुमार राई)
अध्यक्ष

(पियुष आनन्द)
लेखापरीक्षक

(सुकदेव खत्री)
उप-महालेखापरीक्षक

# कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन ,२०१९ वमोजिम स्थापित)

## नगद प्रवाहको विवरण

### आर्थिक वर्ष २०७१/७२

| विवरण | यस वर्षको (रू.) | गत वर्षको (रू.) |
|---|---|---|
| १. कार्य सञ्चालनबाट नगद प्रवाह | | |
| • यस वर्षको खुद मुनाफा (नोक्सान) | १,७०५,८८२,०३९ | १,७०१,३१२,५२८ |
| • ह्रास कट्टी तथा अवलेखनमा वृद्धि (कमी) | ५१,७११,११७ | ५४,९७३,६७१ |
| • विविध व्यवस्थाका लागि खर्चमा वृद्धि (कमी) | १५१,८०५,६०७ | २४८,९९१,४९३ |
| • सञ्चय कोषमा व्याज खर्च | १२,३६०,३२२,३२६ | ११,४८३,१०६,१०५ |
| • दायित्व तथा व्यवस्थाहरुमा वृद्धि (कमी) | ३१२,३०२,४०१ | ४२३,४२७,४७१ |
| • विविध सम्पत्तिमा कमी (वृद्धि) | (४४६,७७४,४०८) | (१२९,५२९,००४) |
| जम्मा | १४,१३५,२४९,०८२ | १३,७८२,२८२,२६४ |
| २. वित्तीय श्रोतवाट नगद प्रवाह | | |
| • सञ्चय कोषमा वृद्धि (कमी) | ११,६५६,४४७,५२५ | ११,३५५,६०७,९०७ |
| • जगेडा कोषहरूमा वृद्धि (कमी) | (१,२८०,७६६,३२८) | (९७६,४२४,३४८) |
| जम्मा | १०,३७५,६८१,१९७ | १०,३७९,१८३,५५९ |
| ३. लगानीमा नगद प्रवाह | | |
| • राष्टिय वचतपत्र तथा ऋणपत्र लगानीमा फिर्ता (थप) | (१,०९६,२९३,६३५) | (४२६,४२५,०६६) |
| • शेयर लगानीमा फिर्ता (थप) | २,४००,००० | (१३,४००,१४६) |
| • मुद्दती निक्षेप लगानी फिर्ता (थप) | (१०,१५२,०८८,५३३) | १,१७५,७७०,६५६ |
| • परियोजना कर्जा असुली (थप ) | ५५,४५७,६३० | (९,३३८,९१८,५६८) |
| • सञ्चयकर्ता सापटी असुली (थप ) | (१२,६७५,६८४,५००) | (१२,०५३,३७४,५१०) |
| • स्थिर सम्पत्तिमा लगानी फिर्ता (थप) | - | (४९८,८१२,८६२) |
| • आवास परियोजना लगानी असुली (थप ) | - | ४१८,२२६ |
| • स्थिर तथा निर्माणाधिन सम्पत्ति विक्रि (खरिद ) | (१०,७४८,४२६) | ४८३,९१९,२८५ |
| जम्मा | (२३,८७६,९५७,४६३) | (२०,६७०,८२२,९८५) |
| ४. खुद नगद प्रवाह (१+२+३) | ६३३,९७२,८१६ | ३,४९०,६४२,८३९ |
| ५. शुरु नगद तथा बैंक मौज्दात | ७,३८०,८०१,५३९ | ३,८९०,१५८,७०० |
| ६. अन्तिम नगद तथा बैंक मौज्दात (४+५) | ८,०१४,७७४,३५५ | ७,३८०,८०१,५३९ |

| | | | |
|---|---|---|---|
| (राजेन्द्र काफ्ले)<br>का. मु. मुख्य अधिकृत | (कृष्ण प्रसाद आचार्य)<br>प्रशासक | (प्रकाश कुमार के.सी.)<br>सञ्चालक | (रामशरण पुडाशैनी)<br>सञ्चालक |
| (प्रताप सिंह थापा)<br>सञ्चालक | (प्रेम कुमार राई)<br>अध्यक्ष | (पियुष आनन्द)<br>लेखापरीक्षक | (सुकदेव खत्री)<br>उप–महालेखापरीक्षक |

# कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन ,२०१९ बमोजिम स्थापित)

## मुनाफाबाट सिर्जना गरिएका कोषहरूमा भएको परिवर्तनको विवरण

आर्थिक वर्ष २०७१/७२

| विवरण | शुरु मैजदात (रू.) | | खर्च (रू.) | | रकमान्तर (रू.) | | मुनाफा वांडफांड (रू.) | | अन्तिम मौज्दात (रू.) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको | यस वर्षको | गत वर्षको |
| साधारण जगेडा कोष | १,१०८,०९२,९५९ | १,०२२,८८०,४३१ | २०,०००,००० | - | - | - | ७५,२९४,४३९ | ८५,२१२,५२८ | १,१६३,३८७,३९८ | १,१०८,०९२,९५९ |
| सञ्चयकर्ता कल्याणकारी कोष | १,५७२,८८१,८७३ | १,२४१,२७२,१५८ | २७,१७४,७०० | ८,५९०,२८५ | - | - | १७०,५८८,००० | ३४०,२००,००० | १,७१६,२९५,१७३ | १,५७२,८८१,८७३ |
स्थिर सम्पत्तिको लेखाङ्कन लागत मूल्य (Actual Cost) को आधारमा गरिएको छ। स्थिर सम्पत्ति खरिद वा प्राप्त गरी सञ्चालन अवस्थामा ल्याउनेसम्म लागेको सम्पूर्ण खर्चहरू समेतलाई सम्बन्धित सम्पत्तिमा पूँजीकृत गर्ने नीति लिईएको छ । हरेक वर्ष स्थिर सम्पत्तिको मूल्याङ्कन ऐतिहासिक लागत (Historical Cost) को आधारमा गरिएको छ । कार्यालय तथा व्यापारिक प्रयोजनले निर्माण गरिएका भवनहरूको निर्माणाधीन अवस्थामा हुने खर्च निर्माणाधीन सम्पत्ति शीर्षक अन्तर्गत लेखाङ्कन गरिएको छ । रू.३०००/– (तीनहजार) वा सो भन्दा कम का खप्ने प्रकृतिका सामानहरु (Durable Items) लाई पूँजीकृत गरिएको छैन। स्थिर सम्पत्तिको बिक्री वा अपलेखनबाट नोक्सान भएमा अपलेखन खर्च शीर्षकमा र फाईदा भएमा विविध आम्दानी शीर्षकमा लेखाङ्कन गरिएको छ ।

### ख. स्थिर सम्पतिको ह्रासकट्टी

आय आर्जन वा कार्यालय प्रयोजनका लागि प्रयोग हुने सबै प्रकारका स्थिर सम्पत्तिको ह्रासकट्टी वार्षिक रूपमा घट्दो प्रणाली (Written Down Value) को आधारमा उपलब्ध सम्पतिको आयुको गणना गरी निम्न दरमा ह्रासकट्टी गरिएको छ :

| सिं.नं. | स्थिर सम्पतिको किसिम | वार्षिक ह्रासकट्टी दर (प्रतिशत) |
|---|---|---|
| १. | भवन | ५ |
| २. | फर्निचर | २० |
| ३. | कार्यालय सामान | २० |
| ४. | कम्प्युटर उपकरण | २५ |
| ५. | सवारी साधन | २० |

कम्प्यूटर सफ्टवेयर लगायतका अन्य अदृश्य सम्पत्तिहरु (Intangible assets) को प्रयोगमा आएको मितिले ५ बर्ष भित्र मूल्य अपलेखन हुने गरी दामासाहीले हुन आउने र कम प्रत्येक वर्ष खर्च लेखाङ्कन गर्ने नीति लिइएको छ। चालू वर्षमा खरिद गरिएका स्थिर सम्पत्तिहरूको हकमा खरिद भएको भन्दा पछिल्लो महिना देखि दामासाही रुपमा ह्रासकट्टी गरिएको छ।

कोषले सकार गरी लिएका सम्पत्तिहरू कोषको कार्यालय प्रयोजन वा व्यावसायिक प्रयोजनका लागि प्रयोग नभएसम्म तथा निर्माणाधिन अवस्थामा रहेका निर्माणाधीन सम्पत्तिको ह्रासकट्टी गरिएको छैन। जग्गा तथा जग्गा विकासमा भएको खर्चको ह्रासकट्टी गरिएको छैन। कितावी मूल्य (Book value) रु.३,०००/– भन्दा कम बाँकी भएका स्थिर सम्पत्तिहरूको ह्रासकट्टी नगर्ने नीति लिईएको छ।

## २.२.६. स्थीर सम्पति लगानीको लेखाङ्कन

कोषले आय आर्जन गर्नका लागि प्रयोग गरेको स्थिर सम्पतिलाई स्थीर सम्पति लगानी (Investment Property) मा लेखाङ्कन गर्ने नीति लिईएको छ। साथै, यस्तो स्थीर सम्पतिको केही भाग कोषले समेत प्रयोग गरेको अवस्थामा सो प्रयोगको आधारमा समानुपातिक रुपमा लेखाङ्कन गरिएको छ।

## २.२.७. जगेडा कोषको लेखाङ्कन

जगेडा कोषबाट हुने सबै प्रकारका खर्चलाई नगद भुक्तानी (Cash Basis) को आधारमा लेखाङ्कन गरिएको छ। यस्ता खर्चहरु सम्बन्धित कोषमा नै खर्च लेखाङ्कन गर्ने गरिएको छ।

## २.२.८. सञ्चय कोषको लेखाङ्कन

सञ्चय कोषको लेखाङ्कन सञ्चय कोष दाखिला भएको बैंक मितिका आधारमा गरिएको छ। सञ्चय कोष रकम भुक्तानी प्रदान गर्दा भुक्तानी हुनुभन्दा १ (एक) दिन अगाडिसम्मको व्याज नेपाली क्यालेण्डर अनुसार दिन गन्तीको आधारमा प्रदान गरिएको छ।

## २.२.९. बेचालु सञ्चय कोषको लेखाङ्कन

यस आर्थिक वर्ष देखि सञ्चयकर्ताको कर्मचारी सञ्चय कोषमा सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको शुरु मितिले छ वर्षसम्म फिर्ता लिन नआएका सञ्चयकर्ताको सञ्चित रकम कर्मचारी संचय कोष ऐन, २०१९ (संशोधन सहित) को दफा १५क को उपदफा (३क) बमोजिम छुट्टै खातामा जम्मा गरी लेखाङ्कन गर्ने नीति लिईएको छ।

## २.२.१०. आयकर

आयकर ऐन, २०५८ को दफा ६४ (२) मा "स्वीकृत अवकाश कोषको आयमा आयकर लाग्ने छैन" भन्ने व्यवस्था भएबाट कोषको आयमा आयकर नलाग्ने हुँदा आयकरको निमित्त कुनै व्यवस्था गरिएको छैन।

## २.२.१०. अङ्कहरुको समायोजन

वासलात, आय विवरण, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरुमा अङ्कहरु निकटतम रुपैयाँमा देखाईएको छ।

## ३. लेखा टिप्पणीहरु

## ३.१. जगेडा कोष

"कोषको जगेडा कोष, निवृत्तिभरण कोष, कल्याणकारी कोष र अन्य कोषहरु नियमावली, २०६२" अनुरुप देहाय अनुसार सम्बन्धित कोषमा खर्च लेखाङ्कन गरिएको छ :

### क. साधारण जगेडा कोष :

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| शुरु मौज्दात | १,१०,८०,९२,९५९/– | १,०२,२८,८०,४३१/– |
| खर्च | २,००,००,०००/– | – |
| थप | ७,५२,९४,४३९/– | ८,५२,१२,५२८/– |
| अन्तिम मौज्दात | १,१६,३३,८७,३९८/– | १,१०,८०,९२,९५९/– |

परिशिष्ट

## ख. सञ्चयकर्ता कल्याणकारी कोष :

सञ्चयकर्ता कल्याणकारी कोष अन्तर्गत काजकृया खर्च रु.२,०७,४४,०००/- एवं दुर्घटना क्षतिपूर्ति खर्च रु.९३,००,०००/- र सञ्चयकर्ता औषधोपचार खर्च रु.८,५६,७७४/- रहेको छ र कोषको नीति अनुरुप कोष तथा विशेष सापटी खातामा रहने स-साना रु. ५००/- सम्मका जम्मा रु. ३७,२६,०७४/ रकमान्तर गरी खुद जम्मा भएको छ। यसरी यस कोषमा खुद खर्च रु. २,७१,७४,७००/- भएको छ।

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| शुरु मौज्दात | १,५७,२८,८१,८७३/- | १,२४,१२,७२,१५८/- |
| खर्च | २,७१,७४,७००/- | ८५,९०,२८५/- |
| थप | १७,०५,८८,०००/- | ३४,०२,००००० /- |
| अन्तिम मौज्दात | १,७१,६२,९५,१७३/- | १,५७,२८,८१,८७३/- |

## ग. कर्मचारी कल्याणकारी कोष

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| शुरु मौज्दात | १६,७९,०१,१०८/- | १५,७४,३७,४८६/- |
| खर्च | ६,५०,४२,६८२/- | ५,७०,३६,३७८/- |
| थप | ८,५२,९४,०००/- | ६,७५,००,०००/- |
| अन्तिम मौज्दात | १८,८१,५२,४२६/- | १६,७९,०१,१०८/- |

## घ. मुनाफा बाँडफाँड कोष

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| शुरु मौज्दात | १,३५,४०,१०,३५७/- | १,०५,६४,०८,०४२/- |
| खर्च | १,१६,८५,४८,९४५/- | ९१,०७,९७,६८५/- |
| थप | १,३६४७,०५,६००/- | १,२०,८४,००,०००/- |
| अन्तिम मौज्दात | १,५५,०१,६७,०१२/- | १,३५,४०,१०,३५७/- |

## ङ. मानव संशाधन बिकास कोष

कोषको संस्थागत उद्देश्य प्राप्तिका लागि कोषको मानव स्रोतलाई समय सापेक्ष रुपमा विकास गरी उत्पादकत्वमा वृद्धि गर्न र मानव संसाधन तथा विकास योजनालाई आवश्यक दिगो वित्तीय श्रोतको व्यवस्था मिलाउन आर्थिक वर्ष २०७१/७२ देखि यो कोषको व्यवस्था गरिएको छ।

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| शुरु मौज्दात | - | - |
| खर्च | - | - |
| थप | १,००,००,०००/- | - |
| अन्तिम मौज्दात | १,००,००,०००/- | - |

## ३.२. व्याज मुल्तबी हिसाब

परियोजना कर्जा तथा विशेष सापटी बाहेकका सञ्चयकर्ता सापटीहरुको व्याज आम्दानी नगद प्राप्तिका आधारमा लेखाङ्कन गर्ने नीति अनुरुप आर्थिक वर्षभित्र प्राप्त हुनु पर्ने तर नभएको व्याजलाई 'व्याज मुल्तबी हिसाब' मा जम्मा र 'असुल गर्नु पर्ने व्याज' शीर्षकमा खर्च लेखी लेखाङ्कन गरिएको छ। यसरी आर्थिक बर्ष २०७१/७२ मा 'व्याज मुल्तबी हिसाबमा' रहेको देहाय अनुरुपको रकमलाई विविध सम्पत्ति अन्तर्गतको "असुल गर्न बाँकी व्याज" रकमबाट न्यून गरी देखाईएको छ :

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| परियोजना कर्जा | ५८,२९,१९,४९५/- | ५३,४६,६०,७९१/- |
| सञ्चयकर्ता सापटी | १,२५,९४,१७,९३३/- | १,२७,५९,६७,३३५/- |
| जम्मा | १,८४,२३,३७,४२८/- | १,८१,०६,२८,१२६/- |

सञ्चयकर्ता सापटीमा रहेको व्याज मुल्तबी हिसाबमध्ये घर सापटीमा रु.१,१८,१५,४४,४७६/- एवं शैक्षिक सापटीमा रु. ४,२०,८६,०२३/- तथा सरल चक्र कर्जामा ३,५७,८७,४३४/- रहेको छ।

## ३.३. व्याज खर्च तथा व्याज आम्दानी

गत आ.व. २०७०/७१ मा सञ्चयकर्ताको कोष रकममा ८.०० प्रतिशत व्याज प्रदान गरिएकोमा यस आर्थिक वर्ष २०७१/७२ मा ७.५० प्रतिशतका दरले ब्याज प्रदान गरिएको छ। सञ्चय कोष र अन्य शीर्षकहरुमा प्रदान गरिएको व्याज खर्चहरुको विवरण देहाय अनुरुप रहेको छ :

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| सञ्चय कोषमा व्याज खर्च | १२,३६,०३,२२,३२६/- | ११,४८,३१,०६,१०५/- |
| अन्य कोषहरुमा व्याज खर्च | ३,९४,७१,६३९/- | ३,६२,१०,५९९/- |
| जम्मा | १२,३९,९७,९३,९६५/- | ११,५१,९३,१६,७०४/- |

आर्थिक वर्ष २०७१/७२ मा सञ्चयकर्ता सापटीहरुमा देहायका दरले व्याज आम्दानी गणना गरिएको छ :

| सापटी शीर्षक | व्याज दर (प्रतिशत) | |
|---|---|---|
| | यस वर्ष रू. | गत वर्ष रू. |
| विशेष सापटी | ९.०० | ९.५० |
| घर सापटी | ९.०० | ९.७५ |
| शैक्षिक सापटी | ९.०० | ९.७५ |
| सरल चक्र कर्जा | १०.०० | ११.०० |
| पुरानो घर सापटी | ९.५० | ९.५० |

## ३.४. कर्मचारी दायित्व व्यवस्था

कर्मचारीलाई प्रदान गरिने सञ्चित बिदा वापतको रकम, उपदान, निवृत्तिभरण, औषधि उपचार, जीवन सुरक्षण कोष सुविधा लगायतका अवकाश पछिका सुविधाहरूको लागि दायित्व गणना गरी प्रोद्भावी आधारमा खर्च लेखाङ्कन गर्ने नीति अनुरुप आर्थिक वर्ष २०७१/७२ को नाफा नोक्सान हिसावमा खर्च लेखी देहायको आधारमा देहाय बमोजिम थप दायित्व व्यवस्था गरिएको छ :

### ३.४.१ बीमाङ्कीय मूल्याङ्कन *(Acturial Valuation)* गरिएको कर्मचारी दायित्व व्यवस्था

#### क. निवृत्तिभरण तथा उपदान व्यवस्था

कर्मचारीलाई अवकाश पछि प्रदान गरिने यस निवृत्तिभरण तथा उपदान सुविधाका लागि आर्थिक वर्ष २०६८/६९ मा शुरु गरिएको बीमाङ्कीय मूल्याङ्कन (Acturial Valuation) प्रतिवेदन आर्थिक वर्ष २०७०/७१ मा प्राप्त भएकाले प्रतिवेदनले सुझाव गरेको दायित्व व्यवस्था गर्नुपर्ने कुल रकम रु.७५,५७,७५,९५९/- मध्ये आर्थिक वर्ष २०७०/७१ को को शुरु मौज्दात कट्टी गर्दा नपुग हुन आउने रकमको दुई तिहाई रकम रु.१३,४८,५५,२०४/- आर्थिक वर्ष २०७०/७१ मा लेखाङ्कन गरिएको थियो भने बाँकी एक तिहाई रकम आर्थिक वर्ष २०७१/७२ मा दायित्व व्यवस्थामा लेखाङ्कन गरिएको छ । साथै बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन अनुरुप नपुग हुन आउने रकम रु.१३,७१,९७,४८५/- लेखा परीक्षकको सुझाव अनुसार थप गरी लेखाङ्कन समेत गरिएको छ। सोको विवरण देहाय अनुरुप छ :

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| | निवृत्तिभरण/उपदान व्यवस्था | |
| बीमाङ्कीय मूल्याङ्कन अनुरुप दायित्व व्यवस्था गर्नुपर्ने रकम | ७५५,७७५,९५९/- | ७५५,७७५,९५९/- |
| आर्थिक वर्षको शुरुको मौज्दात | ६०,७३,३७,३२९/- | ५५,३४,९३,१५३/- |
| थप व्यवस्था गर्नुपर्ने कुल रकम | ६,७४,२७,६०२/- | १३,४८,५५,२०४/- |
| यस आर्थिक वर्षको खर्च रकम | ५,६१,८६,४५७/- | ८,१०,११,०२८/- |
| नीति अनुरुप व्यवस्था गरिएको रकम | ६,७४,२७,६०२/- | १३,४८,५५,२०४/- |
| बीमाङ्कीय मूल्याङ्कन अनुरुप नपुग थप गरिएको रकम | १३,७१,९७,४८५/- | - |
| यस आर्थिक वर्षको अन्तिम मौज्दात | ७५,५७,७५,९५९/- | ६०,७३,३७,३२९/- |

#### ख. जीवन सुरक्षण कोष :

कर्मचारीलाई अवकाश पछि प्रदान गरिने यस जीवन सुरक्षण कोषको सुविधाका लागि आर्थिक वर्ष २०६८/६९ मा शुरु गरिएको बीमाङ्कीय मूल्याङ्कन (Acturial Valuation) प्रतिवेदन आर्थिक वर्ष २०७०/७१ मा प्राप्त भएकाले प्रतिवेदनले सुझाव गरेको दायित्व व्यवस्था गर्नुपर्ने कुल रकम रु.४०,०६,६२,३८९/- मध्ये आर्थिक वर्षको शुरु मौज्दात कट्टी गर्दा नपुग हुन आउने रकमको दुई तिहाई रकम रु. १७,४७,७५,५५५/- आर्थिक वर्ष २०७०/७१ मा लेखाङ्कन गरिएको थियो भने बाँकी एक तिहाई रकम आर्थिक वर्ष २०७१/७२ मा दायित्व व्यवस्थामा लेखाङ्कन गरिएको छ । साथै बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन अनुरुप नपुग हुन आउने रकम रु.५,५०,८५,१३२/- लेखा परीक्षकको सुझाव अनुसार थप गरी लेखाङ्कन समेत गरिएको छ। सोको विवरण देहाय अनुरुप छ :

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| बीमाङ्कीय मूल्याङ्कन अनुरुप दायित्व व्यवस्था गर्नुपर्ने रकम | ४००,६६२,३८९ | - |
| आर्थिक वर्षको शुरुको मौज्दात | २९३,३०९,२२६ | १३८,४९९,०५७ |
| थप व्यवस्था गर्नुपर्ने कुल रकम | ८७,३८७,७७७ | १७४,७७५,५५५ |
| यस आर्थिक वर्षको खर्च रकम | ३५,११९,७४६ | १९,९६५,३८६ |
| नीति अनुरुप व्यवस्था गरिएको रकम | ८७,३८७,७७७ | १७४,७७५,५५५ |
| बीमाङ्कीय मूल्याङ्कन अनुरुप नपुग थप गरिएको रकम | ५,५०,८५,१३२ | - |
| यस आर्थिक वर्षको अन्तिम मौज्दात | ४०,०६,६२,३९० | २९३,३०९,२२६ |

### ३.४.२ आर्थिक वर्षको अन्त्यमा अवकाश हुने अनुमानका आधारमा गरिएको कर्मचारी दायित्व व्यवस्था :

#### क. सञ्चित विदाको तलब व्यवस्था :

आर्थिक वर्ष २०७१/७२ को अन्त्यमा कोषमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको सञ्चित घर विदा र विरामी विदाको आधारमा कर्मचारीहरुले खाईपाई आएको तलव भत्ताका दरले वितरण गर्न आवश्यक रकमको व्यवस्था पर्याप्त भएकोले थप व्यवस्था गरिएको छैन ।

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| शुरु मौज्दात | २१,९१,३५,४४५/- | १५,०५,२९,०७५/- |
| खर्च | १३,७१९,११३/- | २,००,२४,०३३/- |
| थप | - | ८,८६,३०,३०३/- |
| अन्तिम मौज्दात | २०५,४१६,३३२/- | २१९,१३५,४४५/- |

#### ख. औषधोपचार व्यवस्था :

आर्थिक वर्ष २०७१/७२ को अन्त्यमा कोषमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई प्रति कर्मचारी रु.१,५०,०००/- का दरले र नियमानुसार प्रत्येक वर्ष वितरण गर्न नपुग हुने रकम रु.१८,१५,२०८/- व्यवस्था गरिएको छ । यस शीर्षकबाट रु.१९,३१,५४७/- खर्च गरी देहाय अनुरुप जम्मा रु.८,४४,२७,४६८/- मौज्दात रहन गएको छ ।

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| शुरु मौज्दात | ८,४५,४३,८०७/- | ७,९६,०२,७४५/- |
| खर्च | १,९३१,५४७/- | २,६४,१०,३८३/- |
| थप | १,८१५,२०८/- | ३,१३,५१,४४५/- |
| अन्तिम मौज्दात | ८,४४,२७,४६८/- | ८,४५,४३,८०७/- |

### ३.५. कर्जा तथा लगानीमा नोक्सानी व्यवस्था

लगानी नीति, २०७१ अनुरुप आर्थिक वर्ष २०७१/७२ मा संस्थागत कर्जा, सहवित्तीयकरण कर्जा र सञ्चयकर्ता कर्जा तर्फको कुल लगानीको आधारमा र अन्य सम्पत्तिको व्यवस्था तर्फ समेत गरी जोखिम व्यवस्थामा रु.३१,३१,९७,६३१/- थप नोक्सानी व्यवस्था गरिएको छ भने विगत वर्षहरुमा शेयर लगानी, मुद्दति निक्षेप लगानी, सहवित्तीयकरण कर्जा र सञ्चयकर्ता कर्जामा गरिएको नोक्सानी व्यवस्थावाट रु. १६,१३,९२,०२४/- फिर्ता गरी खुद रु. १५,१८,०५,६०७/- थप कर्जा नोक्सानी व्यवस्था गरिएको छ ।

कोषले साविकमा शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था गरेको नेपाल विकास वैंकको शेयर लगानी वापतको नोक्सानी व्यवस्था रु. ८० लाख मध्ये रु. २४ लाख प्राप्त बाँकी हिसाव राफसाफ गरिएको छ ।

### ३.५.१. थप नोक्सानी व्यवस्था :

#### क. परियोजना नोक्सानी व्यवस्था :

कोषले आर्थिक वर्ष २०७१/७२ मा परियोजना कर्जा अन्तर्गत कोषको लगानी नीति अनुरुप चिलिमे जलविद्युत परियोजनाद्वारा प्रबर्द्धित आयोजना, नेपाल वायु सेवा निगम, माथिल्लो तामाकोशी समेतमा गरी कुल रु.८ करोड ६३ लाख ४३ हजार थप कर्जा नोक्सानी व्यवस्था गरेको छ । नेपाल सरकारको जमानतमा नेपाल आयल निगम र नेपाल वायु सेवा निगममा प्रदान गरिएको ऋणमा कूल प्रवाह भएको कर्जाको १ प्रतिशत र माथिल्लो तामाकोशी र चिलिमे जलविद्युत परियोजनाद्वारा प्रबर्द्धित आयोजनामा गएको कर्जामा समेत कूल प्रवाह भएको कर्जाको १ प्रतिशत नोक्सानी व्यवस्था गरिएको छ । विगतमा लगानी गरिएको ऋस कन्ट्री होटलको सम्पत्ति सहवित्तीयकरणको निर्णयानुसार लिलाम विक्रीमा गएकाले असुल हुन नसकेको बाँकी रकम रु.८७,४२,३७१/१९ खराव कर्जामा कोषको दाबी शीर्षकमा रकमान्तर गरी ऋण तथा लगानीमा देखाईएको छ ।

#### ख. सञ्चयकर्ता सापटीमा नोक्सानी व्यवस्था :

कोषले आर्थिक वर्ष २०७१/७२ मा कोषको लगानी नीति अनुरुप सञ्चयकर्ता सापटीमा तोकिएको नीति अनुरुप गरिएको थप जोखिम व्यवस्था रु.१३ करोड ६६ लाख र सञ्चयकर्ता अवकास भई एक वर्षभित्र सापटी रकम चुक्ता नगरेका सञ्चयकर्ताहरुको घर सापटी,शैक्षिक सापटी र सरल चक्रकर्जा वापत जोखिम न्यूनिकरण गर्न क्रमश: करीब रु. १२ करोड १५ लाख १६ हजार, १ करोड ७ लाख ४७ हजार र रु. २४ लाख ६७ हजार तथा कोष रकम भन्दा बढी भएको बिशेष सापटीका लागि १९ लाख ८ हजार समेत गरी जम्मा रु.१३ करोड ६६ लाख ३८ हजार तथा थप नोक्सानी व्यवस्था गरिएको छ ।

नोक्सानी व्यवस्था थप भएका शीर्षक निम्न छन् :

| विवरण | थप व्यवस्था (रु.) | कुल व्यवस्था (रु.) | |
|---|---|---|---|
| | यस वर्ष | यस वर्ष | गत वर्ष |
| घर सापटी | १२,१५,१५,६२९ | ६४,००,६८,००० | ५१,८५,५२,३७१ |
| शैक्षिक सापटी | १,०७,४७,४१२ | २,३१,००,९२१ | १,२३,५३,६४१ |
| सरलचक्र कर्जा | २४,६६,५८९ | २,५१,१८,१२३ | २,२६,५१,५३४ |
| विशेष सापटी | १९,०७,९२६ | ६२,११,०३५ | ४३,०३,१०९ |
| जम्मा | १३,६६,३७,५५६ | ६९,४४,९८,०७९ | ५५,७८,६०,६५५ |

### ग. अन्य सम्पत्तिमा नोक्सानी व्यवस्था :

कोषले आर्थिक वर्ष २०७१/७२ मा सुन्धारास्थित कर्मचारी सञ्चय कोष भवन काठमाण्डौ मलको घर बहाल आम्दानीलाई कोषको लेखा नीति अनुरुप प्रोद्‌भावी आधारमा आम्दानी लेखाङ्कन गरीएकोमा सम्झौता भंग भएको र बैंक ग्यारेण्टी दावी गर्दा असुल हुन नसकेको रु.१२,५२,६५,९७८/– मा गत वर्षसम्मको व्यवस्था रु. ३,५०,४८,७५६/– भन्दा वढी हुन गएको भाडा रु. ९,०२,१७,२२२/– लाई शंकास्पद मानी थप नोक्सानी व्यवस्था गरिएको छ ।

## ३.५.२. नोक्सानी व्यवस्थाबाट फिर्ता

### क. लगानी नोक्सानी व्यवस्थाबाट फिर्ता :

कोषले नेपाल विकास बैंकको शेयर तथा निक्षेप लगानीमा विगत वर्षमा गरिएको नोक्सानी व्यवस्था गरिएको सम्पूर्ण रकम यस आर्थिक वर्षमा फिर्ता भएको हुँदा नेपाल विकास बैंकको रु. ८० लाख मध्ये रु. २४ लाख फिर्ता भई बाँकी रकम राफसाफ गरिएको छ । त्यस्तै मुद्दती निक्षेपको रु. ५,७९,११,४६७/– गरी जम्मा रु ६,०३,११,४६७/– फिर्ता भएको छ ।

### ख. परियोजना नोक्सानी व्यवस्थाबाट फिर्ता :

कर्जा नोक्सानी व्यवस्था गरिएका परियोजनाहरुबाट ऋण रकम घट्न गई कुल रु.९,९१,४४,३५३/– नोक्सानी व्यवस्था फिर्ता (Write Back) भएको छ ।

### ग. सञ्चयकर्ता सापटीमा नोक्सानी व्यवस्थाबाट फिर्ता :

सञ्चयकर्ता सापटीबाट विगतमा गरिएको नोक्सानी व्यवस्था मध्ये पूरानो घरसापटीबाट यस वर्ष रु.६,०९,९५०/– फिर्ता भएको छ ।

### घ. अन्य नोक्सानी व्यवस्था व्यवस्थाबाट फिर्ता :

शंकास्पद व्यवस्था गरिएको नेपाल विकास बैंकको चल्ती खाताको मौज्दात रकम रु. १३,२६,२५४/– फिर्ता भएको छ ।

## ३.६. स्थिर सम्पत्ति लगानी

आर्थिक वर्ष २०७१/७२ को अन्त्य सम्ममा स्थिर सम्पत्ति अन्तर्गत "भवन हिसाव" शीर्षकमा लागत मोलमा लेखाङ्कन गरिएको रु.८७,७२,५४,४९७/– मध्ये रु.५,५२,०८,८३५/– लाई स्वप्रयोजनको लागि प्रयोग भएकोले स्थिर सम्पत्ति अन्तर्गत "भवन हिसाव" मा र रु.६१,५७,९९,६८२/– लाई भाडामा लगाईएकोले लगानी अन्तर्गत "स्थिर सम्पत्तिमा लगानी" शीर्षकमा देखाईएको छ । यसैगरी "सञ्चित ह्रासकोष" अन्तर्गतको रकमलाई दामासाहीले विभाजन गरी खुद बाँकी रकम निर्धारण गरिएको छ ।

आर्थिक वर्ष २०७१/७२ को अन्त्य सम्ममा स्थिर सम्पत्ति अन्तर्गत "जग्गा हिसाब" शीर्षकमा लागत मोलमा लेखाङ्कन गरिएको रु.३७,१८,६१,८५६/– मध्ये रु.१९,९३,५७,४६२/– लाई स्थिर सम्पत्ति अन्तर्गत "जग्गा हिसाव" मा र रु.१७,२५,०४,३९४/–लाई लगानी अन्तर्गत "स्थिर सम्पत्ति लगानी" शीर्षकमा देखाईएको छ ।

## ३.७ गैह्र कोष सम्पति

हिमालयन बैंक लिमिटेडको नेतृत्वमा विगतमा एभरेष्ट फ्लोरिकल्चर प्रा.लि. लाई प्रवाह गरिएको सहवित्तीयकरण कर्जाको सकार गरिएको सम्पत्ति मध्ये कोषबाट प्रवाह भएको कर्जाको अंश रु.३९,६६४,७३७ बराबरको गैह्र कोष सम्पतिलाई कर्जा तथा लगानी अन्तर्गत लेखाङ्कन गरिएको छ ।

परिशिष्ठ

### ३.८ परियोजना कर्जाको लागि ऋण सम्झौतामा जनाएको प्रतिबद्धता

निर्माणाधीन माथिल्लो तामाकोशी जलविद्युत परियोजनाका लागि आगामी ५ वर्षभित्र कोषले रु.१० अर्ब लगानी गर्ने प्रतिबद्धता जनाए अनुरुप २०७२ असार मसान्तसम्म पूँजीकृत सहित रु. ८ अर्ब ५१ करोड ७७ लाख ४ हजार र चिलिमे जलविद्युत कम्पनीद्वारा प्रबर्द्धित विभिन्न ४ वटा जलविद्युत आयोजनाहरुमा रु.१६ अर्ब ५० करोडको ऋण सम्झौता भए अनुरुप पूँजीकृत व्याज सहित रु. १ अर्ब ५९ करोड ९४ लाख ९२ हजार कर्जा प्रवाह गरिएको छ। यसरी उपरोक्त परियोजनाहरुमा कोषले गरेको सम्झौता अनुरुप करीब रु.१९ अर्ब ४१ करोड ६२ लाखको कर्जा प्रवाह गर्ने प्रतिबद्धता रहेको छ।

### ३.९ विनाशकारी भुकम्पको असर

२०७२ बैशाख १२,१३ र २९ गते गएको भुकम्प तथा त्यसपछीका पराकम्पनले कोषका भवनहरुमा उल्लेख्य क्षति नभएतापनि केही मर्मत सम्भार गर्नुपर्ने देखिएको छ। कोषका भवनहरुको बीमा गरिएकोले सम्बन्धित बीमा कम्पनिलाई भएको क्षतिबारे जानकारी गराई बीमा दावी समेत गरिएको छ। मर्मत सम्भारको लागि Cost Estimate सम्पन्न गरी केही मर्मत समेत गरिएको छ बाँकी मर्मत सम्भार गरी सोको आधारमा खुद बीमा दावी गरिनेछ।

कोषले लगानी गरेका परियोजनाहरुमा विनाशकारी भुकम्प तथा त्यसपछीका पराकम्पनले भएको क्षतिका कारण कोषले ती परियोजना कर्जालाई पुनसंरचना गर्नुपर्ने अवस्था आउन सक्ने तथा परियोजना सम्पन्न हुन केही ढिला हुन गई कोषको परियोजना कर्जा प्रवाह र असुलीमा असर पर्न गई आगामी वर्षहरुको आम्दानीमा समेत असर पर्न सक्ने देखिन्छ।

### ३.१० विनाशकारी भुकम्पको असरमा कोषले गरेको सहयोग

२०७२ बैशाख १२,१३ र २९ गते गएको विनाशकारी भुकम्प तथा त्यसपछीका पराकम्पनले देशमा भएको जनधनको क्षतिलाई मध्यनजर गर्दै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु.२ करोड जम्मा गरी आपत्कालीन अवस्थामा कोषले आर्थिक सहयोग गरेको छ। त्यसै गरी कोषमा कार्यरत कर्मचारीहरुको तलबबाट कट्टी हुने गरी प्रत्येक कर्मचारीको १५ दिन बराबरको तलब जम्मा रु.५६ लाख ८७ हजार पनि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गराउने निर्णय अनुरुप जम्मा गराएको छ। साथै, नेपाल सरकारको आह्वानमा ललितपुरको खोकनामा भत्केका संरचनाहरुको सरसफाई तथा व्यवस्थापनका लागि कर्मचारीहरुलाई अनिवार्य उपस्थित गराई मानविय श्रम सहयोग समेत गरिएको छ।

**पेनाल व्याज छुट**




कोषले विनाशकारी भुकम्पबाट सञ्चयकर्ताहरुलाई परेको प्रतिकूल असरलाई मध्यनजर गरी समयमै कर्जा नियमित नभएमा लाग्ने पेनाल व्याजलाई छुट दिई ऋणी सञ्चयकर्तालाई केही राहत दिने प्रयास गरिएको छ। यसबाट सञ्चयकर्ताहरुलाई लाग्न गएको रु. ७ करोड ४३ लाख ३२ हजार बराबरको पेनाल रकम छुट गरिएको छ। जसमध्ये घरसापटीमा करीब रु.६ करोड ९५ लाख ११ हजार, शैक्षिक सापटीमा करीब रु. २२ लाख ३२ हजार र सरल चक्र कर्जामा करीब रु.२५ लाख ८९ हजार रहेको छ।

### ३.११ कोषको बैक रिकन्सिलिएशन

कोषले बैक रिकन्सिलिएशन कार्यलाई प्रभावकारी बनाउन गरेको प्रयास स्वरुप गत वर्षको बैक कारोबारमा देखिएको रु.१ अर्ब ७७ करोड पेण्डिङ्ग रहेकोमा उक्त आर्थिक वर्षसम्मको रु.१ अर्ब ५५ करोड यस आर्थिक वर्षमा फछ्र्यौट गरिएको छ। यसरी क्रमश पेण्डिङ्ग फछ्र्यौट हुने भएकोले यसले वित्तिय विवरणमा सारभूत असर नपर्ने देखिन्छ।

### ३.१२ सरकारी ऋणपत्रको प्रिमियम खर्च

कोषले आर्थिक वर्ष २०७१/७२ सम्ममा प्रिमियममा खरिद गरेको सरकारी सुरक्षणपत्रहरुको जम्मा प्रिमियम रु.१८८,५६७,७२३ मध्ये त्यस्तो सुरक्षणपत्रको अवधिको आधारमा समानुपातिक रुपमा हुन आएको रु.८१,३५६,३६५ लाई सरकारी सुरक्षणपत्रहरुको आम्दानीबाट घटाई बाँकी रहेको रु.१०७,२११,३५८ लाई ऋण तथा लगानी अन्तर्गत "सुरक्षणपत्रमा प्रिमियम खर्च" शीर्षकमा देखाईएको छ।

### ३.१३ क्षेत्रगत कोष उपयोग

कोषले यस आर्थिक वर्षसम्मा उपलब्ध स्रोत मध्ये विभिन्न क्षेत्रमा गरेको उपयोग देहाय बमोजिम प्रस्तुत गरिएको छ :

| क्षेत्र | लगानी | परियोजना कर्जा | सञ्चयकर्ता कर्जा | अन्य क्षेत्र |
|---|---|---|---|---|
| उपयोग (रु.लाखमा) | ५५,१०,५२ | २४,८१,९६ | १,०४,११,६० | १०,४०,२४ |




### ३.१४ क. क्षेत्रगत आम्दानी

कोषले यस आर्थिक वर्षमा गरेको आम्दानी मध्ये लगानीबाट रु.३ अर्ब ३१ करोड ३६ लाख , परियोजना कर्जाबाट रु.२ अर्ब ९८ करोड ४० लाख, सञ्चयकर्ता सापटीबाट रु.८ अर्ब ७० करोड २४ लाख तथा अन्य आम्दानीबाट रु.२० करोड ६ लाख रहेको छ।

| क्षेत्र | लगानी | परियोजना कर्जा | सञ्चयकर्ता कर्जा | अन्य क्षेत्र |
|---|---|---|---|---|
| रकम (रु.लाखमा) | ३,३१,३६ | २,९८,४० | ८,७०,२४ | २०,०३ |




परिशिष्ट

### ख. क्षेत्रगत खर्च

कोषले यस आर्थिक वर्षमा गरेको खर्च मध्ये व्याज खर्च वापत रु.१२ अर्ब ३९ करोड ९८ लाख, कर्मचारी खर्च तथा व्यवस्था वापत रु.७८ करोड ६१ लाख, सञ्चालन खर्च वापत रु. १० करोड ३८ लाख तथा अन्य जोखिम व्यवस्था, ह्रास खर्च लगायत अन्य खर्च वापत रु.१८ करोड ३१ लाख रहेको छ।

| क्षेत्र | व्याज खर्च | कर्मचारी खर्च तथा व्यवस्था | सञ्चालन | व्यवस्था तथा अन्य खर्च |
|---|---|---|---|---|
| रकम (रु.लाखमा) | १२,३९,९८ | ७८,६१ | १०,३८ | १८,३१ |

**खर्चको क्षेत्रगत प्रस्तुति**




## ३.१५ बेचालु सञ्चय कोष

सञ्चयकर्ताको कर्मचारी सञ्चय कोषमा सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको शुरु मितिले ६ वर्षसम्म फिर्ता लिन नआएका सञ्चयकर्ताको सञ्चित रकम यस आर्थिक वर्ष देखि छुट्टै व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ।

| शाखा | निजामती | प्रहरी | जंगी | शिक्षा | संस्थान | जम्मा |
|---|---|---|---|---|---|---|
| शुरु मौज्दात रु. | १,०३८,६३८,५७८ | १,०४२,९३८,४५० | ४२७,१७५,५७७ | ३०८,३९४,०८६ | ४३९,२१७,३११ | ३,२५६,३६४,००१ |
| खर्च रु. | (१३,७३४,८१६) | (५,२२९,८८०) | (२,५४४,९७०) | (३,३३९,३३८) | (४,९१४,५२१) | (२९,७६३,५२५) |
| थप रु. | १६८,९६५,७४२ | २४४,६७५,४०९ | १३७,०४०,९६२ | ६६,८३४,९४५ | १२६,९७१,५४३ | ७४४,४८८,६०० |
| अन्तिम मौज्दात रु. | १,१९३,८६९,५०४ | १,२८२,३८३,९७९ | ५६१,६७१,५६९ | ३७१,८८९,६९३ | ५६१,२७४,३३३ | ३,९७१,०८९,०७६ |

**बेचालु रकम**



### ३.१६ विगत वर्षको आम्दानी /खर्च

विगत बर्षहरुसँग सम्बन्धित कारोबारबाट भएको आम्दानी रु.१,२८,४९,०२७/- लाई "विगत वर्षको आम्दानी" शीर्षकमा र खर्च रु ११२,४१,४७२/- लाई "विगत वर्षको खर्च" शीर्षकमा छुट्टा छुट्टै लेखाङ्कन गरी खुद रकम रु.१६,०७,५५५/- लाई यस अर्थिक बर्षको आय विवरणको विगत बर्षको आम्दानी (खर्च) शिर्षकमा प्रस्तुत गरिएको छ । विगत वर्षका केही कारोबारको रकमले वित्तीय विबरणमा सारभूत असर नपर्ने भएकोले Materiality Principle लाई ध्यानमा राखी यो वर्षको कारोबारमा देखाईएको हो ।

### ३.१७ सञ्चयकर्ता कोष/सापटी समायोजन

विगत लामो समयदेखि दाबी वा भुक्तानी हुन नसकेका सञ्चयकर्ताहरुको कोष कट्टी तथा विशेष सापटी खातामा मौज्दात रहेको रु.५००/- भन्दा बढी र रु.२,०००/- सम्मको रकमलाई सप्रमाण माग दाबी गरेका बखत भुक्तानी गर्ने गरी "सञ्चयकर्ता कोष/सापटी समायोजन" खातामा छुट्टै राखी व्यवस्थापन गर्ने नीति लिईएअनुरुप आर्थिक वर्ष २०७१/७२ को अन्त्य सम्ममा यस शीर्षकमा रु १७५,३५७,२७२
मौज्दात रहेको छ ।

### ३.१८ आवास आयोजना अक्षय कोष

कोषले पोखरा आवास आयोजनाको व्यवस्थापन गर्ने उद्देश्यले रु. १०,००,०००/- बराबरको रकमलाई "आवास आयोजना अक्षय कोष" स्वरुप प्रभु बैंक लि., पोखरा शाखामा मुद्दति खाता खोली राखेको छ ।

### ३.१९ कोषबाट शेयर लगानी भएका विभिन्न संस्थामा प्रतिनिधित्व

आर्थिक वर्ष २०७१/७२ सम्ममा कोषको तर्फबाट शेयर लगानी गरिएका बैंक तथा अन्य संस्थाहरुमा कोषको तर्फबाट प्रतिनिधित्व गर्ने कोषका उच्च अधिकृतहरुको संक्षिप्त विवरण देहाय अनुरुप रहेको छ :

| सि.नं. | संस्थाको नाम | प्रतिनिधित्व गर्ने सञ्चालक |
|---|---|---|
| १ | हिमालयन बैंक लि. | श्री कृष्ण प्रसाद आचार्य |
| २ | नेपाल एस.बी.आई.बैंक लि. | श्री हसना शर्मा |
| ३ | प्रभु ईन्स्योरेन्स कम्पनी लि. | श्री दुर्गा प्रसाद सुवेदी |
| ४ | लुम्बिनी बैंक लि. | श्री केदारनाथ गौतम |
| ५ | जलविद्युत लगानी तथा विकास कं. लि. | हाल कोषवाट सञ्चालक नरहेको |
| ६ | एन.डि.ई.पि. डेभलपमेण्ट बैंक लि. β | श्री लक्ष्मी प्रसाद श्रेष्ठ |
| ७ | एनएमवि बैक लि.* | श्री राजेन्द्र काफ्ले |
| ८ | राष्ट्रिय बीमा कं. लि. | श्री जीतेन्द्र धिताल |
| ९ | एन.आई.डि.सि.क्यापिटल मार्केट लि. | श्री हिमालय प्रसाद शिवाकोटी |
| १० | क्लिन ईनर्जि बैंक लि.* | श्री बीरेन्द्र मोहन भट्टराई |

* हाल उक्त संस्थाहरु मर्ज भै एनएमवि बैक लि. को रुपमा कारोबार गरेको छ ।
β उक्त बैंक हाल देव बिकास बैक भै कारोबार गरिरहेको छ ।

परिशिष्ठ

## ३.२० कोषको ऋण लगानी भएका संस्थामा कोषको तर्फबाट प्रतिनिधित्व

आर्थिक वर्ष २०७१/७२ सम्ममा कोषले ऋण लगानी गरिएका विभिन्न संस्थाहरु, आर्थिक वर्ष २०७१/७२ सम्ममा भएको ऋण लगानी र कोषको तर्फबाट प्रतिनिधित्व गर्ने कोषका उच्च अधिकृतहरुको संक्षिप्त विवरण देहाय अनुरुप रहेको छ :

| सि.नं. | संस्थाको नाम | ऋण लगानी रु.(हजारमा) | प्रतिनिधित्व गर्ने संञ्चालक |
|---|---|---|---|
| १ | अपर तामाकोशी हाईड्रोपावर | ५,७८,००,७६/- | श्री कृष्ण प्रसाद आचार्य |
| २ | रसुवागढी हाईड्रोपावर | ६०,३३,३५/- | श्री माधव प्रसाद कोइराला |
| ३ | मध्य भोटेकोशी हाईड्रोपावर | ५३,२५,९८/- | श्री बीरेन्द्र मोहन भट्टराई |
| ४ | स्यान्जेन हाईड्रोपावर | १६,७८,२२/- | श्री शिव कुमार अर्याल |

## ३.२१ सम्बन्धित व्यक्ति/संस्थासंगको कारोबार

### ३.२१.१ कोषको तर्फबाट शेयर लगानी भएका विभिन्न संस्थामा कोषको कारोबार

आर्थिक वर्ष २०७१/७२ सम्ममा कोषको तर्फबाट शेयर लगानी गरिएका बैंक तथा अन्य संस्थाहरु, सो संस्थाहरुमा रहेको कोषको मुद्दति निक्षेपको मौज्दातको विवरण देहाय अनुरुप रहेको छ :

| सि.नं. | संस्थाको नाम | शेयर लगानी रकममा (रु.हजारमा) | शेयर लगानी प्रतिशतमा | मुद्दती निक्षेपमा रहेको मौज्दात (रु.हजारमा) | |
|---|---|---|---|---|---|
| | | | | यस वर्ष | गत वर्ष |
| १ | हिमालयन बैंक लि. | ८४,०० | १४.०० | | ४०,००,०० |
| २ | नेपाल एस.बी.आई.बैंक लि. | १५,९२,१० | १४.०० | ५०,००,०० | १,२५,००,०० |
| ३ | लुम्बिनी बैंक लि. | १८,९२,०५ | १४.५२ | ७०,००,०० | ५७,००,०० |
| ४ | नेपाल बिकास बैंक लि. | हिसाव राफसाफ भएको | | | |
| ५ | एन.आई.डि.सि. क्यापिटल मार्केट लि. | ८,८६,१९ | २४.९९ | | |
| ६ | प्रभू ईन्स्योरेन्स कम्पनि लि. | २,९९,०० | १४.०० | | |
| ७ | एनएमवि बैंक लि.* | १८,८०,२१ | १०.०० | १,१०,००,०० | २५,००,०० |
| ८ | यति बिकास बैंक लि. | २,४०,०० | १५.०० | | |
| ९ | क्लिन ईनर्जि बैंक लि.* | १६,३२,०० | १५.०० | | |
| १० | एन.डि.ई.पि. डेभलपमेण्ट बैंक लि. β | ७,२०,०० | १५.०० | | |
| ११ | राष्ट्रिय वीमा कं.लि. | २९,७९,७५ | ८.०२ | | |
| १२ | जलविद्यूत लगानी तथा विकास कं. लि. | १,००,००,०० | १०.०० | | |

*हाल उक्त संस्थाहरु मर्ज भै एनएमवि बैंक लि. को रुपमा कारोबार गरेको छ।
β उक्त बैंक हाल देव बिकास बैंक भै कारोबार गरिरहेको छ।

परिशिष्ट

### ३.२१.२

कोष सञ्चालक समितिको वैठक भत्ता तथा खर्च र अन्य समिति/उपसमितिहरुको वैठक भत्ता तथा खर्चको विवरण देहाय अनुरुप रहेको छ :

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| सञ्चालक समितिको वैठक भत्ता तथा खर्च | १०,१०,९६०/- | १४,१८७०४/- |
| नियमानुसार गठित अन्य समिति/पदपूर्ति समिति तथा उपसमितिको वैठक भत्ता तथा खर्च | ७२,७०,०२४/- | १२,३६४,४८७/- |

### ३.२१.३

कोषका सञ्चालक, प्रशासक तथा अन्य कर्मचारीले कोषसँग सम्बन्धित कुनैपनि ठेक्का पट्टा लिएको वा ठेक्का पट्टा एवं खरिदमा जानकारी भए अनुसार कुनै किसिमको संलग्नता रहेको छैन। कर्मचारी एवं सञ्चयकर्ताको हैसियतले कानूनले दिएको सुविधा, कर्जा तथा सापटी वाहेक कुनैपनि सुविधा लिएको वा आर्थिक कारोबारमा संलग्नता छैन।

### ३.२१.४

कोष सञ्चालक समितिको मिति २०७१/३/७ को वैठक नं.१४२१ को निर्णय अनुरुप सञ्चालक, कोष व्यवस्थापन र कर्मचारीहरुको आचार संहिता सम्वन्धी संस्थागत सुशासन निर्देशिका,२०७१ लागू गरिएको छ।

### ३.२१.५ कर्मचारी दरवन्दी

आर्थिक वर्ष २०७१/७२ मा स्वीकृत दरबन्दी ५२५ रहेकोमा ५०३ कर्मचारी कोषमा कार्यरत रहेका छन्।

### ३.२१.६ शेयर लगानी :

#### क) शेयर लगानीको लागत मूल्य/बजार मूल्यको अवस्था :

आर्थिक वर्ष २०७१/७२ सम्ममा कोषले संस्थापक शेयर लगानी गरेका बैंक तथा अन्य संस्थाहरुको बजार मूल्य,लागत मूल्य,शेयर लागत तथा लगानी नोक्सानी व्यवस्थाको विवरण देहाय अनुरुप रहेको छ :

| सि. नं. | संस्थाको नाम | लागत मूल्य रू.हजारमा | शेयर संख्या | प्रति शेयर लागत मूल्य | कारोबार मूल्य रू. २०७१/७२ | शेयरको मूल्य बजार मूल्य रू.हजारमा |
|---|---|---|---|---|---|---|
| १ | हिमालयन बैंक लि. | ८,४०० | ४,६६५,७७९ | १.८ | ८१३ | ३,७९३,२७८ |
| २ | नेपाल एस.बी.आई.बैंक लि. | १५९,२१० | ४,५९५,०९३ | ३४.६५ | ८८७ | ४,०७५,८४७ |
| ३ | लुम्बिनी बैंक लि. | १८९,२०५ | २,६६८,५४० | ७०.९ | ३४२ | ९१२,६४० |
| ४ | एन.आई.डि.सि. क्यापिटल मार्केट लि. | ८८,६१७ | ६६९,७१५ | १३२.३२ | २५५ | १७०,७७७ |
| ५ | प्रभु ईन्स्योरेन्स कम्पनि लि. | २९,९०० | ४४०,९८८ | ६७.८ | ३५० | १५४,३४६ |
| ६ | एनएमवि बैंक लि.* | १८८,०२१ | २,६४१,६०० | ७१.१८ | ५०७ | १,३३९,२९१ |
| ७ | यति बिकास बैंक लि. | २४,००० | २४०,००० | १०० | १३३ | ३१,९२० |
| ८ | क्लिन ईनर्जि बैंक लि. * | १६३,२०० | १,८८९,८७४ | ८६.३५ | २७३ | ५१५,९३५ |
| ९ | एन.डि.ई.पि.डेभलपमण्ट बैंक लि.β | ७२,००० | ८७३,६७६ | ८२.४१ | १७६ | १५३,७६७ |
| १० | राष्ट्रिय वीमा क.लि. | २९७,९७५ | २७३,७६७ | १,०८८.४३ | ५१०० | १,३९६,२१२ |
| ११ | जलविद्यूत लगानी तथा विकास कं.लि. | १,०००,००० | १०,०००,००० | १०० | १०० | १००,००० |
| | जम्मा | २,२२०,५३० | | | | १३,५४४,०१५ |

*हाल उक्त संस्थाहरु मर्ज भै एनएमवि बैंक लि. को रुपमा कारोबार गरेको छ।
β उक्त बैंक हाल देव बिकास बैंक भै कारोबार गरिरहेको छ।

आर्थिक वर्ष २०७१/७२ सम्ममा कोषले वैंक तथा अन्य संस्थाहरुमा गरेको संस्थापक शेयर लगानीको बजार मूल्य लागत रु.१३ अर्ब ५४ करोड ४० लाख १५ हजार रहेको छ। जुन लागत मूल्य भन्दा रु.११ अर्ब ३२ करोड ३४ लाख ८७ हजार बढी अर्थात ६०९.९५ प्रतिशत रहेको छ।

### ख) यस वर्षको थप शेयर लगानी तथा वोनश शेयरको अवस्था :

कोषले यस आर्थिक वर्षमा विभिन्न वैंक तथा संस्थाहरुमा गरेको थप शेयर लगानी र प्राप्त भएको वोनस शेयरको विवरण देहाय अनुरुप रहेको छ :

| संस्थाको नाम | हकप्रद शेयर | वोनस शेयर (रू.) | यस वर्षसम्मको जम्मा (रू.) |
|---|---|---|---|
| हिमालयन बैंक लि. | - | ६,०८,५८० | ४६,६५,७७९ |
| नेपाल एस.बी.आई.बैंक लि. | - | ५,९९,३६० | ४५,९५,०९३ |
| लुम्बिनी बैंक लि. | - | १५१,०४९ | २६,६८,५४० |
| प्रभु ईन्स्योरेन्स कम्पनि लि. | | ३२,८९३ | ४,४०,९८८ |
| क्लिन ईनर्जि बैंक लि.* | - | १,७१,८०६ | १८,८९,८७४ |
| एन. एम. वि. बैंक लि.* | | ४,४०,२६६ | २६,४१,६०० |
| जम्मा | | २०,०३,९५४ | १,६९,०१,८७४ |

*हाल उक्त संस्थाहरु मर्ज भै एनएमवि बैक लि. को रुपमा कारोबार गरेको छ।

कोषले यस आर्थिक वर्षमा विभिन्न वैंक तथा संस्थाहरुवाट कुल २० लाख ०३ हजार ९५४ कित्ता वोनस शेयर प्राप्त गरेको छ। सोको अंकित मूल्यमा गणना गर्दा हुन आउने रु. २० करोड ३ लाख ९५ हजार ४ सयलाई कोषको लेखा नीति अनुसार आय विवरणमा समावेश गरिएको छैन। उक्त बोनस शेयरको कारोबार भएको उपलब्ध बजार मूल्य अनुसार करीब रु.१ अर्ब ३५ करोड ९७ लाख बराबर हुन आउँछ।

### ग) कोषको लगानी रहेको वित्तीय सस्थाको मर्जर

कोषको लगानी रहेका एनएमबी बैंक र क्लिन ईनर्जी बैंक मर्ज भई एनएमबी बैंकको रुपमा कारोबार शुरु गरेको छ। क्लिन ईनर्जी बैंकको संस्थापक शेयर संख्या १८,८९,८७४/- रहेकोमा सम्झौतामा तय भएको Swap Ratio १:०.७५ अनुरुप एनएमबी बैंकको १४,१७,४०५ कित्ता शेयर कोषलाई प्राप्त भएको छ। जसबाट एनएमबी बैंकको कुल पूँजी संरचनामा कोषको लगानी अंश ९.७७ प्रतिशत अर्थात जम्मा ४,१५,४५,५९३ शेयर संख्या मध्ये ३३,४२,१२७ संस्थापक शेयर र ७,१६,८७८ कित्ता साधारण शेयर गरी कूल ४०,५९,००५ कित्ता शेयर कोषको स्वामीत्वमा रहेको छ।

त्यसैगरी कोषको लगानी रहेको एनडीईपी बैकमा राईजिङ्ग डेभलोपमेण्ट बैंक मर्ज भई देव बिकास बैकको नामबाट कारोबार शुरु गरेको छ। एनडीईपी बैकको संस्थापक शेयर संख्या ८,७३,६७६ रहेकोमा तय भएको Swap Ratio १:१ अनुरुप देव बिकास बैंकको ८,७३,६७६ कित्ता शेयर कोषलाई प्राप्त भएको छ। जसबाट देब बिकास बैंकको कुल पूजी संरचनामा कोषको लगानी अंश १०.६८ प्रतिशत अर्थात जम्मा ८१,८०,९४८ शेयर सख्या मध्ये ८,७३,६७६ कित्ता संस्थापक शेयर कोषको स्वामित्वमा रहेको छ।

## ३.२२ पूँजीगत खर्चको सम्भावित दायित्व

कोषको लगनखेलस्थित भवनको अन्तिम विल वापतको रु.१,७६,८९,७४४/०१ र परामर्शदातालाई रु.६७,८००/- भुक्तानी गर्न बाकी रहेको छ।

## ३.२३ जोखिम व्यवस्थापन

कोषले देहायका विभिन्न क्षेत्रका कारोवारहरुको जोखिम व्यवस्थापनका लागि सञ्चालक समितिको मिति २०७१/२/१७ को वैठक नं. १४१८ को निर्णयानुसार जोखिम व्यवस्थापन निर्देशिका,२०७१ अनुरुप जोखिम व्यवस्थाका लागि देहायको कार्यहरु गरिएको छ :

### क. तरलता जोखिम *(Liquidity Risk)*

कोषले सञ्चयकर्ताको रकमलाई लगानी नीति,२०७१ अनुरुप विभिन्न क्षेत्रमा परिचालन गर्दै आएको छ । समय अनुसार तरलता व्यवस्थापनका लागि कोषले वाणिज्य बैंकको मुद्दती निक्षेप र सरकारी सुरक्षण पत्रमा समेत लगानी गरेको छ ।

### ख. बजार जोखिम *(Market Risk)*

कोषले निर्दिष्ट गरे अनुरुप सम्पत्ति दायित्व संरचना भित्र रही वजार जोखिमको पहिचान गर्ने, मापन गर्ने र व्यवस्थापन गर्ने परिपाटीको विकास गरिएको छ । बजार जोखिमका तत्वहरु नियमित रुपमा परिवर्तन भईरहने हुँदा जोखिम व्यवस्थापन गर्ने विधि तथा औजारहरु समेत समय समयमा आवश्यकता अनुरुप पुनरावलोकन गर्ने नीति लिईएको छ ।

आर्थिक वर्ष २०७१/७२ मा वित्तीय वजारमा अत्यधिक तरलताको अवस्थावाट व्याजदरमा निरन्तर गिरावट रहेकाले कोषले सञ्चयकर्तालाई प्रदान गर्ने व्याजदरमा समेत प्रभाव परेको छ । यद्यपी, व्यवस्थापनले बजारको अनुगमन साथै प्रभावकारी लगानी व्यवस्थापन मार्फत निक्षेपकर्तालाई वढी भन्दा वढी प्रतिफल प्रदान गर्न प्रयत्नरत रहको छ ।

कोषको वजार जोखिमको पहिचान, मापन, अनुगमन, व्यवस्थापन र विश्लेषण गर्न एक वजार जोखिम व्यवस्थापन निर्देशिका कार्यान्वयन गर्ने नीति लिईएको छ ।

### ग. सञ्चालन जोखिम *(Operational Risk)*

कोषको कार्य प्रक्रियामा रहने कमी कमजोरी, मानविय त्रुटी, आकस्मिक वा प्राकृतिक रुपमा हुने सञ्चालन जोखिमलाई व्यवस्थापन गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समितिको संरचनात्मक व्यवस्थाका अतिरिक्त कोषमा छुट्टै विभागीय संरचना कायम गरी आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत गरिएको छ ।

वित्तीय प्रतिवेदनको अनुपालन र सोमा रहने जोखिमलाई न्यून गर्न कर्मचारी सञ्चय कोष ऐन,२०१९ र ऐन अर्न्तगत वनेका नीति, नियम तथा कार्यविधिहरुमा आवश्यकता अनुरुप समयानुकूल पुनरावलोकन गर्ने गरिएको छ ।

### घ. ऋण लगानी जोखिम *(Credit Risk)*

कोषले परियोजनाहरुको समुचित जोखिम विश्लेषण पश्चात परियोजनामा लगानी गर्ने नीति लिएको छ । नेपाल सरकारको स्वामित्वमा रहेका संस्थामा ऋण प्रवाह गर्दा नेपाल सरकारको जमानत लिई कर्जामा रहने जोखिमलाई समुचित व्यवस्थापन गर्ने गरेको छ । साथै, कोषले मुद्दती निक्षेपमा लगानी गर्दा सम्बन्धित बैंकहरुको त्रैमासिक रुपमा प्रकाशित तथ्याङ्कलाई आधार बनाई जोखिम व्यवस्थापन गर्ने गरेको छ ।

### ङ. सूचना प्रविधि सम्वन्धि जोखिम *(IT Related Risk)*

सूचना प्रविधिमा देखिने जोखिम न्यनीकरण गर्न कोषमा विपत व्यवस्थापन योजना,२०७१ कार्यान्वयनमा ल्याईएको छ । सोवाट सूचना प्रविधिमा देखिने जोखिमको पहिचान, मापन, अनुगमन र आन्तरिक नियन्त्रण गर्ने परिपाटीको विकास भईसकेको छ । यसै सन्र्दभमा कोषले जोखिम न्यूनीकरण गर्न IT System Audit गरेको र सो प्रतिवेदनमा उल्लेखित सुझावहरलाई अल्पकालिन तथा दीर्घकालिन रुपमा वर्गीकरण गरी अल्पकालीन सुझावहरुलाई सम्वोधन गर्दै लगिएको र दीर्घकालीन रुपमा सम्पन्न गर्नु पर्ने कार्यका लागि यही आर्थिक वर्षमा सूचना प्रविधि रणनीति कार्यान्वयनमा ल्याई सूचना प्रविधि जोखिमलाई न्यूनीकरण गर्न कोष अग्रसर रहेको छ ।

### च. सञ्चयकर्ता कर्जा जोखिम *(Contributors Credit Risk)*

कोषले सञ्चयकर्तालाई प्रदान गर्दै आएका विभिन्न कर्जा तथा सापटीहरुको जोखिमलाई न्यूनीकरण गर्न कर्जाको अनुगमन तथा नियन्त्रण प्रणालीको विकास गरिएको छ । कर्जाको वार्षिक रुपमा पुनरावलोकन गर्नुका साथै धितोको नियमित रुपमा स्थलगत निरीक्षण समेत गरी प्रतिवेदन जोखिम व्यवस्थापन समितिमा पेश गर्ने परिपाटीको विकास गरिएको छ ।

## ३.२४ वासलात पछीको घटना

आर्थिक वर्ष समाप्त भएपछि र यो आर्थिक विवरण सञ्चालक समितिवाट अनुमोदन भएको मिति सम्ममा प्रस्तुत आर्थिक विवरणमा थप नोक्सानी व्यवस्था समायोजन गर्नुपर्ने गरी कुनै प्रकारको घटनाहरु भएको छैन ।

## ३.२५ मुद्दा मामिलाको अवस्था

आर्थिक वर्ष २०७१/७२ मा कोष विपक्ष रहेका मुख्य मुख्य मुद्दाहरुको विवरण देहाय बमोजिम रहेका छन् :

| सि.नं. | विषय | मुद्दा | मुद्दा संख्या | अदालत | हालको अवस्था |
|---|---|---|---|---|---|
| १. | कोष कट्टी सम्वन्धी ( शिक्षा ) | उत्प्रेषण, परमादेश | १ | सर्वोच्च अदालत | विचाराधीन |
| २. | कोष कट्टी सम्वन्धी ( प्रहरी ) | उत्प्रेषण | १ | सर्वोच्च अदालत | विचाराधीन |
| ३ | तामाकोशी शेयर सम्वन्धी | उत्प्रेषण (१) उत्प्रेषण (२) | २ | सर्वोच्च अदालत | विचाराधीन |
| ४ | सञ्चयकर्ता कर्जा सम्वन्धी | धिता लिखत वदर | १ | पुनरावेदन अदालत पाटन | विचाराधीन |
| ५ | सञ्चयकर्ता कर्जा सम्वन्धी | ऋण निश्चित गरी दा. खा. नामसारी गरी पाँऊ | १ | भक्तपुर जिल्ला अदालत | विचाराधीन |
| ६ | द फूलवारी होटल सम्वन्धी | उत्प्रेषण (१) | १ | सर्वोच्च अदालत | विचाराधीन |
| ७ | सुन्धारा भवनको घर भाडा सम्वन्धी | करार वमोजिम रकम दिलाई भराई पाँऊ | १ | ललितपुर जिल्ला अदालत | विचाराधीन |

सुन्धारा भवनको करार बमोजिमको भाडा असुल गर्न ललितपुर जिल्ला अदालतमा दायर गरिएको मुद्दामा २०७२/०६/०६ सम्मको प्रबिर शमसेरसंग असुल गर्न बाँकी रहेको घरभाडा तथा जरीवानामा आ.ब. २०७१/७२ मा सबलिजरहरुले प्रबिर शमसेरको तर्फबाट जम्मा गरेको रु.६,१८,६६,६६७/- घटाई जम्मा रु.१२,६२,६५,९७१/- निजबाट भराई पाँऊ भनी सम्मानित अदालतमा कोषको दाबी रहेको छ । उक्त मुद्दा दायर गर्दा कोषले दावी रकमको १ प्रतिशतले हुन आउने रकम रु.१२,६६,४५०/- नियमानुसारको धरौटी समेत राखेको छ ।

## ३.२६ आर्थिक विवरण अनुमोदन

कोषको आर्थिक वर्ष २०७१/७२ को संलग्न वित्तीय विवरणहरु कोष सञ्चलक समितिको मिति २०७२/०९/२९ को वैठकवाट अनुमोदन गरिएको छ ।

परिशिष्ठ

Senior Managers

# बरिष्ठ प्रबन्धकहरु



ओमकृष्ण श्रेष्ठ



राजाराम श्रेष्ठ



श्रीराम शेखर अधिकारी



अर्जुनकुमार गौतम



जीवन कुमार कटवाल



विजयकुमार श्रेष्ठ



ध्रुब भट्टराई



ध्रुबप्रसाद अधिकारी



हेमन्तराज अधिकारी



दुर्गाप्रसाद सापकोटा



राजेन्द्र शाक्य

## Branch Managers

# शाखा कार्यालय प्रमुखहरु



विष्णुप्रसाद पौडेल
शाखा कार्यालय, पोखरा



परमात्मा न्यौपाने
शाखा कार्यालय, बुटवल



दिनेशकुमार के.सी.
शाखा कार्यालय, हेटौडा



महेशप्रसाद खनाल
शाखा कार्यालय, कोहलपुर



दशरथ कुमार लामिछाने
शाखा कार्यालय, धनगढी



शान्ता गौतम
शाखा कार्यालय, विराटनगर



तेजप्रसाद खनाल
शाखा कार्यालय, धनकुटा



कृष्णबहादुर जि.सी.
शाखा कार्यालय, सुर्खेत

# कर्मचारी सञ्चय कोष
## शाखा प्रमुखहरू

| कर्मचारीको नाम | पद | तह | शाखा |
|---|---|---|---|
| श्री सुमना स्थापित | प्रबन्धक | ८ | सामाजिक सुरक्षा शाखा |
| श्री टोपा राम पण्डित | प्रबन्धक | ८ | लेजर व्यवस्थापन तथा खाता एकीकरण शाखा (निजामती) |
| श्री परशु राम कोइराला | प्रबन्धक | ८ | आन्तरिक व्यवस्थापन ,आपूर्ति शाखा |
| श्री हेम राज पाण्डे | प्रबन्धक | ८ | योजना, अनुगमन तथा मूल्याङ्कन शाखा |
| श्री गुण राज श्रेष्ठ | प्रबन्धक | ८ | वैंक रिकन्सिलिएसन शाखा |
| श्री सुवाष खड्का | सिष्टम इन्जिनीयर | ८ | हार्डवेयर तथा नेटवर्क सपोर्ट |
| श्री सागर कुमार सिंह | प्रबन्धक | ८ | भवन निर्माण शाखा |
| श्री राम काजी के.सी. | प्रबन्धक | ८ | लेजर व्यवस्थापन तथा खाता एकीकरण शाखा (प्रहरी/संस्थान) |
| श्री राकेशलाल श्रेष्ठ | प्रबन्धक(सिष्टम) | ८ | सिष्टम अपरेसन सपोर्ट |
| श्री पवन देउजा | प्रबन्धक (सिभिल इन्जिनियर) | ८ | भवन निर्माण तथा आवास व्यवस्थापन विभाग |
| श्री वीरेन्द्र पौडेल | प्रबन्धक | ८ | केन्द्रीय लेखा तथा वजेट शाखा |
| श्री दामोदर प्रसाद सुवेदी | प्रबन्धक | ८ | मानव संशाधन व्यवस्थापन शाखा |
| श्री महेन्द्र राज शाक्य | प्रबन्धक | ८ | लगानी तथा ट्रेजरी व्यवस्थापन शाखा |
| श्री राजेन्द्र भण्डारी | प्रबन्धक | ८ | भवन व्यवस्थापन शाखा |
| श्री लक्ष्मी प्रसाद खरेल | प्रबन्धक | ८ | सञ्चयकर्ता कर्जा असूली शाखा |
| श्री रमेश चन्द्र बेलवासे | प्रबन्धक | ८ | केन्द्रिय काउण्टर |
| श्री मदन सुवेदी | प्रबन्धक(परियोजना विश्लेषण) | ८ | सापटी भुक्तनी शाखा |
| श्री दिलिप राज पौडेल | प्रबन्धक | ८ | मानव संशाधन योजना तथा विकास शाखा |
| श्री नगेन्द्र प्रसाद पौडेल | प्रबन्धक | ८ | परियोजना कर्जा शाखा |
| श्री दर्शन भट्टराई | प्रबन्धक (परियोजना विश्लेषण) | ८ | परियोजना विश्लेषण |
| श्री नबराज पौडेल | प्रबन्धक(कानून) | ८ | कानून शाखा |
| श्री कल्पना मानन्धर | प्रबन्धक | ८ | सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग , लेखा शाखा |
| श्री केशब ब. आचार्य | प्रबन्धक | ८ | आन्तरिक प्रशासन व्यवस्थापन शाखा, ठमेल |
| श्री दीप कुमार विष्ट | प्रबन्धक | ८ | लेजर व्यवस्थापन एकिकरण शाखा (जंगी/शिक्षा) |

| सेवा केन्द्र | | | |
|---|---|---|---|
| श्री श्याम कुमार मल्ल | वरिष्ठ शाखा अधिकृत | ७ | पुल्चोक |
| श्री रामचन्द्र पोखरेल | वरिष्ठ शाखा अधिकृत | ७ | सिंहदरवार |

सञ्चयकर्ताका लागि कोषसँग सम्बन्धित् कुनै सेवा, सूचना तथा जानकारी
प्राप्त गर्न तल उल्लिखित विभाग, शाखा कार्यालय तथा सेवा केन्द्रमा सम्पर्क गर्न सक्नु हुनेछ ।

## सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग

फोन नं: ४२२५३८९, ४२२५३९०, ४२२५३९२, ९३, ९४ , ४२२५३९६, ९७, ९८

## सञ्चयकर्ता कर्जा तथा असूली विभाग

फोन नं ०१-४२१५२१४

## कोषका शाखा कार्यालयहरु :

शाखा कार्यालय, विराटनगर
फोन नं: ९७७-२१-४७२७८४
फयाक्स नं: ९७७-२१-४७२७८५

शाखा कार्यालय, हेटौडा
फोन नं: ९७७-५७-५२४३७७
फयाक्स नं: ९७७-५७-५२४३६४

शाखा कार्यालय, बुटवल
फोन नं: ९७७-७१-५५१५१८/१९/२१
फयाक्स नं ९७७-७१-५५१५२०

शाखा कार्यालय, सुर्खेत
फोन नं: ९७७-८३-५२३०६६
फयाक्स नं ९७७-८३-५२३०२७

शाखा कार्यालय, पोखरा
फोन नं: ९७७-६१-५२६८११
फयाक्स नं: ९७७-६१-५२५००२

शाखा कार्यालय, कोहलपुर
फोन नं: ९७७-८१-५४१२८२
फयाक्स नं: ९७७-८१-५४१२८२

शाखा कार्यालय, धनगढी
फोन नं: ९७७-९१-५२०६९२
फयाक्स नं: ९७७-९१-५२०६९१

शाखा कार्यालय, धनकुटा
फोन नं: ९७७-२६-५२००४९
फयाक्स नं: ९७७-२६-५२००५२

## सेवा केन्द्रहरु

सिंहदरवार
फोन नं: ०१-४२००४६६/४२००४६७

पुल्चोक, ललितपुर
फोन नं: ०१-५०१०१२६

# आर्थिक वर्ष २०७१/७२

## प्रमुख उपलब्धीहरूको संक्षिप्त झलक








### १ सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा

- सञ्चयकर्ता कल्याणकारी कोषमा एकमुष्ट रु. १७.०५८८ करोड जम्मा ।
- सञ्चयकर्ता स्वास्थ्य सुविधा योजना को अध्ययन सम्पन्न ।
- सञ्चयकर्ता सापटी कार्यविधि, २०७० मा परिमार्जन ।
- २५४० सञ्चयकर्ता कोषमा आबद्ध ।
- बेचालु सञ्चय कोष व्यवस्थापन कार्यविधि, २०७१ कार्यान्वयन ।
- बैंकिङ्ग सञ्जालको प्रयोग मार्फत सेवा प्रवाह प्रक्रिया आरम्भ ।
- कोहलपुर र पुल्चोकमा थप सेवा केन्द्र सञ्चालन ।

### २ नीतिगत तथा कानूनी सुधार

- कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा समसामयिक संशोधन मस्यौदा तयार ।
- Standard Operation Procedure (SOP) का आधारमा अनुगमन तथा मूल्याङ्कन प्रारम्भ ।
- संस्थागत सुशासन निर्देशिका २०७१,
- जोखिम व्यवस्थापन निर्देशिका २०७१,
- सूचना प्रविधि नीति–२०७२,
- मानव संसाधन नीति तथा मानव संसाधन विकास योजना–२०७२,
- परियोजना कर्जा असुली बिशेष नीति २०७२,
- Business Continuity Plan / Disaster Recovery Plan कार्यान्वयन ।
- आन्तरिक लेखापरीक्षण निर्देशिका, २०७१ परिमार्जन ।

### ३ स्रोत परिचालन तथा जोखिम व्यवस्थापन

- निर्माणाधीन ५ जलविद्युत आयोजनाहरुका लागि नियमित कर्जा प्रवाह ।
- पर्यटन क्षेत्रको विकासका लागि नेपाल वायु सेवा निगमलाई कर्जा प्रवाह ।
- Any Branch Banking System को माध्यमबाट स्रोत संकलनका लागि राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेड सँग समझदारी सम्झौता सम्पन्न ।
- लगनखेलस्थित कमर्सियल कम्प्लेक्स निर्माण एवं भाडामा लगाउने कार्य सम्पन्न ।









## ४ लेखा तथा लेखापरीक्षण

- आ.व. २०७१/७२ को लेखापरीक्षण समयमै सम्पन्न ।
- सञ्चयकर्तालाई ०.८५ प्रतिशत मुनाफा वितरण ।
- आ.व. २०७०/७१ को वार्षिक प्रतिवेदन नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष प्रस्तुत ।
- ICAN द्वारा सन् २०१४ को National Best Presented Annual report Award (BPA) कोषलाई प्राप्त ।
- IFRS/NFRS कार्यान्वयनका लागि आन्तरिक व्यवस्था मिलाउन CoreTeam गठन ।

## ५ मानव संसाधन तथा आन्तरिक व्यवस्थापन

- मानव संसाधन विकास कोषको स्थापना गर्न सामाजिक सुरक्षा एवं सञ्चय कोषसंग सम्वन्धित विषयमा सोधकार्यका लागि आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७० कार्यान्वयन ।
- कोषका कर्मचारी सन्तति छात्रवृत्ति निर्देशिका, २०७० कार्यान्वयन ।
- स्वदेश तथा विदेशका विषयगत तालिममा कोषका कर्मचारीहरुको सहभागिता ।
- Senior Executive Forum को अन्तक्रिया कार्यक्रम बिभिन्न चरणमा सम्पन्न ।
- Electronic Attendance System कार्यान्वयन ।

## ६ सूचना तथा सञ्चार प्रविधि

- Electronic Grievance Handling System को विकास ।
- Documents Archieving System कार्यान्वयन ।
- सूचना प्रविधि प्रणालीमा निहित जोखिम विश्लेषण तथा सुधारको लागि कोषको वर्तमान कम्प्युटर प्रणालीमा आवश्यक सुधार गर्न कार्य योजना सहित प्रक्रिया प्रारम्भ ।
- वायोमेट्रिक डाटा संकलन कार्य प्रारम्भ ।